karobar
1st National Economic Daily

नेपालमा सर्वाधिक पढिने पहिलो राष्ट्रिय आर्थिक दैनिक

# कारोबार

वर्ष १७, अंक ९१। राष्ट्रिय संस्करण। नेपाल संवत् ११४६। सोमबार, १६ चैत २०८२। MONDAY, 30 MARCH 2026। पृष्ठ ८। मूल्य १० रुपैयाँ karobardaily.com

नयाँ ग्राहक बन्नु परेमा
ठेगाना परिवर्तन भएमा।
अन्य कुनै सुझाव भएमा।
०१-४७९५०००
९८०११६८८६५

शासकीय सुधारसम्बन्धी एक सय कार्यसूची

## ६ महिनामा १३ हजार मेगावाट विद्युतको पीपीए गर्ने घोषणा कति सम्भव ?

**कारोबार संवाददाता**

काठमाडौं- बालेन्द्र शाह नेतृत्वको सरकारले अधिकतम १८० दिन (६ महिना) भित्र १३ हजार मेगावाट क्षमताका विद्युत आयोजनासँग पीपीए गर्ने योजना अघि सारेको छ।

सरकारले सार्वजनिक गरेको शासकीय सुधारसम्बन्धी कार्यसूचीको ७४ औं बुँदामा देशको ऊर्जा क्षेत्रलाई आर्थिक रूपान्तरणको प्रमुख आधारका रूपमा विकास गर्ने उल्लेख छ। विद्युत उत्पादन, प्रसारण, वितरण तथा निर्यात सम्बन्धी अवरोधहरू तत्काल हटाई द्रुत विकास सुनिश्चित गर्ने उद्देश्यले रोकिएर रहेका सबै विद्युत खरिद सम्झौता (पीपीए) तथा अनुमतिपत्र सम्बन्धी निर्णय ६ महिनाभित्र गर्ने भनिएको छ।

घोषणा आकर्षक भन्दै निजी क्षेत्रले स्वागत गरे पनि कार्यान्वयन सहज नभएको विज्ञहरुले बताएका छन् । नेपालमा खपत हुने विद्युतको मागअनुसार पीपीए गर्नु उत्तम हुने पूर्वसचिव मधुप्रसाद भेटुवालले बताए। तर, छुट्टै योजना बनाएर निजी क्षेत्रलाई निर्यात गर्ने अधिकार दिने गरी अघि बढ्दा कार्यान्वयन नै नहुने अवस्था नभएको उनको भनाइ छ । 'सबै सरकारकै थाप्लोमा हाल्ने गरी 'टेक अर पे' मा पीपीए गर्ने अवस्थामा भने भविष्यमा चुनौती आउने सम्भावना देखिन्छ,' उनले भने।

यसबाहेक सरकारले ऊर्जा निर्यात रणनीति एक महिनाभित्र तयार गर्ने र विद्युत् निर्यातलाई उच्च मूल्य प्राप्त हुने बजार (विशेषगरी साँझको पीक समय) मा केन्द्रित गर्ने रणनीति तत्कालै कार्यान्वयनमा लैजाने कार्यसूचीमा उल्लेख छ। नेपाल विद्युत प्राधिकरणको संरचनात्मक सुधार सम्बन्धी रोडम्याप तयार गरी कार्यान्वयन प्रक्रिया तत्काल अघि बढाउने सरकारको तयारी छ। ऊर्जा क्षेत्रको दीर्घकालीन वित्तीय स्रोत व्यवस्थापनका लागि बहुआयामिक वित्तीय संरचना (सरकारी, निजी, विदेशी तथा डायस्पोरा लगानी) विकास गर्ने र सुधार कार्यान्वयनका लागि सम्बन्धित निकायले स्पष्ट समयसीमा तोकी कार्यान्वयनमा लैजाने भनिएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीले चुनावमा १० वर्षमा ३० हजार मेगावाट विद्युत उत्पादन गर्ने लक्ष्य घोषणापत्रमा समेटेको थियो।

### ऊर्जा उत्पादकले गरे स्वागत

सरकारले सार्वजनिक गरेको शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचीमा देशको ऊर्जा क्षेत्रलाई आर्थिक रूपान्तरणको प्रमुख आधारका रूपमा विकास गर्ने घोषणा र समय नै तोकेर कार्यान्वयन गर्ने प्रतिवद्धतालाई ऊर्जा उत्पादकहरुको छाता संगठन इप्पानले स्वागत गरेको छ। विशेषगरी विगत ७ वर्षदेखि नियमित रुपमा हुन नसकी पेन्डिङ रहेका सबै विद्युत खरिद सम्झौता १८० दिनभित्र खोल्ने घोषणाले उत्साह थपिएको इप्पानको भनाइ छ।

इप्पानले उत्पादन, वितरण, प्रसारण र निर्यात सम्बन्धी धेरै अवरोधहरु देखिएकोमा त्यसको समाधानका लागि उत्पादनमा मात्र नभई, प्रसारण, वितरण र निर्यातमा पनि निजी क्षेत्रलाई सहभागी गराउन माग गर्दै आएको छ। अहिले देशको विद्युत उत्पादन क्षमता ४ हजार मेगावाट पुगेको छ। त्यसमा निजी क्षेत्रबाट निर्माण भएका आयोजनाको क्षमता करिब ३ हजार ३५० मेगावाट छ ।

अहिले निजी क्षेत्रबाट करिब ५ हजार ७०० मेगावाट क्षमताका आयोजना निर्माणाधीन छन्। यसबाहेक पीपीएको लागि आवेदन गरेका करिब १३ हजार मेगावाट छन् भने सम्भाव्यता अध्ययनका क्रममा रहेका आयोजनाको क्षमता अर्को १५ हजार मेगावाट बराबर छ। हालसम्म निर्माण सम्पन्न, निर्माणाधीन र निर्माणमा जान लागेका आयोजनाहरुमा निजी क्षेत्रले करिब १३ खर्ब १० अर्ब रुपैयाँभन्दा बढी लगानी गरिसकेको छ। आगामी १० वर्षभित्र अर्को ३० खर्ब रुपैयाँ बराबरको लगानी गर्ने गरी निजी क्षेत्र लागिरहेको छ।

कार्ययोजनामा लगानीकर्ताहरुले प्रकृयागत कार्यान्वयनको नाममा लामो समयदेखि भोगिरहेको समस्या समाधानका लागि एकद्वार प्रणाली लगायतले पनि धेरै सहज बनाएको छ । एकद्वार प्रणालीका कारण जग्गा प्राप्ति, रुख कटान, वातावरण प्रभाव अध्ययनमा वर्षौं लाग्ने अवस्थाको अन्त्य भई ऊर्जामा लगानी गर्ने लगानीकर्ताहरुले ढुक्कका साथ लगानी गर्ने वातावरण बन्ने निजी क्षेत्रले लिएको छ।

### सहिद परिवारलाई रोजगारीका लागि सम्पर्क गर्न आह्वान

जेनजी आन्दोलनमा ज्यान गुमाएका २७ सहिद परिवारका सदस्यलाई रोजगारीका लागि सम्पर्कमा आउन नेपाल विद्युत प्राधिकरणले आह्वान गरेको छ । सहिद परिवारका सदस्यलाई रोजगारीका लागि पेश गरिएको निवेदनका आधारमा प्राधिकरणले इच्छुक २७ जनाको नाम मागेको हो।

प्राधिकरणले सहिद परिवारलाई दिन लागिएको रोजगारीमा अरु कसैको हकदाबी लाग्ने भएमा ३५ दिनभित्र प्राधिकरणमा दाबी पेस गर्न आग्रह गरेको छ। रोजगारीका लागि इच्छुक सहिद परिवारका व्यक्तिले पेस गरेको निवेदन ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले २०८२ मंसिर २० गते प्राधिकरणलाई उपलब्ध गराएको थियो। 'जेनजी प्रदर्शन तथा आन्दोलनमा घाइते भएका व्यक्तिलाई राहत सहायता उपलब्ध गराउनेसम्बन्धी कार्यविधि, २०८२' अनुसार प्राधिकरणमा सहिद परिवारका सदस्यलाई रोजगारी उपलब्ध गराउन लागिएको हो।

## महत्वाकांक्षी प्याकेज, कार्यान्वयन चुनौतीपूर्ण

**दीपेन्द्र थापा**

काठमाडौं- सरकारले शासकीय प्रणालीमा व्यापक सुधार ल्याउने उद्देश्यसहित 'शासकीय सुधारसम्बन्धी १०० कार्यसूची' स्वीकृत गरेसँगै देशको प्रशासनिक, आर्थिक तथा विकास व्यवस्थापन क्षेत्रमा नयाँ बहस सुरु भएको छ।

चैत १३ को मन्त्रिपरिषद् बैठकले पारित गरेको यो योजना सार्वजनिक खरिद, परियोजना व्यवस्थापन, लगानी प्रवर्द्धन, निजी क्षेत्र सुदृढीकरण तथा पर्यटन विकाससम्म फैलिएको छ। सरकारले आमनिर्वाचन २०८२ को जनादेश र जेनजी आन्दोलनको भावना समेट्दै ल्याएको यो कार्यसूचीलाई महत्वाकांक्षी सुधार प्याकेजका रूपमा हेरिएको छ। तर, यसको सफल कार्यान्वयन भने चुनौतीपूर्ण हुने धारणा जानकारहरुको छ।

सरकारले सार्वजनिक खरिद प्रक्रियामा हुने ढिलासुस्ती, लागत वृद्धि, गुणस्तरहीन काम र भ्रष्टाचार नियन्त्रण गर्न ३० दिनभित्र कानुन संशोधन गर्ने लक्ष्य राखेको छ। 'भ्यालु फर मनी', 'लाइफ साइकल कस्टिङ' र 'परफर्मेन्स बेस्ड कन्ट्र्याक्टिङ' जस्ता अवधारणालाई कार्यान्वयनमा ल्याउने योजना छ। यससँगै खरिद प्रक्रियालाई पूर्ण रूपमा डिजिटल, पारदर्शी र ट्र्याकिङ योग्य बनाउने घोषणा गरिएको छ। विज्ञहरूका अनुसार, यदि प्रभावकारी रूपमा लागु गरिएमा यसले भ्रष्टाचार न्यूनीकरण र प्रतिस्पर्धा वृद्धि गर्न सक्छ। तर, प्रविधि, पूर्वाधार, कर्मचारी क्षमता र राजनीतिक इच्छाशक्तिको अभावले कार्यान्वयनमा अवरोध आउन सक्ने चिन्ता पनि व्यक्त गरिएको छ।



> मन्त्रीहरूले प्रशासनिक हस्तक्षेप नगरी काम गर्ने वातावरण मिलाउने हो भने स्रोतसाधनको केही अभावका बाबजुद पनि सरकारको कार्ययोजना सफल हुन सक्ने देखिन्छ।
>
> **अर्जुनजंग थापा**
> पूर्वसचिव

सरकारले राष्ट्रिय स्तरको 'प्रोजेक्ट पाइपलाइन' तयार गरी परियोजनाहरूलाई प्राथमिकताका आधारमा वर्गीकरण गर्ने योजना ल्याएको छ। दुई महिनाभित्र आर्थिक, सामाजिक र वातावरणीय मापदण्डका आधारमा परियोजना छनोट गरिनेछ।

लामो समयदेखि अलपत्र परेका तथा असफल ठेक्का प्रक्रियाका आयोजनाहरूलाई पुनरावलोकन गरी आवश्यक परे प्रत्यक्ष सरकारी कम्पनीमार्फत कार्यान्वयन गर्ने व्यवस्था पनि प्रस्ताव गरिएको छ। विशेषगरी 'फास्ट ट्र्याक मेकानिजम' मार्फत जग्गा अधिग्रहण, मुआब्जा, वातावरणीय स्वीकृति जस्ता प्रक्रियालाई छिटो बनाउने प्रयास सकारात्मक मानिएको छ। तर, अन्तरनिकाय समन्वयको कमजोरी पुरानै समस्या भएकाले यसको प्रभावकारिता व्यवहारमा निर्भर रहने देखिन्छ।

आयोजनाको छनोटदेखि भुक्तानीसम्मको सम्पूर्ण प्रक्रिया ट्र्याक गर्न ९० दिनभित्र 'एन्ड-टु-एन्ड ई-प्रोक्योरमेन्ट प्रणाली' लागु गर्ने लक्ष्य राखिएको छ। यसले भेरिएसन आदेश दुरुपयोग र अनियमितता घटाउने अपेक्षा गरिएको छ। त्यसैगरी, विभिन्न कानुनी र प्रशासनिक अवरोध हटाउन ६० दिनभित्र 'प्रोजेक्ट फ्यासिलिटेसन' सम्बन्धी छाता कानुन ल्याउने तयारी गरिएको छ।

लगानीको वातावरण सुधार गर्न उद्योग दर्ता प्रक्रियालाई सरल बनाउँदै 'स्टार्टअप फास्ट ट्र्याक' प्रणाली लागु गर्ने सरकारको योजना छ, जसले दुई दिनभित्र व्यवसाय दर्ता गर्ने लक्ष्य राखेको छ। 'वन डोर बिजनेस प्लेटफर्म' मार्फत कर दर्ता, बैंक खाता र अनुमति प्रक्रियालाई एकीकृत गर्ने योजना पनि अघि सारिएको छ।

लगानी बोर्ड अन्तर्गत एकद्वार स्वीकृति प्रणाली स्थापना, जोखिम भार घटाउने मौद्रिक नीति र निजी क्षेत्र संरक्षण रणनीति जस्ता कदमहरूले लगानी आकर्षणमा सकारात्मक प्रभाव पार्न सक्ने देखिन्छ। सरकारले निजी क्षेत्रको सुरक्षा, पुनर्स्थापना र प्रवर्द्धनका लागि विशेष रणनीति ल्याउने घोषणा गरेको छ। जेनजी आन्दोलनबाट प्रभावित व्यवसायलाई राहत प्याकेज दिने, कर सहुलियत र ऋण पुनर्संरचना गर्ने योजना समावेश छ। रोजगार सेवा केन्द्रलाई 'सीप तथा उद्यमशीलता केन्द्र' मा रूपान्तरण गर्ने योजना पनि रोजगारी सिर्जनामा महत्वपूर्ण मानिएको छ।

(बाँकी पृष्ठ २ मा)

## को बन्लान् डेपुटी गभर्नर ?

अर्थमन्त्री र गभर्नरले यस विषयमा आइतबार सामान्य रुपमा छलफल गरेका छन्। यो पटक डेपुटी गभर्नर बन्ने दौडमा महिला भने छैनन्।

**परिवर्तन देवकोटा**

काठमाडौं- करिब तीन साता अघिदेखि रिक्त रहेको राष्ट्र बैंकको डेपुटी गभर्नर पदमा नियुक्तिका लागि सामान्य रुपमा छलफल सुरु भएको छ।

नयाँ सरकार बनेसँगै रिक्त पदमा १८ जना कार्यकारी निर्देशकमध्ये दुईलाई नियुक्त गर्न छलफल सुरु भएको हो । अहिले छलफल अनौपचारिक छ । आइतबार अर्थमन्त्री स्वर्णिम वाग्ले र गभर्नर विश्व पौडेलबीच भएको भेटमा डेपुटी गभर्नर नियुक्तिबारे पनि सामान्य छलफल भएको थियो। डेपुटी गभर्नर छिटो नियुक्ति गर्ने विषयमा छलफल भएको राष्ट्र बैंकका एक अधिकारीले कारोबारलाई जानकारी दिए।

डेपुटी गभर्नरद्वय बमबहादुर मिश्र र नीलम ढुंगानाको पाँच वर्षे कार्यकाल गत फागुन २४ मा सकिएको थियो। त्यसपछि नयाँ डेपुटी गभर्नर नियुक्त गर्न तत्कालीन अन्तरिम सरकारले चासो देखाए पनि निर्वाचन सम्पन्न भइसकेकाले रोकिएको थियो।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले एकल बहुमतको सरकार बनाएसँगै अब डेपुटी गभर्नर नियुक्ति प्रक्रिया अगाडि बढ्नेछ। यसका लागि आइतबार अर्थमन्त्री वाग्ले र गभर्नर पौडेलबीच छलफल भएको हो।

सुशासन स्थापनाका निम्ति भनेर रास्वपाले आफ्नो चुनावी बाचापत्रमा योग्य व्यक्तिलाई नियुक्ति दिने उल्लेख गरेको छ । डेपुटी गभर्नरमा हुने नियुक्तिले सरकारले गर्ने आगामी नियुक्तिहरुको पनि संकेत गर्ने जानकारहरू बताउँछन्। यही कारण पनि सरकार अहिले डेपुटी गभर्नर कसलाई बनाउने भन्ने पेचिलो दबाबमा देखिएको छ। गभर्नर पौडेलले केही कार्यकारी निर्देशकको नाम डेपुटी गभर्नरमा सिफारिस गर्नका लागि तयार पारिसकेको स्रोत बताउँछ।

हाल राष्ट्र बैंकका १८ कार्यकारी निर्देशक डेपुटी गभर्नर पदका सम्भावित दाबेदार हुन् । डेपुटी गभर्नरका लागि कार्यकारी निर्देशकहरू नरेश शाक्य, रेवतीप्रसाद नेपाल, रामु पौडेल, विश्रुत थापा, दयाराम शर्मा, गुरुप्रसाद पौडेल, किरण पण्डित, सत्येन्द्र तिमिल्सिना, चेतप्रसाद उप्रेती, रोशनकुमार सिग्देल, रामशरण खरेल, डिल्लीराम पोखरेल, दीर्घबहादुर रावल, निश्चल अधिकारी, अनुज दाहाल, दीपकराज लमिछाने, राजनविक्रम थापा र राजेन्द्र भट्टराई स्वाभाविक दाबेदार हुन्।

अघिल्लो पटक महिला कार्यकारी निर्देशक भएकाले डेपुटी गभर्नरमा एक जना महिला र एक जना पुरुष भएका थिए। यस पटक भने महिला कार्यकारी निर्देशक नभएकाले दुवै पुरुष डेपुटी गभर्नर हुनेछन्।

### यीमध्ये दुई जना बन्ने छन् डेपुटी गभर्नर

- नरेश शाक्य, रेवतीप्रसाद नेपाल
- रामु पौडेल, विश्रुत थापा
- दयाराम शर्मा, गुरुप्रसाद पौडेल
- किरण पण्डित, सत्येन्द्र तिमिल्सिना
- चेतप्रसाद उप्रेती, रोशनकुमार सिग्देल
- रामशरण खरेल, डिल्लीराम पोखरेल
- दीर्घबहादुर रावल, निश्चल अधिकारी
- अनुज दाहाल, दीपकराज लमिछाने
- राजनविक्रम थापा र राजेन्द्र भट्टराई

नेपाल राष्ट्र बैंक ऐन, २०५८ अनुसार राष्ट्र बैंकमा कार्यरत कार्यकारी निर्देशकमध्येबाट दुई जनालाई गभर्नरको सिफारिसमा मन्त्रिपरिषद्ले डेपुटी गभर्नरमा नियुक्त गर्नुपर्छ। त्यसका लागि गभर्नरले सरकारलाई सिफारिस गर्ने व्यवस्था छ। सामान्यतया रिक्त पदको दोब्बर संख्यामा नाम सिफारिस गर्नुपर्ने कानुनी प्रावधान छ। गभर्नरले सिफारिस गरेका नाम अर्थ मन्त्रालयमार्फत मन्त्रिपरिषद्मा पठाइन्छ र मन्त्रिपरिषद्ले सिफारिस सूचीबाट दुई जनालाई डेपुटी गभर्नर नियुक्त गर्नेछ।

### किन महत्वपूर्ण छ डेपुटी गभर्नर पद ?

डेपुटी गभर्नर राष्ट्र बैंकको सञ्चालक समितिका सदस्यसमेत हुने भएकाले उनीहरूको भूमिका निकै महत्वपूर्ण मानिन्छ । उनीहरू मौद्रिक नीति निर्माण, बैंकिङ प्रणालीको नियमन तथा सुपरीवेक्षण, वित्तीय क्षेत्रको स्थायित्व कायम गर्ने काम र समष्टिगत आर्थिक व्यवस्थापनसँग प्रत्यक्ष रूपमा जोडिएका हुन्छन्।

समय-समयमा कामु गभर्नरको जिम्मेवारी डेपुटी गभर्नरले नै सम्हाल्नुपर्छ। राष्ट्र बैंकमा रहेका विभिन्न विभागमध्ये गभर्नरको कार्यालय, वित्तीय जानकारी इकाई, आन्तरिक लेखापरीक्षण विभाग र कानुन महाशाखाबाहेक सबै विभाग डेपुटी गभर्नरले नै हेर्नुपर्छ। यसरी महत्वपूर्ण जिम्मेवारी बोक्ने भएका कारण पनि डेपुटी गभर्नर पद महत्वपूर्ण मानिन्छ।

(बाँकी पृष्ठ २ मा)




## सूर्य नेपालले ल्यायो प्रिमियम ब्राण्डको मह 'मारानी'

हिमाली कृषि-वैभवको उत्कृष्ट नमुनाको रुपमा 'मारानी'लाई विश्व बजारमा स्थापित गर्ने लक्ष्य कम्पनीले लिएको छ।

काठमाडौं (कास)- मुलुकको प्रतिष्ठित कम्पनी सूर्य नेपालले 'हिमालयन ट्रेजर्स' नामक नयाँ पहलको घोषणा गरेको छ । यो पहलको पहिलो उत्पादनका रुपमा 'मारानी' मह बजारमा ल्याइएको छ।

कम्पनीका अनुसार यो उच्च हिमाली क्षेत्रमा पाइने चेस्टनट मह हो, जुन नेपालका स्थानीय एपिस सेराना मौरीमार्फत उत्पादन गरिन्छ । मारानी मह केवल एउटा उत्पादन परिमाणभन्दा गुणस्तरलाई प्राथमिकता दिने सोचको प्रतिनिधित्व भएको कम्पनीले जनाएको छ। यसले नेपालको प्राकृतिक सम्पदालाई उच्च मूल्यमा विश्वसामु प्रस्तुत गर्ने विशेष 'लक्जरी प्रडक्ट' को स्थान लिने विश्वास गरिएको छ।




कम्पनीका अनुसार यसलाई केवल नयाँ निर्यात व्यवसायमात्र मानिएको छैन। बरु विश्वको सबैभन्दा धेरै माग हुने संयुक्त राज्य अमेरिकाको 'वेलनेस' बजारमा नेपाली कृषिको नयाँ सम्भावना स्थापित गर्ने रणनीतिक अभियानको रुपमा हेरिएको छ। संसारकै उत्कृष्ट वनस्पतिका स्रोत हुँदाहुँदै पनि नेपालले विश्व बजारमा आफ्नो 'प्रिमियम पहिचान' स्थापित गर्न सकेको छैन। जसका कारण नेपालका उत्कृष्ट स्रोतहरू प्रायः थोकमा निर्यात भई आफ्नो मौलिकता र मूल्य गुमाउने गरेका छन्। यसो हुनुमा मुख्यतयाः दुई कारण रहेको कम्पनीको भनाइ छ। पहिलो, पश्चिमा बजारमा 'ब्रान्ड नेपाल' निर्माण गर्न आवश्यक रणनीतिक पुँजीको अभाव देखिन्छ। दोस्रो, उत्पादनमा अन्तर्राष्ट्रिय स्तरको स्थायित्व कायम राख्न कठिनाइ भइरहेको छ । यो अवस्थालाई 'मारानी' महले परिवर्तन गर्ने अपेक्षा कम्पनीको छ । यसलाई कम्पनीले स्थानीय स्रोतको वैज्ञानिक प्रमाणीकरण, प्रिमियम ब्रान्डिङ र कडा गुणस्तर नियन्त्रणसँग जोड्नेछ। साथै 'मेड इन नेपाल' ट्यागलाई विश्वका उच्चस्तरीय बजारमा स्थापित गर्ने लक्ष्य राखेको छ।

मारानी ब्राण्डको मह उत्पादनमा कम्पनीले साधारण थोक संकलन मोडेललाई अस्वीकार गर्दै 'हिमालयन ट्रेजर्स' ले स्रोत विकासमा विशेष ध्यान दिएको छ। यसमा सूर्य नेपालको स्रोतसाधन प्रयोग हुनेछ। विशेषज्ञ टोलीहरू नेपालका दुर्गम सूक्ष्म-जलवायु क्षेत्रहरूमा पुग्नेछन् । त्यस्ता वन क्षेत्रहरू पहिचान भइसकेका छन् भने त्यहाँ पाइने फूलहरूको घनत्व र वातावरणीय शुद्धताको सम्मिलनमार्फत् अन्तर्राष्ट्रिय स्तरको उत्पादन तयार हुनेछ।

आफ्नो उत्पादनको विशिष्टता जोगाउन कम्पनीले ब्लकचेनमा आधारित 'सोर्स टु सील' पत्ता लगाउने प्रणाली लागु गरेको छ। यसले उत्पादनको सम्पूर्ण यात्रा डिजिटल रूपमा सुरक्षित राख्नेछ। साथै उपभोक्तालाई प्रत्येक बोतलको स्रोतबारे स्पष्ट जानकारी दिनेछ। 'हामी केवल मह प्याकेजिङ गरिरहेका छैनौं, हामी 'नेपालको उत्कृष्टता' संरक्षण गरिरहेका छौं,' कम्पनीका प्रमुख कार्यकारी गौरव तयालले भने। कम्पनीको प्राथमिकता संकलन नभई निरन्तर विकास भएकोमा जोड दिइएको छ। 'हामी बनावट, स्पष्टता र जैविक गुणस्तरका आधारमा प्रत्येक उत्पादनलाई सयौं मापदण्डमा परीक्षण गर्छौं,' उनले भने। उत्कृष्टमार्फत मात्र 'मारानी' तयार गरिने उनको भनाइ छ।

(बाँकी पृष्ठ २ मा)

# राजस्व र स्रोत परिचालन बढाइने

काठमाडौं (कास)- नयाँ सरकारले राजस्व प्रणालीलाई सुधार गर्ने र स्रोत परिचालन बढाउने गरी विभिन्न कार्यक्रम सार्वजनिक गरेको छ।

शासकीय सुधारसम्बन्धी शनिबार सार्वजनिक एक सय कार्यसूचीमा राजस्व वृद्धि, पारदर्शिता र सार्वजनिक स्रोतको प्रभावकारी उपयोगमा जोड दिइएको छ।

कार्यसूचीअनुसार लामो समयदेखि बैंकमा निष्क्रिय भएको र कसैले हकदावी नगरिएको रकम सरकारको कोषमा ल्याएर प्रयोग गरिने छ । आगामी ९० दिनभित्र १० वर्ष वा सोभन्दा बढी समयदेखि निष्क्रिय रहेका बैंक तथा वित्तीय संस्थाका खाताहरूको विवरण संकलन गरी हकवालाले दाबी नगरेको रकम कानुनी प्रक्रिया पूरा गरेर राज्यकोषमा ल्याउने उल्लेख छ। यस्तो रकम कति छ भन्नेबारेमा केही बताइएको छैन।

अर्कोतिर राजस्व प्रणालीलाई डिजिटल र पारदर्शी बनाउन ठुला व्यवसायहरूका लागि अनिवार्य इबिलिङ् प्रणाली एक महिनाभित्र लागु गरिने कार्यक्रम कार्यसूचीमा राखिएको छ । कर प्रशासनलाई स्वचालित बनाउने, राजस्व चुहावट नियन्त्रण गर्ने र करदातालाई सहज सेवा दिने कार्ययोजना अर्थ मन्त्रालयले ४५ दिनभित्र तयार गरी कार्यान्वयनमा लैजाने भनेको छ।

यस्तै विभिन्न संघ संस्थाहरूमा छरिएर र दोहोरिएर सञ्चालनमा रहेका करिब १३९ भन्दा बढी कोषलाई ६० दिनभित्र एकीकृत गर्ने योजना पनि कार्यसूचीमा समेटिएको छ। त्यसैगरी अड्डा अदालत र सरकारी निकायमा निष्क्रिय रूपमा थन्किएको धरौटी रकमलाई ६० दिनभित्र परिचालन गर्न कानुनी आधार तयार गरिने बताइएको छ । सरकारले संकलन गरेको यस्तो रकम समान प्रकृतिका कोषहरूलाई गाभेर उच्च प्रतिफल दिने परियोजनामा लगानी गर्ने ढाँचा तयार गर्ने बताएको छ। कार्यसूचीमा भन्सार प्रणालीलाई व्यापार सहजीकरणमुखी बनाउने, वाणिज्य र उपभोक्ता संरक्षणसम्बन्धी काम अलग गर्ने र बजारमा अधिकतम खुद्रा मूल्य (एमआरपी) अनिवार्य कार्यान्वयन गरी सघन अनुगमन गर्ने व्यवस्था गरिने पनि कार्यसूचीमा समावेश गरिएको छ।

# वैदेशिक रोजगारीका नाममा हुने ठगीमा शून्य सहनशीलता

काठमाडौं (कास) - सरकारले वैदेशिक रोजगारीका नाममा हुने ठगीलाई शून्य सहनशीलताका आधारमा कारबाही गर्ने जनाएको छ।

लामो समयदेखि वैदेशिक रोजगारीमा जान चाहने नेपाली युवालाई विभिन्न माध्यमबाट भ्रममा पारी ठगी गर्ने कार्य भइरहेको सम्बन्धमा वैदेशिक रोजगार विभागले गम्भीरता पूर्वक अनुसन्धान र कारबाही गर्ने भएको हो। वैदेशिक रोजगार ऐन, को दफा १० मा इजाजत पत्र प्राप्त नगरी कसैले पनि वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न वा कामदार पठाउनेसम्बन्धी कुनै विज्ञापन, अन्तर्वार्ता, रकम संकलन आदि गर्न पाइने छैन भन्ने व्यवस्थामा टेकेर कारबाही गर्ने जनाइएको छ।

विगत लामो समयदेखि दफा १० बाहेकका विभिन्न संस्था वा व्यक्तिले वैदेशिक रोजगारीको प्रलोभन देखाई राहदानी संकलन गर्ने, भिजिट भिसामा विदेश पठाई रोजगारी मिलाइदिने आश्वासन दिने र ठुलो रकम असुल गर्नेलगायतका विषयमा गुनासो आएपछि कारवाई तीव्र बनाइने भएको हो । यस्तो कामकारबाहीमा संलग्न जो कोही व्यक्ति वा संस्थालाई वैदेशिक रोजगार ऐन, २०६४ बमोजिम कारबाही गरिने भएको छ।

यसैगरी वैदेशिक रोजगारीमा जान चाहने सर्वसाधारणलाई समेत यसका नाम हुने ठगीका सम्बन्धमा सचेत हुन अनुरोध गरिएको छ । विभागले आइतबार सूचना जारी गर्दै कुनै पनि इजाजत पत्र नलिएका संस्था (कन्सल्टेन्सी, ट्राभल एजेन्सी लगायत)लाई वैदेशिक रोजगारीको नाममा रकम वा राहदानी नबुझाउनु हुन अनुरोध गरेको छ। वैदेशिक रोजगारीको लागि कागजात र सेवा शुल्क बुझाउँदा सम्बन्धित इजाजत पत्र प्राप्त संस्था (म्यानपावर कम्पनी) ले विभागबाट पूर्व-स्वीकृति लिए/नलिएको रुजु गरेर मात्र कारोबार गर्न अनुरोध गरिएको छ। उक्त संस्थाको इजाजत कायम रहे वा नरहेको, सम्बन्धित इजाजत पत्र प्राप्त संस्थाको सञ्चालक वा कर्मचारीको विषयमा विभागको वेबसाइटमा अनिवार्य रूपमा रुजु गरे पश्चात् मात्र प्रक्रिया अगाडि बढाउनु अनुरोध गरिएको छ।

साथै कोही कसैले वैदेशिक रोजगारसम्बन्धी कानुन विपरीत गतिविधि गरेको थाहा पाएमा वा आफू ठगीमा परेमा स-प्रमाण विभागमा कुनै पनि माध्यमबाट उजुरी दिनसमेत अनुरोध गरिएको छ।

# वीरगन्जबाट ६६ अर्ब ४८ करोडको निर्यात



वीरगन्ज (रासस)- वीरगन्ज नाका हुँदै चालु आर्थिक वर्षको सात महिनामा ६६ अर्ब ४८ करोड रुपैयाँबराबरका सामान निर्यात भएको छ। गत आवको सोही अवधिका तुलनामा चालु आवको सोही अवधिमा भने यो नाकाबाट नौ अर्ब ९४ करोड बढीको निर्यात भएको छ । गत आवको सात महिनामा भने ५६ अर्ब ५४ करोड मूल्य बराबरका वस्तु तथा समान विदेशी मुलुक निर्यात भएको थियो।

वीरगन्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले चालु आवमा यो नाका हुँदै हुने निर्यातमा सुधारोन्मुख रहेको बताए । चालु आवको सात महिनामा ३५ अर्ब ५८ करोड मूल्य पर्ने भटमासको तेल प्रशोधित निर्यात भएको छ।

चार अर्ब ९७ करोड मूल्य पर्ने फलफूलको जस निर्यात भएको छ। चार अर्ब ५८ करोड मूल्य पर्ने सूर्यमुखीको प्रशोधित तेल निर्यात भएको छ। तीन अर्ब ७७ करोड मूल्य पर्ने प्रशोधित पाम तेल निर्यात भएको छ भने दुई अर्ब ३३ करोड रुपैयाँ पर्ने विभिन्न किसिमका कपडा निर्यात भएको छ। एक अर्ब ५८ करोड मूल्य पर्ने सिन्थेटिक थार्न निर्यात भएको छ।

चालु आवको पाँच महिनामा पाँच खर्ब ९५ अर्ब ४६ करोड मूल्यका वस्तु तथा सामान भित्रिएको छ । वीरगन्ज भन्सार कार्यालयका अनुसार गत आवको सात महिनाको तुलनामा चालु आवको सोही अवधिमा ५८ अर्ब ९१ करोड अर्थात् ११ प्रतिशत बढी सामान भित्रिएको छ । गत आवको सात महिनामा भने पाँच अर्ब ३६ करोड ५५ करोड मूल्यपर्ने वस्तु तथा सामान यो नाका हुँदै भित्रिएको थियो।


## कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८२/१२/१६ गतेको कारोबार राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको तपसिलमा उल्लेखित शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ।

**तपसिल**

| क्र.सं. | शाखा कार्यालय : भरतपुर, चितवन | |
|---|---|---|
| | **ऋणीको नाम, ठेगाना** | |
| १. | **नाम : प्रमोद वाग्ले**<br>ना.प्र.नं. ४२३००८/२३३, जि.प्र.का. कास्की, जारी मिति : २०६३/११/११,<br>बाबुको नाम : गंगा प्रसाद वाग्ले, बाजेको नाम : कुल प्रसाद<br>ठेगाना : कास्की जिल्ला, पोखरा वडा नं. ८, हाल : नवलपरासि जिल्ला, गैडाकोट वडा नं. २ | |
| | **जमानतकर्ताको विवरण** | |
| | **१. नाम : गंगा प्रसाद शर्मा**<br>ना.प्र.नं. ११०५०, जि.प्र.का. कास्की<br>जारी मिति : २०४७/०५/३१<br>बाजेको नाम : टिका राम वाग्ले<br>बाबुको नाम : कुल प्रसाद शर्मा<br>ठेगाना : कास्की जिल्ला, पोखरा वडा नं. ८<br>हाल : नवलपरासि जिल्ला, गैडाकोट वडा नं. २ | **२. नाम : जमुना शर्मा**<br>ना.प्र.नं. २०७, जि.प्र.का. कास्की<br>जारी मिति : २०४६/०१/१८<br>पतिको नाम : गंगा प्रसाद शर्मा<br>ससुराको नाम : कुल प्रसाद शर्मा<br>ठेगाना : कास्की जिल्ला, पोखरा वडा नं. ८<br>हाल : नवलपरासि जिल्ला, गैडाकोट वडा नं. २ |
| | **३. नाम : साधना अधिकारी**<br>ना.प्र.नं. ४६-३-००२/१७६९, जि.प्र.का. कास्की, जारी मिति : २०६३/११/१४<br>पतिको नाम : प्रमोद वाग्ले, ससुराको नाम : गंगा प्रसाद शमा<br>ठेगाना : कास्की जिल्ला, पोखरा वडा नं. ८, हाल : नवलपरासि जिल्ला, गैडाकोट वडा नं. २ | |
| | **धितोको विवरण** | |
| | प्रमोद वाग्लेको नाममा मालपोत कार्यालय कावासोति, नवलपरासीमा दर्ता श्रेष्ता कायम रहेको गैडाकोट २/क स्थित कि.नं. ३३५९, ४३०४ र १५४३ को क्षेत्रफल क्रमश: ०-११-२-०, ०-१-१-०, ०-२-०-० (रोपनी) भएको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय: का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : भरतपुर, चितवन, फोन नं. ०५६-५९०७१६
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np


# निजी क्षेत्रलाई संरक्षण गर्ने सरकारको निर्णय स्वागतयोग्य

काठमाडौं (कास)- नेपाल उद्योग वाणिज्य महासंघले निजी क्षेत्र संरक्षण एवम् प्रवर्धनका लागि तयार गरिएका रणनीति तत्कालै कार्यान्वयन गर्ने नवगठित सरकारले निर्णय गरेकामा धन्यवाद दिँदै यसबाट मुलुकका निजी क्षेत्रलाई प्रोत्साहन प्राप्त हुने जनाएको छ।

महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले विज्ञप्ति प्रकाशन गरी मन्त्रिपरिषद्को यही चैत १३ गतेको बैठकले महासंघको मागलाई सम्बोधन गरी निजी क्षेत्र संरक्षण एवम् प्रवर्धन रणनीति (पीएसपीपी) को तत्कालै कार्यान्वयन गर्ने निर्णय गरेकामा सरकारलाई धन्यवाद दिए।

सरकारले शासकीय सुधारसम्बन्धी एक सय कार्यसूची सार्वजनिक गरी चैत १३ गतेको बैठकले पारित गरेको छ। सो कार्यसूचीमा निजी क्षेत्रको संरक्षण र प्रवर्धनसम्बन्धी पीएसपीपी कार्यक्रम पनि समेटिएको छ।

विगतका कतिपय आन्दोलनसहित गत भदौमा भएको जेनजी आन्दोलनका क्रममा निजी क्षेत्र र सार्वजनिक प्रतिष्ठानमाथि बिनाकारण आक्रमण गरी क्षति पुर्‍याउने काम भएकाले निजी क्षेत्र र सार्वजनिक प्रतिष्ठानलाई सार्वजनिक सम्पत्तिका रूपमा संरक्षण र प्रवर्धन गर्न उक्त रणनीति कार्यान्वयन गर्न महासंघले विगतका सरकारसँग माग गरेको थियो।

महासंघले गत कात्तिक २२ गते आर्थिक बहसः २.० कार्यक्रम आयोजना गरी परिवर्तित अवस्थामा उक्त रणनीति आवश्यक भएको भन्दै पहिलोपटक सरकारको ध्यानाकर्षण गराएको थियो। त्यसलगत्तै शान्ति स्थायित्व र समृद्धिका लागि सहकार्य कार्यक्रममा थप छलफल गरी महासङ्घले सरकारलाई पीएसपीपीको अवधारणापत्र पेस गरेको महासंघका अध्यक्ष ढकालले जानकारी दिए।

'यसबाट निजी क्षेत्रका व्यवसायी, व्यक्तिगत तथा लगानीकर्ताको लगानीको सुरक्षा, आवश्यक संरक्षण र प्रवर्धन तथा प्रोत्साहन गर्ने प्रतिबद्धता सरकारबाट आएको छ। योसँगै निजी क्षेत्रको मनोबल बढाइ लगानी प्रवर्धनमा सहयोग पुग्ने अपेक्षा गरेका छौं', महासंघका अध्यक्ष ढकालले भने,'सरकारको शासकीय सुधारसम्बन्धी एक सय बुँदे कार्यक्रमको ६०औं बुँदामा 'पीएसपीपी' का बारेमा उल्लेख छ।'

नीतिगत सुधार गर्न/गराउन महासंघको आग्रहबमोजिम दोस्रो चरणको आर्थिक सुधारका लागि गठित उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले पेस गरेका सुझावलाई पनि सरकारले ग्रहण गरी कार्यान्वयन गर्ने निर्णय गरेको छ । जसअनुरुप १५ वटा कानुन खारेजी प्रक्रियामा लैजाने नवनियुक्त अर्थमन्त्री डा स्वर्णिम वाग्लेले निर्णय गरेका थिए । महासंघको ढोरपाटनमा आयोजित तेस्रो कार्यकारिणी समितिको बैठक तथा आर्थिक बहससम्बन्धी कार्यक्रममा दोस्रो चरणको आर्थिक सुधारसम्बन्धी मार्गचित्र तयार पार्न उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग गठन गर्नुपर्ने माग राख्दै आएको थियो।

'महासंघले राष्टिय आर्थिक रुपान्तरण-२०३० मार्फत यस्ता कानुनको संशोधन, परिमार्जन एवं खारेजीका लागि आग्रह गरेको थियो। आयोगका सुझाव कार्यान्वयनका लागि 'पीएसपीपी'ले संयन्त्रका रूपमा काम गर्नेछ । रणनीति निर्माण र कार्यान्वयनमा हामी सरकारसँग सहकार्य गर्नेछौं', अध्यक्ष ढकालले भने।

यसैगरी महासंघको आग्रहमा विदेशी लगानी सहजीकरणका लागि लगानी बोर्ड, उद्योग विभागलगायत एउटै प्रकारका कार्य गर्ने निकायको एकीकृत संरचना निर्माण गर्ने निर्णयले सेवाग्राहीलाई सहज र सरल सेवा पुर्‍याउन सहयोग पुग्ने महासङ्घद्वारा जारी विज्ञप्तिमा जनाइएको छ।

सर्वसाधारणले लिने अधिकांश सेवा डिजिटल माध्यमबाट दिइने र सुशासन कायम गर्ने सरकारको प्रतिबद्धता छ । सरकारले सबै व्यावसायिक सेवा दिनेगरी 'वन डोर बिजनेस प्लाटफर्म' ४५ दिनभित्र तयार पार्ने उल्लेख गरेको छ । उक्त सेवा नागरिक एपमार्फत दिन सकिने सम्भावना रहेकाले महासङ्घले यसबारे आवश्यक अध्ययन गरी प्रतिवेदन सरकारसमक्ष शीघ्र पेस पनि गर्ने अध्यक्ष ढकालले बताए।

सरकारको ऊर्जा उत्पादन र निर्यातलाई प्रोत्साहन दिने विषय पनि सकारात्मक रहेको महासंघले जनाएको छ । ऊर्जालाई कच्चापदार्थका रूपमा ग्रहण गरी उत्पादनमूलक उद्योगलाई सहुलियत दरमा उपलब्ध गराउन सके यसले दोहोरो फाइदा पुग्ने महासंघको धारणा छ।

**सरकारको कार्ययोजनाले ऊर्जा क्षेत्र उत्साहित**

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इप्पान) नेपालले नयाँ सरकारद्वारा सार्वजनिक गरिएको ऊर्जा क्षेत्रसम्बन्धी कार्ययोजनाको स्वागत गरेको छ । इप्पानले आइतबार प्रेस विज्ञप्ति जारी गर्दै उक्त कार्ययोजना कार्यान्वयन भएसँगै मुलुकको ऊर्जा विकासमा गति लिनुका साथै सकारात्मक नजिता ल्याउनेमा विश्वास व्यक्त गरेको हो।

इप्पानमा हाल मुलुकका ५७० भन्दाबढी निजी ऊर्जा कम्पनी आबद्ध रहेका छन् । इप्पानका अनुसार मुलुकको कुल विद्युत् उत्पादन क्षमता करिब चार हजार मेगावाट नाघिसकेको छ। यसमा निजी क्षेत्रको योगदान तीन हजार ३५० मेगावाटभन्दा बढी रहेको इप्पानका अध्यक्ष गणेश कार्कीले जानकारी दिए।

साथै निजी क्षेत्रबाट करिब पाँच हजार ७०० मेगावाट क्षमताका आयोजना निर्माणाधीन छन् भने १३ हजार मेगावाट क्षमताका आयोजना विद्युत् खरिद सम्झौता (पिपिए) को प्रतीक्षामा रहेका उनले उल्लेख गर्नुभयो । थप १५ हजार मेगावाट क्षमता बराबरका आयोजना सम्भाव्यता अध्यायनको चरणमा रहेका इप्पानले जनाएको छ।

इप्पानका अनुसार हालसम्म निजी क्षेत्रले ऊर्जा क्षेत्रमा करिब १३ खर्ब १० अर्ब लगानी गरिसकेको छ। आगामी १० वर्षभित्र थप ३० खर्ब रुपैयाँबराबरको लगानी गर्ने तयारीमा निजी क्षेत्र रहेका विज्ञप्तिमा जनाइएको छ।

गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनपछि गठन भएको नयाँ सरकारले १० वर्षभित्र ३० हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिएको छ। इप्पानका अध्यक्ष कार्कीले दुई तिहाइ नजिकको बहुमतसहित बनेको सरकारको उक्त लक्ष्यले निजी क्षेत्रका लगानीकर्तामा उत्साह थपिएको बताए । सरकारले सार्वजनिक गरेको १०० बुँदे कार्ययोजनामा ऊर्जा क्षेत्रलाई आर्थिक रूपान्तरणको मुख्य आधार बनाउने घोषणा गरिएको बताउँदै उनले यो स्वागतयोग्य कदम रहेको धारणा राखे।

'विशेषगरी लामो समयदेखि रोकिएका पिपिएहरू अधिकतम १८० दिनभित्र खोल्ने निर्णयलाई इप्पानले सकारात्मक कदमका रूपमा लिएको छ', अध्यक्ष कार्कीले भने,' यसबाट पिपिएका लागि आवेदन दिएका आयोजना यथाशीघ्र अगाडि बढ्ने अपेक्षा गरिएको छ।'

उत्पादनसँगै प्रसारण, वितरण र निर्यात क्षेत्रमा पनि निजी क्षेत्रको सहभागिता विस्तार गर्ने नीति कार्यान्वयन भएमा हाल देखिएका संरचनागत समस्या समाधान हुने उनले विश्वास व्यक्त गरे। ऊर्जा निर्यात रणनीति एक महिनाभित्र तयार गर्ने सरकारी प्रतिबद्धताले ऊर्जा व्यापार विस्तारमा टेवा पुग्ने अपेक्षा गरिएको छ।

इप्पानले नेपाल विद्युत् प्राधिकरणको संरचनात्मक सुधार, औद्योगिक सुरक्षा संयन्त्रको सुदृढीकरण तथा दीर्घकालीन वित्तीय स्रोत व्यवस्थापनका लागि बहुआयामिक लगानी संरचना विकास गर्ने योजनालाई पनि स्वागत गरेको छ।

इप्पानका महासचिव बलराम खतिवडाले एकद्वार प्रणाली लागू गर्ने सरकारको प्रस्तावले जग्गा अधिग्रहण, रुख कटान, वातावरणीय अध्ययनलगायत प्रक्रियागत जटिलता घटाइ लगानीमैत्री वातावरण सिर्जना हुने विश्वास व्याक्त गरे । 'इप्पानले कार्ययोजनाको प्रभावकारी कार्यान्वयनलाई सबैभन्दा महत्वपूर्ण पक्षका रूपमा औंल्याउँदै ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले निजी क्षेत्रसँग सहकार्य र समन्वय गर्दै अघि बढ्नुपर्नेमा जोड दिएको छ। ऊर्जा क्षेत्रको दिगो विकासका लागि सरकारसँग सहकार्य गर्नेछौं', उनले भने।

## सरकारका नीतिगत सुधारप्रति परिसंघ सकारात्मक

काठमाडौं (कास)- नवगठित सरकारले पुराना तथा असान्दर्भिक कानुन खारेज गर्ने प्रक्रिया सुरु गरेको तथा नीतिगत सुधारतर्फ अघि बढेकोप्रति नेपाल उद्योग परिसंघ (सीएनआई) ले सकारात्मक प्रतिक्रिया दिएको छ।

परिसंघले आइतबार प्रेस विज्ञप्तिमार्फत आफ्नो धारणा सार्वजनिक गर्दै सरकारले विगतदेखि निजी क्षेत्रबाट उठाइएका सुझावहरूलाई कार्यान्वयनमा प्राथमिकता दिएको उल्लेख गरेको छ । परिसंघका अनुसार उत्पादन तथा सेवा क्षेत्रमा क्रियाशील उद्योगहरूको प्रतिनिधित्व गर्ने संस्थाले लामो समयदेखि कानुनी तथा संरचनागत सुधारको आवश्यकता औंल्याउँदै आएको थियो । नयाँ सरकारले ती सुझावलाई सम्बोधन गर्ने सङ्केत देखाएको भन्दै परिसंघले सन्तोष व्यक्त गरेको छ।

साथै, सुशासन प्रवर्धन र भ्रष्टाचार नियन्त्रणलाई सरकारको मुख्य 'एजेन्डा' बनाइएकोप्रति पनि सकारात्मक अपेक्षा व्यक्त गरिएको छ । परिसंघले विदेशमा लगानीमा रोक लगाउने ऐन, क्षतिपूर्ति ऐन, कालोबजार तथा सामाजिक अपराधसम्बन्धी केही ऐन, नेपाल एजेन्सी ऐनजस्ता कानुन खारेज गर्ने प्रक्रिया थाल्ने निर्णयलाई स्वागतयोग्य भनेको छ।

यस्तै, राजस्व अनुसन्धान विभाग खारेज गर्ने कदमलाई पनि सुधारमुखी पहलका रूपमा लिएको छ । सरकारले सार्वजनिक सेवा प्रवाहलाई 'डिजिटल', एकद्वार तथा अन्तर आबद्ध प्रणालीमा रूपान्तरण गर्ने, पारदर्शिता र जवाफदेहितामा वृद्धि गर्ने तथा ठूला राष्ट्रिय आयोजना छिटो र गुणस्तरीय रूपमा सम्पन्न गर्न प्रक्रियाहरू 'फास्ट ट्र्याक' मा लैजाने लक्ष्य लिएको छ। यसअन्तर्गत जग्गा अधिग्रहण, मुआब्जा निर्धारण, रूख कटान तथा वातावरणीय प्रभाव मूल्यांकनजस्ता प्रक्रियामा सहजता ल्याउने तयारीलाई परिसंघले सकारात्मक रूपमा लिएको विज्ञप्तिमार्फत जनाएको छ।

त्यसैगरी, सार्वजनिक खरिद प्रणालीलाई पूर्ण डिजिटल र ट्र्याकिङयोग्य बनाउने, प्रतिस्पर्धालाई प्रोत्साहन गर्ने तथा निजी क्षेत्रको सुरक्षामा विशेष ध्यान दिने विषयलाई पनि परिसंघले महत्वपूर्ण भनेको छ। उद्योग, बैंकिङ पूर्वाधार तथा आपूर्ति शृंखलाको सुरक्षाका लागि विशेष सुरक्षा व्यवस्था गर्ने सरकारको योजना पनि स्वागतयोग्य रहेको जनाइएको छ।

परिसंघले प्रधानमन्त्रीको अध्यक्षतामा रहेको उद्योग-वाणिज्य संवाद परिषद्लाई सक्रिय बनाउँदै निजी क्षेत्रसँग निरन्तर संवाद कायम गर्नुपर्नेमा जोड दिएको छ। साथै, कर प्रशासन स्वचालित बनाउने, राजस्व चुहावट नियन्त्रण गर्ने, करदातामैत्री सेवा विस्तार गर्ने, निजी क्षेत्र प्रवर्द्धन रणनीति कार्यान्वयन गर्ने तथा ऊर्जा क्षेत्रमा विद्युत् खरिद सम्झौता अगाडि बढाउने जस्ता योजनालाई पनि महत्वपूर्ण मानिएको छ।

यस्तै, समान प्रकृतिका कोषहरूको एकीकरण गर्दै उच्च प्रतिफलयुक्त परियोजनामा लगानी गर्ने, नेपाललाई आरोग्य पर्यटनको केन्द्रका रूपमा विकास गर्ने तथा प्रमुख खाद्यान्न बालीका लागि न्यूनतम समर्थन मूल्य निर्धारण प्रक्रिया सुरु गर्ने विषयलाई पनि परिसंघले सकारात्मक पहलका रूपमा व्याख्या गरेको छ। परिसंघले सबै राजनीतिक दललाई आर्थिक 'एजेन्डा'मा केन्द्रित हुन आग्रह गर्दै आएको पनि स्मरण गराएको छ । सरकारले विभिन्न दलका घोषणापत्र तथा प्रतिबद्धताहरूलाई समेटेर 'राष्ट्रिय प्रतिबद्धता' तयार गर्ने तयारी गरेको उल्लेख गर्दै त्यसलाई समग्र आर्थिक विकासमुखी बनाउनुपर्ने धारणा राखिएको छ।

पृष्ठ १ बाट जारी

**महत्वाकांक्षी...**

पूर्वसचिव अर्जुनजंग थापाले सरकारले अघि सारेको १०० दिने कार्ययोजना र पछिल्ला गतिविधिहरूलाई मिश्रित तर आशावादी रूपमा लिएका छन्। उनका अनुसार सरकारले अघि सारेका योजनामध्ये करिब ७० प्रतिशत लक्ष्य हासिल गर्न सकिने खालका छन् । विगतका सरकारहरूले पनि यस्तै प्रकृतिका कार्ययोजना ल्याउने गरेको भए पनि वर्तमान सरकारले केही नयाँ र सकारात्मक प्रयास सुरु गरेको उनले बताए। उनले भने, 'विशेषगरी सरकारी सेवाहरूलाई डिजिटाइज गर्ने र सवारी चालक अनुमतिपत्र छिटो वितरण गर्ने जस्ता विषयहरू नयाँ र जनपक्षीय देखिएका छन्।'

सरकारी कामकाजलाई 'पेपरलेस' बनाउने र फाइलहरू इलेक्ट्रोनिक माध्यमबाटै एक तहबाट अर्को तहमा पठाउने प्रणाली पहिले नै उपलब्ध भए पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन सकेको थिएन । 'सफ्टवेयर र सिस्टम पहिले नै छ, खाली प्रयोगमात्र नगरिएको हो,' पूर्वसचिव थापाले भने, 'अहिले यसलाई कडाइका साथ लागु गर्ने तयारी देखिन्छ, जुन सकारात्मक छ।' सरकारले अरूको तुलनामा यस पटक आन्तरिक तयारीमा बढी ध्यान दिएको समेत देखिएको छ। थापाका अनुसार निर्माणका क्षेत्रमा केही गम्भीर चुनौतीहरू छन् । विशेषगरी पुँजी अभाव र भुक्तानी रोकिएका कारण ठेक्का प्रक्रियामा समस्या देखिएको छ। महत्वपूर्ण आयोजनाहरूमा समेत बजेट अभावका कारण काम रोकिने अवस्था आएको र ठेकेदारहरूले आफ्नै खर्चमा काम गरिरहेको अवस्था छ।

विगतमा राजनीतिक स्वार्थका कारण खर्च नहुने ठाउँमा बजेट विनियोजन गर्ने र तयारी नै नभएका नयाँ आयोजनामा पैसा राख्ने प्रवृत्तिका कारण बजेट 'फ्रिज' हुने र काम भइरहेका ठाउँमा पैसा अभाव हुने अवस्था थियो । अहिलेका मन्त्रीहरूमा व्यक्तिगत लोभलालच कम देखिएको र उनीहरू कामप्रति प्रतिबद्ध देखिएको छ । पूर्वसचिव थापाले भने, 'यदि मन्त्रीहरूले प्रशासनिक हस्तक्षेप नगरी काम गर्ने वातावरण मिलाउने हो भने स्रोतसाधनको केही अभावका बाबजुद पनि सरकारको कार्ययोजना सफल हुन सक्ने देखिन्छ।'


## निक्षेप रकम उपर हकदाबी सम्बन्धि ३५ दिने सूचना

यस बैंकका खातावाला काठमाण्डौ महानगरपालिका, नगर कार्यपालीकाको कार्यालय, प्रदेश नं. ३, काठमाण्डौमा प्रमाण पत्र नं. ३६९५ कायम भई मिति २०७१/०९/०८ मा दर्ता भएको का.म.न.पा. वडा नं. १६ स्थित महालक्ष्मी मेटरियलको प्रोप्राइटर, श्री पन्ना लाल अग्रवालको नाति, श्री दामोदर प्रसाद अग्रवालका छोरा, कोशी प्रदेश, मोरङ जिल्ला, बिराटनगर महानगरपालिका वडा नं. ८ बस्ने श्री बिजय कुमार अग्रवालको यही मिति २०८२/०८/२६ गतेको दिन मृत्यु भएकोले निज मृतकल प्रोप्राइटर रहेको उक्त फर्मको यस बैंकमा रहेको खाता बन्द गरी खाता नं. ०३८०१००१००००३२९ मा रहेको निक्षेप रकमको भुक्तानी पाउँ भनि निज मृतकको श्रीमति संतोष देवी अग्रवालले मिति २०८२/१२/०६ मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुत प्रमाण सहित हकदाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। म्याद भित्र प्राप्त नभएको दरखास्त उपर कुनै कारबाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

सानिमा बैंक
www.sanimabank.com
नयाँबजार शाखा, काठमाडौं, फोन : ०१-४९८८३२१/४९६५६०४


**को बन्लान्...**

सबै योग्य कार्यकारी निर्देशकले सो पदमा नियुक्तिका लागि हदैसम्मको मेहनत गर्ने गरेको पाइन्छ । विगतमा राजनीतिक नेतृत्वको पहुँच र निकटताले डेपुटी गभर्नर को बन्ने भन्ने निर्धारण हुने गरेको थियो। तर, यस पटक भने रास्वपाले योग्य कर्मचारीलाई पदमा लैजाने बताउँदै आएको छ। त्यसकारण पनि डेपुटी गभर्नर बन्ने अवसर कसले पाउलान् भन्ने सबैको चासोको विषय बनेको छ।

**डेपुटी गभर्नर बन्ने योग्यता के ?**

डेपुटी गभर्नर बन्नका लागि कानुनले नै योग्यता निर्धारण गरेको छ। नेपाल राष्ट्र बैंक ऐन २०५८ अनुसार डेपुटी गभर्नर बन्न नेपाली नागरिक हुनुपर्ने, उच्च नैतिक चरित्र भएको तथा आर्थिक, मौद्रिक, बैंकिङ, वित्तीय, वाणिज्य व्यवस्थापन, जनप्रशासन, तथ्यांकशास्त्र, गणित वा कानुन विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको हुनुपर्ने प्रावधान छ। साथै आर्थिक वा वित्तीय क्षेत्रसँग सम्बन्धित पर्याप्त अनुभव पनि आवश्यक मानिन्छ।

**सूर्य...**

कम्पनीले संयुक्त राज्य अमेरिकामा प्रारम्भिक रूपमा उत्पादन सार्वजनिक गर्ने निर्णय गरेको छ । यो सोचेर निर्णय गरिएको कम्पनीले जनाएको छ । यसले नेपाली उत्पादनलाई विश्वस्तरीय प्रतिस्पर्धी ब्रान्डहरूसँग उभ्याउने विश्वास छ । उच्च गुणस्तर, स्थायित्व र ब्रान्डिङका माध्यमबाट मारानीले न्यूजिल्याण्डको मनुका जस्ता स्थापित उत्पादनसँग प्रतिस्पर्धा गर्ने लक्ष्य राखेको छ। विश्व बजारमा प्रिमियम मूल्य प्राप्त गर्न, विश्वस्तरको विश्वसनीयता दिनुपर्ने तयालले बताए। 'अमेरिकामा पठाइने प्रत्येक बोतल नेपालकै प्रतिनिधित्व हो। हामी केवल उत्कृष्टतम उत्पादन मात्र पठाउँछौं,' उनले भने।

हिमालयन ट्रेजर्स नेपाली निजी क्षेत्रका लागि मार्गदर्शक बन्ने लक्ष्य राखिएको छ। यसले अमेरिकी एफडिए (फुड एण्ड ड्रग एडमिनिस्ट्रेशन) लगायत अन्तर्राष्ट्रिय बजारका जटिल नियम र प्रक्रिया पार गर्दै 'ब्रान्ड नेपाल' को मूल्य बढाउने काम गर्ने कम्पनीको विश्वास छ। साथै, नेपालका अन्य उच्च मूल्यका प्राकृतिक उत्पादनहरूलाई पनि विश्व बजारमा विस्तार गर्ने योजना राखिएको छ। 'मारानी' अहिले हिमालयन ट्रेजर्स डटकम र अमेजन डटकम जस्ता डिजिटल प्ल्याटफर्ममा प्राप्त गर्न सकिनेछ।

Government of Madhesh Province
Ministry of Physical Infrastructure Development
**Infrastructure Development Directorate**

# Infrastructure Development Office

**Siraha, Nepal**

## Subject: Letter of Intention to Award of the contract

**Date of publication : 30th March-2026**

This is to notify that; it is our intention to award the contract for the Construction of Roads Published at Sourya National Daily Newspaper on dated 25th Jan 2026 (Contract ID 1 to 15) and Construction of Roads Published at Karobar National Daily Newspaper on dated 12th Feb 2026 (Contract ID 16 to 49) for execution of works. Details given in the table below: as corrected and modified in accordance with the Instructions to Bidders is hereby selected as substantially responsive lowest evaluated bid.

| S. N. | Name Of Project | Contract ID: | Bid Price (Including VAT And PS) | Substantially responsive lowest evaluated Bidder |
|---|---|---|---|---|
| 1 | सिरहा धनगढीमाइ न.पा. ११ सोनापुर हईबे देखि श्रमजीबी केयर अस्पताल हुँदै गणेश यादवको घर सम्म P.C.C.सडक ढलान कार्य | IDOSIR-W-NCB-Road-01-082-083 | 3,153,854.50 | Radha Krishna Construction, Dhangadimai-10, Siraha |
| 2 | सिरहा, धनगढीमाई न. पा ११, कदम चौक देखि पूर्व तर्फको सडक स्तरोन्नति | IDOSIR-W-NCB-Road-02-082-083 | 2,461,249.25 | Radha Krishna Construction,Dhangadimai-10, Siraha |
| 3 | सिरहा, धनगढीमाई न. पा ११, सुरेश कार्कीको घर देखि योगी साह घर सम्म RCC ढलान | IDOSIR-W-NCB-Road-03-082-083 | 2,633,692.90 | Anjali Nirman Sewa.,Dhangadhimai Na. Pa-11 Siraha |
| 4 | सिरहा, धनगढीमाई न. पा ११, गणेशमान चौक देखि दक्षिण सोनापुर हुदै मुसहरी सम्मको सडक ढलान | IDOSIR-W-NCB-Road-04-082-083 | 3,028,918.60 | Radha Krishna Construction, Dhangadimai-10, Siraha |
| 5 | सिरहा धनगढीमाइ न.पा. १२ सर्रे खोला बगर देखि कालापानीको प्रतिक्षालय सम्म P.C.C.सडक ढलान | IDOSIR-W-NCB-Road-05-082-083 | 2,731,686.50 | Anjali Nirman Sewa.,Dhangadhimai Na. Pa-11 Siraha |
| 6 | सिरहा, धनगढीमाई न. पा ७, फुलकाहा पासवान टोलमा सडक ढलान | IDOSIR-W-NCB-Road-06-082-083 | 3,224,598.15 | Takumi Construction and Consultancy Pvt. Ltd., Rajgadh-3, Nargho |
| 7 | सिरहा, धनगढीमाई न. पा ६, सिमरा देखि जोगे पोखरी सम्मको सडक स्तरोन्नति | IDOSIR-W-NCB-Road-07-082-083 | 2,829,516.25 | Bridge Builders and suppliers Pvt. Ltd., Kathmandu |
| 8 | सिरहा, धनगढीमाई न. पा ६, साबिक गा. बि. स. भवन देखि सिमरा चौक सम्मको सडक ढलान | IDOSIR-W-NCB-Road-08-082-083 | 3,000,626.50 | Bridge Builders and suppliers Pvt. Ltd., Kathmandu |
| 9 | सिरहा सुखिपुर न.पा. २ किसुन ठाकुरको घर देखि बोरम नदि सम्म R.C.C. ढलान | IDOSIR-W-NCB-Road-09-082-083 | 6,611,788.85 | Prince Nirman Sewa,Dhangadhimai-12,Siraha |
| 10 | सिरहा नरहा गापा ३ चन्द्रअयोध्यापुर सिरहा लिङ्क रोड रामनारायण यादवको घर देखि सोन्फी बाँस हुदै उपकार मिल कामत सम्म सडक र दुवै तर्फ नाला निर्माण | IDOSIR-W-NCB-Road-10-082-083 | 6,758,703.00 | Prince Nirman Sewa,Dhangadhimai-12,Siraha |
| 11 | सिरहा देविपुर देखि विष्णुपुर सिरहा सम्मको सडक डिपिआर समेत | IDOSIR-W-NCB-Road-11-082-083 | 7,105,766.68 | Kalyan Construction Pvt. Ltd.,Babarmahal-11, Kathmandu |
| 12 | कल्याणपुर नगरपालिका वडा नं.१० महेन्द्र घरदेखि ब्रह्मस्थान सम्म तथा सत्य नारायण यादवको घरदेखि बुधन पासमानको घर सम्म सडक ढलान कार्य | IDOSIR-W-NCB-Road-12-082-083 | 3,196,168.48 | Shivam Construction, Bishnupur Ga.Pa, Siraha |
| 13 | कल्याणपुर नगरपालिका वडा नं.१० विभिन्न सडक ढलान कार्य ((मेन रोड देखि शिब मण्डल को घर हुदै पक्षिम तर्फको बाटो ) | IDOSIR-W-NCB-Road-13-082-083 | 3,200,128.00 | Shivam Construction, Bishnupur Ga.Pa, Siraha |
| 14 | कल्याणपुर नगरपालिका वडा नं. ३ मा विभिन्न सडकमा नाला निर्माण तथा सडक ढलान कार्य (वाड कार्यालय देखि पुर्ब मेन रोड सम्म सडक निर्माण) | IDOSIR-W-NCB-Road-14-082-083 | 2,334,055.80 | Jagdamba construction, Janakpurdham-2, Dhanusha |
| 15 | सिरहा कल्याणपुर नपा ५ चिकना सिरहा मोहन मल्लीक घर देखि मुसहरी टोल सम्म सडक निर्माण | IDOSIR-W-NCB-Road-15-082-083 | 2,087,869.00 | Jagdamba construction , Janakpurdham-2, Dhanusha |
| 16 | सिरहा कल्याणपुर नपा ५ चिकना सिरहा मोहन मल्लीक घर देखि मुसहरी टोल सम्म सडक निर्माण | IDOSIR-W-NCB-Road-16-082-083 | 2,146,900.20 | Jay Shree Ram Construction, Janakpur-2, Dhanusha |
| 17 | सिरहा नरहा गापा ५सिरहा लिङ्क रोड देखि दिप घर सम्म आर सि सि ढलान कार्य | IDOSIR-W-NCB-Road-17-082-083 | 3,124,206.69 | Shivam Construction, Bishnupur Ga.Pa, Siraha |
| 18 | सिरहा कल्याणपुर नपा कल्याणपुरको घुर्मी पुल देखि सिरहा सम्मको मेन सडक स्तरोन्नती | IDOSIR-W-NCB-Road-18-082-083 | 4,012,685.33 | Roshan Construction, Siraha Municipality-1, Siraha |
| 19 | सिरहा महेन्द्रराजमार्गको सखुवा थानदेखि नरहा हुँदै बेलहासम्मको सडक डिपिआरसमेत | IDOSIR-W-NCB-Road-19-082-083 | 7,938,760.10 | Anjali Nirman Sewa., Dhangadhimai Na. Pa-11 Siraha |
| 20 | सिरहा भगवानपुर नपा ५ ईनर्वा चौधरी पोखरी नजिकको पूरानो ढलानदेखि दक्षिण सदायटोलसम्म आर. सी. सी. ढलान | IDOSIR-W-NCB-Road-20-082-083 | 2,563,806.21 | Ishika Construction and Engineering Pvt. Ltd., Bhagwanpur-1, Sinuriya |
| 21 | सिरहा भगवानपुर नपा ३ मरिकटोल अरुण यादवको घरनजिकको पोखरीमा रिटेनिङ वाल निर्माण कार्यसिरहा & भगवानपुर नपा ३ आ. वि. मरिकटोलदेखि चान्सी ठाकुरको घरसम्म आर. सी. सी. ढलान | IDOSIR-W-NCB-Road-21-082-083 | 4,883,677.71 | Ishika Construction and Engineering Pvt. Ltd., Bhagwanpur-1, Sinuriya |
| 22 | सिरहा भगवानपुर ३ वडा कार्यालय देखि गंगा यादवको घर सम्म आर सि सि सडक ढलान | IDOSIR-W-NCB-Road-22-082-083 | 2,559,973.96 | SDS Engineering Consultancy and construction Pvt. Ltd., Dhangadhimai Municipality-11, Siraha |
| 23 | सिरहा भगवानपुर नपा १ आ. वि. सिनुरिया देखी दक्षिण दु:खी साहको खेतसम्मको सडक स्तरोन्नती कार्य | IDOSIR-W-NCB-Road-23-082-083 | 2,413,650.51 | Ishika Construction and Engineering Pvt. Ltd., Bhagwanpur-1, Sinuriya |
| 24 | सिरहा भगवानपुर नपा १ सिनुरिया भागवत यादवको घरदेखि रामजानकी मन्सिरसम्मको सडकमा आर. सी. सी. ढलान | IDOSIR-W-NCB-Road-24-082-083 | 2,527,296.35 | Ishika Construction and Engineering Pvt. Ltd., Bhagwanpur-1, Sinuriya |
| 25 | सिरहा भगवानपुर १ प्रेमनन्दनको लेथ देखि काँझीबाबा स्थान सम्म सडक स्तरोन्नती | IDOSIR-W-NCB-Road-25-082-083 | 2,403,373.75 | Ishika Construction and Engineering Pvt. Ltd., Bhagwanpur-1, Sinuriya |
| 26 | सिरहा भगवानपुर नपा १ कल्याणपुर खत्वेटोलमा श्रीलाल मण्डलको घरदेखि दक्षिण प्रविश साहको घरसम्म आर. सी. सी. ढलान | IDOSIR-W-NCB-Road-26-082-083 | 2,634,989.35 | Dharamaraj Builders and suppliers Pvt. Ltd., Madhyapur thimi-03, Bhaktapur |
| 27 | सिरहा गोलबजार नपा ६ श्रमिक स्कुल देखि डोहटीया हुदै मुन्ना टोल सम्म जाने सडक स्तरोन्नति | IDOSIR-W-NCB-Road-27-082-083 | 4,180,837.20 | J. and J. Construction, Sukhipur Municipality-8, Siraha |
| 28 | सिरहा गोलबजार न.पा. १ बैहरीवाण रामटोलमा सडक ढलान | IDOSIR-W-NCB-Road-28-082-083 | 3,227,182.84 | SGS Construction, Dhangadhi-6 |
| 29 | सिरहा गोलबजार नपा ७ साविक वडा नं ४ जिमदार टोल सडक र नाला निर्माण | IDOSIR-W-NCB-Road-29-082-083 | 2,580,595.08 | Chandra surya Construction, Udayapur |
| 30 | सिरहा नरहा गापा ३ डण्डा रामबाबु को घर देखि ठाकुर घर सम्म सडक ढलान | IDOSIR-W-NCB-Road-30-082-083 | 3,786,045.65 | SGS Construction, Dhangadhi-6 |
| 31 | सिरहा नरहा गापा ३ महेन्द्र राजमार्ग देखि दुर्गा मन्दिर हुँदै राधा श्वामी मिल सम्म आरसिसि ढलान | IDOSIR-W-NCB-Road-31-082-083 | 3,353,429.20 | SDS Engineering Consultancy and construction Pvt. Ltd., Dhangadhimai Municipality-11, Siraha |
| 32 | सिरहा सुखिपुर नपा २ नेतिया पासवानको घरदेखि निउ प्रगती इङ्गलिस बोडीङ्ग सम्म पि सि सि ढलान | IDOSIR-W-NCB-Road-32-082-083 | 2,781,292.69 | Aaradhiya Construction, Sukhipur-2, Siraha |
| 33 | सिरहा सुखिपुर न.पा. २ लक्ष्मीनारायण मन्दिर देखि सोहपुर सम्म | IDOSIR-W-NCB-Road-33-082-083 | 2,946,418.12 | Aaradhiya Construction, Sukhipur-2, Siraha |
| 34 | सिरहा ,ना.पा. सुखिपुर-८, मा नथुनी चौधरीको घर देखि वडा कार्यालय जाने वाटोमा सडक स्तरउन्नती कार्य | IDOSIR-W-NCB-Road-34-082-083 | 3,236,830.40 | Bluesphere Construction and suppliers Pvt. Ltd., Main Road Rajbiraj-3, Saptari |
| 35 | सिरहा, गोलबजार न.पा. ९ महरा ३ विकु फर्म सम्म सडक स्तरोन्नति | IDOSIR-W-NCB-Road-35-082-083 | 3,575,350.93 | Devdas Nirman Sewa,Chhinnamasta |
| 36 | सिरहा धनगढीमाइ न.पा. ६ रामउदगार महतोको घर देखि पस्चिम गाछी सम्म R.C.C. ढलान तथा निर्माण | IDOSIR-W-NCB-Road-36-082-083 | 3,423,056.66 | Anjali Nirman Sewa., Dhangadhimai Na. Pa-11, Siraha |
| 37 | सिरहा भगवानपुर १ रामटोल देखि दक्षिण सिनुरीया सम्मको सडक स्तरोनन्ती | IDOSIR-W-NCB-Road-37-082-083 | 2,749,823.00 | Krish and Aarush construction, Bariyarpatti RM -4, Siraha |
| 38 | सिरहा धनगढीमाइ न.पा. १ रामजानकी मन्दिर देखि कमियाडीह हुँदै मेदनिपुर सम्म P.C.C. सडक ढलान | IDOSIR-W-NCB-Road-38-082-083 | 3,071,833.45 | Anjali Nirman Sewa.,Dhangadhimai Na. Pa-11, Siraha |
| 39 | सिरहा विष्णुपुर गा.पा.१ रिझन महतोको घर देखि गोरीपुर बजार सम्म सडक ढलान | IDOSIR-W-NCB-Road-39-082-083 | 2,462,558.92 | Shivam Construction, Bishnupur Ga.Pa, Siraha |
| 40 | सिरहा औरही गा पा ५ सचिन सिंहको घर देखी प्रा वि स्कुल सम्म सडक स्तरउन्नती | IDOSIR-W-NCB-Road-40-082-083 | 2,961,974.60 | Avion Construction, Dhangadhimai Na. Pa-12 |
| 41 | सिरहा न.पा. १६ माडरको मैन देखि RIDP सडकसम्म नाला निर्माण कार्य, सिरहा | IDOSIR-W-NCB-Road-41-082-083 | 2,103,895.79 | SDS Engineering Consultancy and construction Pvt. Ltd., Dhangadhimai Municipality-11, Siraha |
| 42 | दुर्गा मन्दिर देखि क्याम्पस जाने बाटोमा सडक ढलान कार्य, बरियारपट्टी गा.पा. ३ सिरहा | IDOSIR-W-NCB-Road-42-082-083 | 2,302,096.10 | Avion Construction, Dhangadhimai Na. Pa-12 |
| 43 | सिरहा न.पा. १६ माडरको सहायक राजमार्गदेखि RIDP सडकसम्म RCC ढलान कार्य, सिरहा | IDOSIR-W-NCB-Road-43-082-083 | 2,112,387.99 | SDS Engineering Consultancy and construction Pvt. Ltd., Dhangadhimai Municipality-11, Siraha |
| 44 | औरही गा.पा ५ औरही चौक वडा कार्यलय देखी चमटोली सम्म नाला निर्माण तथा स्तरउन्नती | IDOSIR-W-NCB-Road-44-082-083 | 2,596,534.86 | Avion Construction,Dhangadhimai Na. Pa-12 |
| 45 | गोलबजार न.पा. १२ हरिपुर रामजानकी मन्दिर देखी पूर्व हरिपुर मठसम्म R.C.C. ढलान | IDOSIR-W-NCB-Road-45-082-083 | 3,435,896.00 | Jay Shree Ram Construction, Janakpur-2, Dhanusha |
| 46 | सिरहा गोलबजार न.पा. ४ हाई स्कुल देखि पस्चिम बल्कावा जाने बाटोमा नला निर्माण | IDOSIR-W-NCB-Road-46-082-083 | 2,893,836.60 | Aaditiya Nirman Sewa,Aurahi Ga.Pa.-1, |
| 47 | सिरहा गोलबजार न.पा. ८ चोहर्वा बजारमा नाला निर्माण | IDOSIR-W-NCB-Road-47-082-083 | 3,879,078.33 | Chandra Consultancy and Construction Company, Mirchaiya |
| 48 | सिरहा गोलबजार न.पा. ९ डण्डाटोल सडक स्तोरउन्ती | IDOSIR-W-NCB-Road-48-082-083 | 3,558,683.51 | Sharma Nirman Sewa Dhanusha, Ganeshman Charnath Na.Pa.7, Dhanusha |
| 49 | सिरहा अर्नामा वडा नं. ४ लबका टोलदेखि हुलाकी राजमार्गसम्मको सडक डिपिआरसमेत | IDOSIR-W-NCB-Road-49-082-083 | 7,448,750.59 | Kalyan Construction Pvt. Ltd., Babarmahal-11, Kathmandu |

**Senior Divisional Engineer**
**IDO, Siraha**

## सम्पादकीय

# एक सय कार्यसूचीको परीक्षा सुरु

फागुन २१ को आमनिर्वाचनमा करिब दुईतिहाइ सिट जितेर बनेको नयाँ सरकारले एक सय दिनभित्र गर्ने काम सार्वजनिक गरेको छ। गत शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकको निर्णयअनुसार शनिबार सरकारले शासकीय सुधारका लागि एक सय कार्यसूची सार्वजनिक गरेको छ। एक सय कार्यसूचीमा सबै क्षेत्रलाई समेटिएको छ। सरकारले प्रशासनिक खर्च घटाउँदै संघीय मन्त्रालयको संख्या १७ मा सीमित गर्ने निर्णय गरेको छ। यसैगरी सार्वजनिक प्रशासनलाई दलीय प्रभावबाट मुक्त बनाउन निजामती कर्मचारी, शिक्षक तथा प्राध्यापकलाई कुनै पनि राजनीतिक दलसँग प्रत्यक्ष वा अप्रत्यक्ष सम्बन्ध राख्न नपाइने व्यवस्था गरिने कार्यक्रम कार्यसूचीमा छ। कार्यालयहरूमा रहेका दलीय ट्रेड युनियनहरू खारेज गरिनेछ। यस्तै भ्रष्टाचार तथा दण्डहीनता अन्त्य गर्न सरकारले १५ दिनभित्र अधिकारसम्पन्न 'सम्पत्ति छानबिन समिति' गठन गर्ने निर्णय गरेको छ। समितिले २०४८ सालयता सार्वजनिक पदमा रहेका राजनीतिक नेतृत्व तथा उच्चपदस्थ कर्मचारीहरूको सम्पत्ति छानबिन गर्नेछ। यससँगै नेपाल राष्ट्र बैंकले एक सय दिनभित्र बैंक खाता, सेयर लगानी तथा डिजिटल वालेट समेट्ने 'एकीकृत डिजिटल सम्पत्ति लगत' तयार गर्ने योजना अघि सारेको छ।

नागरिकलाई छिटो र झन्झटरहित सेवा दिन 'फेसलेस' र 'टाइम-बाउन्ड' सेवा प्रणाली लागू गर्ने कार्यसूची छ। 'गभर्मेन्ट कुरियर सर्भिस' मार्फत राहदानी, नागरिकता र सवारी चालक अनुमतिपत्रजस्ता कागजात घरमै पुऱ्याउने व्यवस्था गरिनेछ। यसैगरी 'राष्ट्रिय एकीकृत डिजिटल शासन प्लेटफर्म' स्थापना गरी 'एउटा विवरण एकपटक मात्र बुझाउने' प्रणाली लागू गरिनेछ।

स्वास्थ्य क्षेत्रमा विपन्न नागरिकको पहुँच सुनिश्चित गर्न सरकारी तथा निजी अस्पतालहरूले कुल शय्याको १० प्रतिशत निःशुल्क उपलब्ध गराउनुपर्ने नियम कडाइका साथ लागू गर्ने कार्यसूची छ। साथै, सरकारी अस्पतालहरूमा 'सुलभ फार्मेसी' सञ्चालन गरी सस्तोमा औषधि उपलब्ध गराइनेछ। यस्तै शिक्षा क्षेत्रमा राजनीतिक हस्तक्षेप अन्त्य गर्न शिक्षण संस्थाबाट दलीय विद्यार्थी संगठन हटाई 'स्टुडेन्ट काउन्सिल' प्रणाली लागू गर्ने कार्यसूचीमा छ। महिलाको सुरक्षित यात्राका लागि सातै प्रदेशमा 'ब्लू बस' सेवा सञ्चालन गर्ने र एक सय दिनभित्र २५ वटा बस सञ्चालनमा ल्याउने लक्ष्य सरकारको छ। कार्यसूचीमा लगानी प्रवर्द्धनका लागि 'स्टार्टअप फास्टट्र्याक' प्रणाली लागू गर्ने भनिएको छ। यसले उद्योग दर्ता प्रक्रियालाई सहज बनाउने विश्वास छ। किसानलाई राहत दिन प्रमुख बालीहरूको न्यूनतम समर्थन मूल्य ३० दिनभित्र निर्धारण गर्ने र खरिद गरिएको उपजको भुक्तानी २५ दिनभित्र अनिवार्य रूपमा दिने व्यवस्था मिलाउने भनिएको छ। सरकारले यी सबै योजनालाई ' नतिजामा आधारित शासकीय प्रविधि' मार्फत कार्यान्वयन गर्ने भनेको छ। यसको नियमित अनुगमन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट गरिनेछ। नयाँ सरकारले ल्याएका एक सय कार्यसूचीका यी केही उदाहरण मात्र हुन्। एक सय कार्यसूचीमा सबै क्षेत्र समेटिएका छन्।

हुन त यसअघि पनि सरकारमा पुग्नेहरूले यस्तै विभिन्न योजना सार्वजनिक गर्दै आएका थिए। निर्वाचनमा गरेका वाचा र घोषणापत्र कार्यान्वयनमा लैजाने गरी कार्यक्रम पनि ल्याउने गरेका थिए। वार्षिक बजेटमा समेत लोभलाग्दा र जनतामाझ लोकप्रिय बन्ने कार्यक्रमहरू सार्वजनिक गर्ने गरिएको छ। तर, अहिलेसम्म द्रुततर हिसाबले मुलुकको आर्थिक विकास हुन सकेको छैन। सर्वसाधारण नागरिकले सजिलो गरी सार्वजनिक सेवा पाउन सकेका छैनन्। सार्वजनिक सेवा लिन उल्टै अतिरिक्त नजराना चढाउनुपर्ने अवस्था छ। सरकारी निर्माण र खरिदमा कमिसन, भ्रष्टाचार रोकिएको छैन। भ्रष्टाचार र अनियमितता सर्वत्र फैलिएको छ। सत्तासँग पहुँच पुग्ने व्यक्तिहरू र सरकारी सेवामा रहेका अधिकांश कर्मचारी धनी र सम्पन्न बन्दै गएका छन्। सधैँ काम गरी खाने आम नागरिकको जीवनमा सुधार आउन सकेको छैन। गरिबी घट्न सकेको छैन। अहिलेसम्मको यस्तो अवस्थामा सरकारले सार्वजनिक गर्ने कार्यक्रमले मात्र आम जनतामा केही फरक पार्नेछैन। घोषणा गरिएका कार्यक्रमहरू कार्यान्वयनमा लैजान सके मात्र त्यसले सबैको जीवनमा ऊर्जा थप्नेछ। अहिले राष्ट्रिय स्वतन्त्र पार्टीसमक्ष ठूलो अपेक्षा राखेर नागरिकले निर्वाचनमा मत दिएका छन्। कुनै एक दललाई करिब दुईतिहाइ नजिकको मत दिनु सामान्य विषय होइन। यही मतको सहाराबाट सरकारमा पुग्नेहरूले यही असामान्य मतभारको महत्त्व बुझेर आफूले निर्वाचनमा वाचा गरेअनुसारको काम गरे मात्र जनताप्रति उचित सम्मान हुनेछ। पुराना सरकारले जस्तै यसो र उसो गर्नेछौँ भन्ने कार्यक्रम सार्वजनिक गर्ने तर काम नगर्ने प्रवृत्ति नयाँ सरकारले पनि देखाए अपार जनमतको कुनै अर्थ रहनेछैन।

# नेपालको डिजिटल बजार कसले चलाउँछ ?

**शंकरमान सिंह**



डिजिटल मार्केटिङले व्यवसायले उपभोक्तासम्म पुग्ने र संलग्न गराउने तरिकालाई पुनः आकार दिएको छ। टेलिभिजन, प्रिन्ट वा रेडियोजस्ता परम्परागत मिडियामा मात्र भर पर्नुको सट्टा कम्पनीहरूले अब विशिष्ट दर्शकलाई लक्षित गर्न, वास्तविक समयमा अभियान प्रदर्शन मापन गर्न र रणनीतिहरू द्रुत रूपमा समायोजन गर्न अनलाइन प्लेटफर्महरू प्रयोग गर्छन्। डिजिटल च्यानल विकसित हुँदै जाँदा मार्केटिङ रणनीति बढ्दो रूपमा डेटा-सञ्चालित र अनुकूलनीय भएका छन्।

*डिजिटल मार्केटिङ च्यानलहरू १९९० को दशकदेखि विकसित भएका छन्। आज प्रयोगमा रहेका सामान्य च्यानलहरू हुन् :*

वेबसाइट मार्केटिङ : कम्पनीले प्रायः आफ्नो डिजिटल मार्केटिङ गतिविधिको केन्द्रबिन्दुको रूपमा आफ्नै वेबसाइट प्रयोग गर्छन्। सबैभन्दा प्रभावकारी वेबसाइटले ब्रान्ड र यसका उत्पादन र सेवालाई स्पष्ट र यादगार तरिकाले प्रतिनिधित्व गर्छन्। आजको वेबसाइट छिटो लोड हुने, मोबाइलमैत्री र नेभिगेट गर्न सजिलो हुनुपर्छ।

प्रति-क्लिक भुक्तानी विज्ञापन : प्रति-क्लिक भुक्तानी विज्ञापनले मार्केटरहरूलाई सशुल्क विज्ञापनमार्फत समाचार र अन्य वेबसाइट तथा डिजिटल प्लेटफर्ममा दर्शकसम्म पुग्न सक्षम बनाउँछ।

सामग्री मार्केटिङ : सामग्री मार्केटिङको लक्ष्य भनेको सम्भावित ग्राहकलाई उनीहरूको रुचि भएको लिखित, दृश्य वा भिडियो सामग्रीको प्रयोगमार्फत पुग्नु हो। त्यो सामग्री सामान्यतया वेबसाइटमा प्रकाशित हुन्छ र त्यसपछि सामाजिक सञ्जाल, इमेल मार्केटिङ, खोज इन्जिन अप्टिमाइजेसन वा प्रति-क्लिक भुक्तानी अभियानमार्फत प्रचार गरिन्छ।

इमेल मार्केटिङ : इमेल मार्केटिङ अझै पनि सबैभन्दा प्रभावकारी डिजिटल मार्केटिङ च्यानलमध्ये एक हो, यद्यपि धेरै मानिसले यसलाई स्पामसँग जोड्छन् र त्यस्ता सन्देशलाई तदनुसार व्यवहार गर्छन्।

सामाजिक सञ्जाल मार्केटिङ : सामाजिक सञ्जाल मार्केटिङ अभियानको प्राथमिक लक्ष्य ब्रान्ड जागरुकता निर्माण गर्नु र विश्वास स्थापित गर्नु हो।

सम्बद्ध मार्केटिङ : सम्बद्ध मार्केटिङ धेरै आधुनिक डिजिटल च्यानलभन्दा पहिलेको हो, तर अनलाइनमा उल्लेखनीय रूपमा विस्तार भएको छ। सम्बद्ध मार्केटिङमा कम्पनी र व्यक्तिगत 'प्रभावकारी' ले अर्को कम्पनीका उत्पादनको प्रचार गर्छन् र बिक्री गर्दा वा तिनीहरूको सूचीमा नयाँ लिड थप्दा प्रत्येक पटक कमिसन पाउँछन्। अमेजनजस्ता धेरै प्रसिद्ध कम्पनीसँग सम्बद्ध कार्यक्रमहरू छन्, जसले आफ्ना उत्पादन बेच्न मद्दत गर्ने सम्बद्धहरूलाई लाखौं डलर तिर्छन्।

भिडियो मार्केटिङ : धेरै इन्टरनेट प्रयोगकर्ता खरिद निर्णय गर्नुअघि कसरी गर्ने भनेर सिक्न, समीक्षा पढ्न वा आराम गर्न युट्युबजस्ता साइटहरूमा फर्कन्छन्।

टेक्स्ट मेसेजिङ : कम्पनीले उत्पादन र प्रचारका बारेमा समाचार साझा गर्न टेक्स्ट सन्देशहरू एसएमएस प्रयोग गर्छन्। गैर-नाफामुखी संस्था र राजनीतिक उम्मेदवारले पनि आफूलाई प्रचार गर्न र चन्दा माग्न टेक्स्टिङ प्रयोग गर्छन्।

डिजिटल मार्केटिङमा प्रमुख प्रदर्शन सूचक : डिजिटल मार्केटरले परम्परागत मार्केटरहरू जस्तै– प्रमुख प्रदर्शन सूचकहरू प्रयोग गर्छन्। यसले तिनीहरूलाई आफ्नो मार्केटिङ पहलको दीर्घकालीन कार्यसम्पादन मापन गर्न र आफ्ना प्रतिस्पर्धीको प्रयाससँग तुलना गर्छ।

डिजिटल मार्केटिङ चुनौती : डिजिटल संसारले मार्केटरका लागि विशेष चुनौती खडा गर्छ। उदाहरणका लागि, डिजिटल च्यानलहरू द्रुत रूपमा फैलिन्छन्। मार्केटरले तिनीहरूलाई निरन्तर रूपमा प्रयोग गर्नुपर्छ र प्रभावकारी रूपमा कसरी प्रयोग गर्ने भनेर पत्ता लगाउनुपर्छ।

सर्च इन्जिन अप्टिमाइजेसनले कम्पनीहरूले आफ्नो वेबसाइटमा ट्राफिक बढाउन र खोज परिणाममा यसको स्थान बढाउन प्रयोग गर्ने विभिन्न प्रविधिको वर्णन गर्छ। खोज परिणाम पृष्ठमा साइट जति माथि देखा पर्छ, उपभोक्ताले यसलाई हेर्ने र सम्भावित रूपमा यसलाई भ्रमण गर्न क्लिक गर्ने सम्भावना त्यति नै बढी हुन्छ।

डिजिटल मार्केटरहरू सामान्यतया बलियो सञ्चार सीप, सामाजिक सञ्जाल र अनलाइन विज्ञापन प्लेटफर्महरूसँग परिचित र कार्यसम्पादन डेटा विश्लेषण गर्ने क्षमतामा भर पर्छन्। त्यसैले डिजिटल मार्केटिङ भनेको सय बढी अनलाइन मिडियामध्ये एक प्रयोग गरेर लोभ्याइएका हजारौँ मानिस, उत्पादन र सेवाहरूको संयोजन हो।

प्रविधिले कम बिचौलियाहरूको वाचा गऱ्यो तर बजार, शक्ति र नागरिकको जीवनलाई आकार दिने नयाँ सिर्जना गऱ्यो, जसले सार्वभौमिकताको प्रश्न उठायो। नेपालको डिजिटल बजार पछिल्लो दशकमा तीव्र गतिमा विस्तार भएको छ। सतही रूपमा हेर्दा यो बजारलाई ई-कमर्स कम्पनी, डिजिटल मार्केटिङ एजेन्सी, टेलिकम प्रदायक, सामाजिक सञ्जाल प्लेटफर्म र सरकारी नियामक निकायहरूले चलाइरहेका छन्। तर, गहिरो विश्लेषण गर्दा के देखिन्छ भने यसको वास्तविक शक्ति उपभोक्ताको प्रयोगशैली, निजी क्षेत्रको लगानी र प्रविधिको पहुँचमा केन्द्रित छ। नेपालमा दराज, सस्तोडिल, फूडमाण्डू, मेरोकिरानाजस्ता ई-कमर्स प्लेटफर्मले बजारलाई प्रत्यक्ष उपभोक्तासम्म पुऱ्याउने काम गरेका छन्। यिनले सामान खरिद-बिक्रीलाई अनलाइनमा सहज बनाएका छन्। त्यस्तै, क्रिजम्यटिक, डिजिटल गोर्खाजस्ता मार्केटिङ एजेन्सीले व्यवसायलाई सामाजिक सञ्जालमार्फत प्रचार-प्रसार गरेको देखिन्छ।

हरेक व्यवसायका लागि डिजिटल आवश्यक छैन, तर यो कुनै पनि विकासशील व्यवसायका लागि उत्तम हुन सक्छ। हामी निर्माण र घर सेवासम्बन्धी क्षेत्रमा धेरै स्वतन्त्र ठेकेदार चिन्छौँ, जसको वेबसाइट पनि छैन। ती क्षेत्रमा समयमै उपस्थित भएर, सचेत रहेर र आधा राम्रो काम गरेर मात्र राम्रो पैसा कमाउन सकिन्छ भन्ने पनि गरिन्छ।

गुणस्तरीय वेबसाइट र डिजिटल मार्केटिङ कार्यक्रम सजिलैसँग समयसँगै व्यवसाय उत्पन्न गर्ने सबैभन्दा लागत प्रभावी विधि बन्न सक्छ। धेरै मालिकसँग हुने कठिन भाग भनेको लगानी गर्न पर्याप्त नगद प्रवाह व्यवस्थापन गर्न सक्षम हुनु हो।

हामी सबैलाई थाहा छ र हामी सबै 'डिजिटल भविष्य हो' नाराका बारेमा कुरा गर्छौं। तर, यो भविष्यले साना व्यवसाय र व्यक्तिगत खुद्रा विक्रेताका लागि के राख्छ। राम्रो डिजिटल उपस्थिति हुनु भनेको सामाजिक सञ्जाल च्यानलहरूमा उपस्थिति र मानिसहरूले तपाईंलाई वा तपाईंको सेवा/उत्पादन खोज्दा गुगल नक्सामा देखा पर्ने क्षमताका साथसाथै राम्रोसँग स्थापित र सरल वेबसाइट हुनु हो। मानिसले यसलाई भन्न मन पराउँछन्, साना व्यवसाय र व्यक्तिहरूलाई आफ्ना स्थानीय लक्षित ग्राहकसम्म पुग्न पत्रपत्रिका वा रेडियोमार्फत मार्केटिङ गर्दा सहनुपर्नेभन्दा कम लागतमा अनलाइन उत्पादन वा सेवा बेच्न सहज र सजिलो बाटो सुनिश्चित गर्न सक्छ।

अर्गानिक तर थोरै समय लाग्ने, डिजिटल मार्केटिङले अनलाइन र अफलाइन दुवै व्यवसायको भीडमा हराउनबाट रोक्न सक्छ। यसले साना व्यवसाय र व्यक्तिगत खुद्रा विक्रेतालाई इन्टरनेटमार्फत बेच्न र अर्को पुस्तासँग जोडिन बाटो दिन्छ।

फेसबुक, इन्स्टाग्राम, ट्विटरजस्ता लोकप्रिय सामाजिक सञ्जाल साइटहरूमा बलियो सामाजिक सञ्जाल उपस्थिति सिर्जना गर्नु, व्यवसाय, यसको जानकारी र सम्पर्क विवरणहरू प्रदर्शन गर्न डिजाइन गरिएको वेबसाइट राख्नु, स्थानीय खोज परिणाममा देखा पर्न गुगल माई बिजनेसलाई पनि प्रयोग गर्न सकिन्छ।

ग्रामीण क्षेत्रमा इन्टरनेट विस्तार भए पनि अझै असमानता छ। सामाजिक सञ्जाल प्लेटफर्महरू फेसबुक,



**डिजिटल बजारको विस्तारसँगै रोजगारीका नयाँ अवसर सिर्जना हुनेछन्। आइटी, ई-कमर्स, डिजिटल मार्केटिङ, डेटा एनालाइटिक्स र साइबर सुरक्षामा दक्ष जनशक्ति आवश्यक पर्नेछ। यसका लागि शिक्षा प्रणालीले प्रविधि-केन्द्रित पाठ्यक्रमलाई प्राथमिकता दिनुपर्नेछ।**

टिकटक, इन्स्टाग्राम, युट्युबले व्यक्तिगत उद्यमीलाई बजारमा प्रवेश गर्न सजिलो समेत बनाएका छन्।

सरकार र नियामक निकाय (जस्तै– नेपाल दूरसञ्चार प्राधिकरण, सूचना प्रविधिसम्बन्धी विभाग) ले कर प्रणाली, साइबर सुरक्षा र नीतिगत ढाँचा तयार गर्ने काम गर्छन्। तर, नियमन ढिलो र कमजोर हुँदा बजारको वास्तविक सञ्चालन निजी क्षेत्र र उपभोक्ताको हातमा रहन्छ।

**डिजिटल बजारका फाइदा**

नेपालमा डिजिटल बजारले व्यवसाय विस्तारको नयाँ बाटो खोलिदिएको छ। स्टार्टअपहरू न्यून लागतमा ठूलो ग्राहक समूहसम्म पुग्न सकेका छन्। यसले विशेष गरी सूचना प्रविधि, ई-कमर्स र डिजिटल मार्केटिङ क्षेत्रमा रोजगारी सिर्जना गरेको छ। उपभोक्ताका लागि सुविधा बढेको छ। घरमै बसेर सामान गर्न सकिने, मूल्य तुलना गर्न सकिने र समीक्षाबाट निर्णय गर्न सकिने अवस्था आएको छ। यसले बजारलाई पारदर्शी र प्रतिस्पर्धी बनाएको छ। सबैभन्दा ठूलो फाइदा भनेको वैश्विक पहुँच हो। नेपाली व्यवसायले अन्तर्राष्ट्रिय बजारमा पनि आफ्नो उत्पादन बेच्न सक्ने अवसर पाएका छन्।

**डिजिटल बजारका कमजोरी**

तर फाइदासँगै कमजोरीहरू पनि छन्। ग्रामीण क्षेत्रमा इन्टरनेट पहुँच सीमित हुँदा डिजिटल बजार असमान बनेको छ। साइबर सुरक्षा जोखिम उच्च छ– डेटा चोरी, फेक वेबसाइट, अनलाइन ठगीका घटनाहरू बढेका छन्।

सरकारको नियमन ढिलो र कमजोर हुँदा उपभोक्ता अधिकार उल्लंघन हुने सम्भावना रहन्छ। डिजिटल पेमेन्ट प्रणालीमा अझै विश्वासको कमी छ, बैंकिङ पहुँच सीमित छ। ठूला कम्पनीहरूले बजार कब्जा गर्दा साना उद्यमीहरू दबिने समस्या पनि छ।

नेपालको डिजिटल बजारलाई निजी क्षेत्र, ई-कमर्स प्लेटफर्म, टेलिकम कम्पनी र सामाजिक सञ्जालले चलाइरहेका छन्। सरकार नियमनमा संलग्न भए पनि वास्तविक शक्ति बजारको प्रयोगकर्ताहरू र प्रविधि-आधारित कम्पनीहरूमा छ।

फाइदा धेरै भए पनि साइबर सुरक्षा, डिजिटल विभाजन र नियमन अभावजस्ता कमजोरीहरू समाधान नगरेसम्म बजारको दीर्घकालीन स्थायित्व चुनौतीपूर्ण रहन्छ।

नेपालको डिजिटल बजार आजको दिनमा केवल व्यापारिक प्लेटफर्म मात्र होइन, सामाजिक र आर्थिक रूपान्तरणको माध्यम पनि हो। यसले उपभोक्तालाई सुविधा दिएको छ, व्यवसायलाई अवसर दिएको छ र देशलाई वैश्विक बजारसँग जोडेको छ। तर, यसको स्थायित्वका लागि सरकार डिजिटल प्रणालीहरूलाई बढ्दो रूपमा संस्थागत सुधार, राजनीतिक वार्ता र प्रशासनिक निर्णयको माग गर्ने समस्याको सुन्दर जवाफको रूपमा व्यवहार गरिन्छ। सम्मेलन, बोर्डरुम र नीतिगत छलफलमा प्रविधिले संस्थाका लागि आरक्षित आभा बढ्दो रूपमा बोक्छ। डिजिटल प्रणालीले बजार र अवसरमा पहुँच नियन्त्रण गर्ने मध्यस्थकर्ताहरूलाई हटाउनेछ। वर्षौंसम्म, अर्थशास्त्रीले बिचौलियाको आदानप्रदानलाई विकृत गरेकोमा आलोचना गरे। डिजिटल अर्थतन्त्रले विघटन मध्यस्थताको प्रतिज्ञा गऱ्यो, जहाँ प्लेटफर्मले नागरिकलाई ग्राहक, ऋणदाता, रोजगारदाता र दर्शकसँग प्रत्यक्ष रूपमा जोड्नेछन्।

नेपालमा डिजिटल बजारको सम्भावित भविष्य : नेपालको डिजिटल बजार अहिले प्रारम्भिक चरणमा छ, तर २०३० सम्म पुग्दा यसको स्वरूप पूर्ण रूपमा फरक हुने अनुमान गर्न सकिन्छ। प्रविधि, उपभोक्ता व्यवहार, सरकारी नीति र अन्तर्राष्ट्रिय बजारसँगको सम्बन्धले यसलाई नयाँ उचाइमा पुऱ्याउने सम्भावना छ।

ई-कमर्सको व्यापकता : २०३० सम्म ई-कमर्स नेपालमा सामान्य जीवनको हिस्सा बन्नेछ। अहिले जस्तो सहरी क्षेत्रमा सीमित नभई ग्रामीण क्षेत्रमा पनि इन्टरनेट पहुँच विस्तार भएसँगै स्थानीय उत्पादनहरू अनलाइनमार्फत बेचिनेछन्। किसानले आफ्ना कृषि उत्पादन सीधै उपभोक्तासम्म पुऱ्याउन सक्नेछन्, जसले ग्रामीण अर्थतन्त्रलाई बलियो बनाउनेछ।

डिजिटल भुक्तानी प्रणालीको परिपक्वता : हाल डिजिटल पेमेन्ट प्रणालीमा अझै विश्वासको कमी छ। तर, २०३० सम्म मोबाइल बैंकिङ, क्युआर कोड भुक्तानी, ब्लकचेन-आधारित सुरक्षित प्रणालीहरू सामान्य हुनेछन्। यसले नगद प्रयोग घटाउनेछ र वित्तीय पारदर्शिता बढाउनेछ।

सामाजिक सञ्जालको बजारीकरण : सामाजिक सञ्जाल अहिले नै बजारको प्रमुख माध्यम बनेका छन्। २०३० सम्म यी प्लेटफर्म अझै बढी व्यवसाय-केन्द्रित हुनेछन्। व्यक्तिगत उद्यमीले आफ्ना उत्पादनलाई प्रत्यक्ष ग्राहकसम्म पुऱ्याउने, लाइभ-कमर्सजस्ता प्रविधि प्रयोग गर्ने सम्भावना उच्च छ।

सरकारी नियमन र साइबर सुरक्षा : २०३० सम्म सरकारले डिजिटल बजारलाई व्यवस्थित गर्न कडा नियमन ल्याउने अपेक्षा गर्न सकिन्छ। साइबर अपराध नियन्त्रण, उपभोक्ता अधिकार संरक्षण र कर प्रणालीलाई डिजिटलाइज गर्ने काम प्राथमिकतामा रहनेछ। यसले बजारलाई सुरक्षित र विश्वासिलो बनाउनेछ।

रोजगारी र कौशल विकास : डिजिटल बजारको विस्तारसँगै रोजगारीका नयाँ अवसर सिर्जना हुनेछन्। आइटी, ई-कमर्स, डिजिटल मार्केटिङ, डेटा एनालाइटिक्स र साइबर सुरक्षामा दक्ष जनशक्ति आवश्यक पर्नेछ। यसका लागि शिक्षा प्रणालीले प्रविधि-केन्द्रित पाठ्यक्रमलाई प्राथमिकता दिनुपर्नेछ।

अन्तर्राष्ट्रिय बजारसँगको सम्बन्ध : नेपालका उत्पादन (जस्तै– हस्तकला, कृषि, पर्यटनसम्बन्धी सेवा) अन्तर्राष्ट्रिय बजारमा डिजिटल प्लेटफर्ममार्फत बेचिने सम्भावना छ। २०३० सम्म नेपालले आफ्नो डिजिटल बजारलाई दक्षिण एसिया र विश्व बजारसँग जोड्न सक्नेछ।

**सम्भावित चुनौती**

तर भविष्य पूर्ण रूपमा सहज हुनेछैन। ग्रामीण क्षेत्रमा इन्टरनेट पहुँच विस्तार अझै चुनौतीपूर्ण रहन सक्छ। साइबर अपराध अझै जटिल बन्न सक्छ। ठूला अन्तर्राष्ट्रिय कम्पनीहरूले बजार कब्जा गर्दा स्थानीय उद्यमीलाई दबाउने सम्भावना पनि रहन्छ।

२०३० सम्म नेपालमा डिजिटल बजारले व्यवसाय, उपभोक्ता व्यवहार, रोजगारी र अन्तर्राष्ट्रिय सम्बन्धलाई पूर्ण रूपमा रूपान्तरण गर्नेछ। यसले अवसरहरू सिर्जना गर्नेछ तर चुनौतीहरू पनि ल्याउनेछ। यदि सरकार, निजी क्षेत्र र उपभोक्ता मिलेर प्रविधिको सही उपयोग गरे भने नेपाल डिजिटल अर्थतन्त्रमा दक्षिण एसियाको महत्त्वपूर्ण केन्द्र बन्न सक्ने सम्भावना उच्च छ।

# नेपालमा सरकारी राजस्वको वर्तमान अवस्था

**गम्भीरबहादुर हाडा**



साधारणतया जनताबाट सरकारलाई प्राप्त हुने आयलाई नै सार्वजनिक आय भनिन्छ। आर्थिक, सामाजिक तथा अन्य प्रकारका आफ्नो कार्यलाई सुचारु रूपले सञ्चालनका लागि प्रत्येक देशको सरकारलाई निकै मात्रामा धनको आवश्यकता हुन्छ, जसचाहिँ सार्वजनिक आयका विभिन्न साधनद्वारा प्राप्त गरिन्छ। सरकारले विभिन्न साधनबाट जुन आय प्राप्त गर्छ त्यसलाई सार्वजनिक आय भनिन्छ।

आधुनिक कालमा सरकारी क्रियाकलापले देशको आर्थिक र सामाजिक क्षेत्रमा महत्त्वपूर्ण भूमिका खेलेको छ। सरकारी क्रियाकलाप आज शान्तिसुरक्षा कायम गर्नु र नियमकानुन पालन गर्न लगाउनु मात्र होइन। आर्थिक र सामाजिक क्षेत्रमा सरकारले जति-जति जनचेतनाको वृद्धि गर्दै लान्छ यसको वैकल्पिक काम पनि त्यति नै वृद्धि हुँदै जान्छ। वर्तमान युगमा सरकारी कर र खर्च नीतिले निजी वितरण प्रणालीमा समेत पूर्ण रूपमा प्रभाव पारेको छ। कुनै पनि देशमा जेजति कार्य सरकारले गर्नेछ, ती कार्य सञ्चालन गर्न सरकारले आम्दानी गर्नुपर्छ। सरकारले जबसम्म आम्दानी गर्न सक्दैन, उसले खर्च पनि गर्न सक्दैन।

नेपाल एउटा विकासोन्मुख राष्ट्र भएकाले देशको सीमित साधनलाई कसरी प्रभावपूर्ण ढंगले सदुपयोग गर्ने अथवा कसरी दक्षतापूर्वक वित्त सञ्चालन गर्ने भन्ने प्रश्न बढी महत्त्वपूर्ण हुन्छ। देशको आर्थिक विकास गर्न सार्वजनिक वित्तको व्यवस्थापन गर्दा अपनाउनुपर्ने वित्तीय नीतिले बचत गर्ने सामर्थ्य वृद्धि गराउन, उत्पादनशील क्रियाकलापमा लगानी बढाई राष्ट्रिय आयमा योगदान पुऱ्याउन सकारात्मक भूमिका खेल्नुपर्छ।

नेपालमा विकासको पूर्वाधार खडा गरी अत्यावश्यक वस्तुको बढीभन्दा बढी उत्पादन र न्यायोचित वितरण नै आर्थिक विकासको खुड्किलो हो भन्न सकिन्छ। कुनै पनि देश आन्तरिक स्रोतको विकास र परिचालनबाट मात्र देश विकास गर्न सकिन्छ भन्ने कुरामा दुईमत हुन सक्दैन। देशमा भएको गरिबी हटाउन, आर्थिक तथा सामाजिक क्षेत्रमा ठूलो र बाह्य स्रोत पुँजी जुटाउने दुई प्रमुख उपाय छन्। आन्तरिक स्रोतमध्येमा कर पनि एक महत्त्वपूर्ण स्रोत हो। देशको शान्तिसुरक्षा, प्रशासनिक कार्य तथा विकास कार्यका लागि सरकारलाई बढी रकमको आवश्यकता पर्छ। यस्तो रकमको बढी परिमाण सरकारले करैबाट प्राप्त गर्छ। नेपालको राजस्वका मिश्रित दुई स्रोत कर राजस्व र गैरकर राजस्वमध्ये स्वभावतः कर राजस्वको भूमिका ठूलो रहे तापनि गैरकर राजस्वको प्रभाव पनि निकै बढेको छ। जसरी भए पनि राजस्व चुहावटलाई नियन्त्रण हुनुपर्छ।

नेपाल सरकारले विभिन्न सरकारी कार्य सञ्चालन गर्न विभिन्न स्रोतबाट आय आर्जन गर्छ। यसलाई राजस्व भनिन्छ। नेपाल सरकारको आम्दानीको प्रमुख स्रोत राजस्व हो। तर राजस्वको आम्दानीबाट देशको सम्पूर्ण खर्च पूर्ति गर्न नसकिएकाले नेपालले प्रत्येक वर्ष घाटाको बजेट अपनाउनुपरेको छ। यो घाटा पूरा गर्नका निमित्त सरकारले राजस्वलगायत विभिन्न स्रोतबाट पनि आम्दानी प्राप्त गरेको हुन्छ।

नेपालमा राष्ट्रिय लेखाको विवेचना गर्दा कुल गार्हस्थ्य उत्पादनलाई मात्र आधार मान्ने चलन छ। विगत एक दशकयता नेपालको राष्ट्रिय अर्थतन्त्रमा विप्रेषण आप्रवाह निरन्तर रूपमा बढिरहेको छ। तसर्थ, नेपाली जनताको खर्चयोग्य आम्दानी कुल गार्हस्थ्य उत्पादनभन्दा बढी हुन्छ। नेपालीले मुलुकभित्र कमाएको आयमा विदेशबाट कमाएको खुद आय जोड्दा हुने योगलाई कुल राष्ट्रिय खर्चयोग्य आम्दानी भनिन्छ। भन्सार महसुल, अन्तःशुल्क, मालपोत तथा रजिस्ट्रेसन, आयका नाफा कर, सम्पत्ति कर, बिक्री कर र अरू करहरूबाट प्राप्त आम्दानीलाई कर राजस्व भनिन्छ। यस्तै किसिमले सरकारी

**नेपालमा राष्ट्रिय लेखाको विवेचना गर्दा कुल गार्हस्थ्य उत्पादनलाई मात्र आधार मान्ने चलन छ। विगत एक दशकयता नेपालको राष्ट्रिय अर्थतन्त्रमा विप्रेषण आप्रवाह निरन्तर रूपमा बढिरहेको छ। तसर्थ, नेपाली जनताको खर्चयोग्य आम्दानी कुल गार्हस्थ्य उत्पादनभन्दा बढी हुन्छ।**

सेवा तथा वस्तुको बिक्रीबाट प्राप्त आम्दानी, साँवाब्याज तथा लाभांश, रोयल्टी तथा सरकारी सम्पत्ति बिक्रीबाट प्राप्त आम्दानी, टक्सारबाट प्राप्त अन्य आम्दानी, दस्तुर, दण्ड-जरिवाना, जफत तथा अन्य वित्तीय क्षेत्रबाट प्राप्त हुन आएको आम्दानीलाई गैरकर राजस्व भनिन्छ।

सार्वजनिक खर्च वृद्धि हुनुमा अर्थशास्त्रीहरूले औँल्याएका प्रमुख कारणहरू निम्नानुसार छन्- कल्याणकारी राज्यको अवधारणा, सामाजिक सुरक्षा र प्रतिरक्षा खर्चमा बढोत्तरी, औद्योगिक विकास, जनसंख्या वृद्धि, प्रजातान्त्रिक प्रणालीको उदय/न्याय, अन्तर्राष्ट्रिय सम्बन्ध स्थापनामा तीव्रता, सहरीकरण, मूल्यवृद्धि तथा विकास योजनाको कार्यान्वयन।

सरकारी खर्चको वर्गीकरण यस प्रकारका छन्– १. लाभका आधारमा, २. आयका आधारमा, ३. कार्यका आधारमा, ४. आवश्यकताका आधारमा, ५. प्राथमिकताको आधारमा, ६. आर्थिक वर्गीकरण।

सार्वजनिक खर्चको वर्गीकरणका सम्बन्धमा विभिन्न अर्थशास्त्रीका प्रस्तुति फरक रहेका पाइन्छन्। अर्थशास्त्रीहरूले प्रस्तुत गरेका धारणाहरूका आधारमा सार्वजनिक वा सरकारी खर्चलाई (क) क्षेत्रीय खर्चका आधारमा, (ख) कामका आधारमा, (ग) खर्चको प्रकृतिको आधारमा वर्गीकरण गर्न सकिन्छ। यसलाई हितको आधार, कार्यमूलक आधार राजस्वको आधार, प्राविधिक आधारमा पनि वर्गीकरण गर्न सकिन्छ। सार्वजनिक खर्चको वर्गीकरणको तात्पर्य सार्वजनिक कार्यहरूको सूची तयार गर्नु हो।

चालु आर्थिक वर्ष २०८२/८३ को फागुन मसान्तसम्मको विकास खर्च कमजोर देखिएको छ। महालेखा नियन्त्रक कार्यालयका अनुसार दोस्रो चौमासिक अवधिसम्ममा १९ प्रतिशत हाराहारीमात्रै पुँजीगत खर्च भएको छ।

सार्वजनिक राजस्वको व्यवस्थापनमा देखिएका समस्या तथा चुनौतीअन्तर्गत अनौपचारिक आर्थिक गतिविधिलाई औपचारिक बनाउँदै करको दायरामा ल्याउने, कर सहभागितामा गुणात्मक अभिवृद्धि ल्याउने, कर संकलन लागत र करदाताको कर परिचालन लागत घटाउने, कर प्रशासनलाई पारदर्शी, करदातामैत्री र सदाचारमुक्त बनाउने, राजस्व चुहावटको नियन्त्रण, कारोबार मूल्यमा आधारित भन्सार जाँचपास प्रणालीको आधार बनाउने, बजारमा बिल दिने लिने पद्धतिको विकास गर्ने, सबै तहको कर प्रशासनबीच एकरूपता कायम गर्ने र प्राकृतिक स्रोतको उपयोग, कर संकलन र बाँडफाडबीच एकरूपता र समन्वय गर्ने जस्ता चुनौती छन्। यसैगरी अन्तरसरकारी कर प्रणालीबीच सामञ्जस्यता र जनतामा करको अनावश्यक भार पर्न नदिने, पर्याप्त अध्ययन, विश्लेषण र दीर्घकालीन सोचबिना नयाँ कार्यक्रम तथा आयोजनाहरूमा बजेट विनियोजन हुनु, आयोजनाको जीवनचक्र यकिन नगरी अनन्तकालसम्म एउटै आयोजनामा लगानी गरिरहनु, सरकारको खर्च व्यवस्थापनसम्बन्धी विस्तृत नीति नहुनु, सार्वजनिक ऋणको प्रभावकारी उपयोग गर्ने नीति कार्यान्वयनमा आउन नसक्नुजस्ता चुनौती पनि छन्। लक्षित वैदेशिक सहायताको ठूलो अंश परिचालन हुन नसक्नु, विनियोजित पुँजीगत खर्चको ठूलो अंश खर्च हुन नसक्नु, चालु खर्चलाई मापदण्ड बनाई वाञ्छित सीमामा राख्न नसक्नु, स्पष्ट कानुन र दृष्टिकोणको अभावमा प्रदेश र स्थानीय सरकारको जनभावनाविपरीत कर लगाउने, फिर्ता लिनेजस्ता प्रवृत्तिले सरकारप्रतिको विश्वास र भरोसामा केही कमी आउने र अन्ततः संघीयताको मर्म र भावना अनुसारको डेलिभरी नहुने जस्ता चुनौती छन्।

सार्वजनिक राजस्वको व्यवस्थापनमा देखा परेका समस्या समाधान गर्न नयाँ सरकारले चाल्नुपर्ने कदमहरूमा आयोजना व्यवस्थापन क्षमता र प्रतिबद्धताको कमी पनि अर्को कारणका रूपमा रहेको देखिन्छ। साना समस्या पनि समन्वयात्मक ढङ्गले सल्टाउन नसक्दा आयोजनाले गति लिन सकेको पाइँदैन। सूचना प्रविधिको प्रयोग बढेको अवस्थामा पनि सार्वजनिक खरिद ऐनका प्रावधान लामो समय लाग्ने रहेका छन्। जसले गर्दा आयोजनाको ठेक्का व्यवस्थापनका लागि लामो समय लाग्ने हुँदा कार्यान्वयनमा जान ढिलाइ हुने गरेको छ। धेरै मन्त्रालय तथा सरकारी कार्यालयमा खरिद विज्ञको अभावमा ठेक्का व्यवस्थापन फितलो हुन गई कार्यान्वयनमा जान ढिला हुने र कमजोर हुने गरेको छ। ढिलासुस्तीले गर्दा सकिने कामहरू पनि समयमै सकिँदैन। बहुवर्षीय आयोजनाको स्रोत व्यवस्थापन र स्रोत सुनिश्चितताको समस्या छ। यसले गर्दा कतिपय काम सकिएका आयोजनामा बजेट नभई भुक्तानी नहुने हुन्छ भने कतिपयमा बजेट भएर पनि खर्च हुँदैन। सरकारी आयोजनाले वन क्षेत्र प्रयोग गरेबापत क्षतिपूर्ति रकम दिनु नपर्ने गरी वन ऐनमा संशोधन गर्नुपर्ने आवश्यकता देखिएको छ। संघीयतामा सम्पूर्ण सानातिना आयोजनाहरू प्रदेश र स्थानीय तहबाटै हुने गरी बजेट उपलब्ध गराई हस्तान्तरण गरिनुपर्छ। संघीय मन्त्रालयले ठूला आयोजना, कानुन तथा नीति नियम निर्माणमा आफूलाई केन्द्रित गर्नुपर्छ। आयोजनामा खटाइएका कर्मचारीलाई निश्चित समयका लागि अन्यत्र सरुवा नगरी विशिष्टता हासिल हुने व्यवस्था गरिनुपर्छ। छिटोछिटो कर्मचारीको सरुवाले स्थायित्वको अनुभूति हुने गरेको छैन। ठूला र जटिल आयोजनामा प्राविधिक जनशक्तिसहित प्रविधि, ज्ञान र सीप हस्तान्तरण हुने गरी बहुपक्षीय दाताहरूसँग वैदेशिक सहयोग लिने व्यवस्था हुनुपर्छ। सानातिना कामका लागि वैदेशिक सहयोगले परनिर्भरता बढाउँदै लैजान्छ।

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

| | | | | | | |
|---|---|---|---|---|---|---|
| केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ फोन नं.: ०१-४५२३४३२/३४/३६ | शाखा कार्यालय: हनुमानदास रोड, मोरङ्ग फोन नं.: ०३३-५२०१०१/१०२ | शाखा कार्यालय: महालक्ष्मीस्थान, ललितपुर फोन नं.: ०१-५१७०२७७ | शाखा कार्यालय: पथरी, मोरङ्ग फोन नं.: ०२१-४१०२१५/१६ | शाखा कार्यालय: सखुवा महेन्द्रनगर, धनुषा फोन नं. ०४१-५४०३३१/३२ | शाखा कार्यालय: भैरहवा, रुपन्देही फोन नं.: ०७१-५७१०८१/८२ | शाखा कार्यालय: लेटाङ्ग, मोरङ्ग फोन नं. ०२१-५६०६४४/५५ |

को

# तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुको धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी ७ (सात) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२/१२/१६ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका कार्यालयहरुबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

## तपसिल

### शाखा कार्यालय: हनुमानदासरोड, मोरङ्ग

**१. ऋणीको विवरण**

नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय, मोरङ्गमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७२/०४/१८ मा दर्ता नं. १२११६/०७२/०७३ कायम भई दर्ता भएको मोरङ्ग जिल्ला, जहदा गा.पा. वडा नं. २, बुधनगर स्थित राधा राईस मिल प्रोप्राइटर: कंचन देवि यादव

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. बोकाई यादवको नाति, सरजुग यादवको छोरा, मोरङ्ग जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. २० स्थित स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, विराटनगर म.न.पा. वडा नं. १९ बस्ने कैलाश कुमार यादव (ना.प्र.प.नं.: ३८०१६, मोरङ्ग)
२. सरजुग यादवको बुहारी, कैलास कुमार यादवको पत्नी, मोरङ्ग जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. २१ स्थित स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, विराटनगर म.न.पा. वडा नं. २० बस्ने कंचन देवी यादब (ना.प्र.प.नं.: ८५९१८, मोरङ्ग)

**धितोमा रहेको सम्पतिको विवरण**

१. कंचन देवी यादवको नाममा भूमिसुधार तथा मालपोत कार्यालय विराटनगर, मोरङ्गको लगतमा दर्ता श्रेस्ता कायम रहेको मोरङ्ग जिल्ला, विराटनगर उ.प.म.न.पा. वडा नं. २१ हाल विराटनगर म.न.पा वडा नं. १५ स्थित किता नं. १३४ र १२२ को क्रमश: क्षेत्रफल १३२.८५ र १११.०० (व.मि.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. यस बैंकको हितमा गरिएका मौज्दात (Stock) को हाइफोथिकेसन तथा चल/अचल सम्पति र अमूर्त सम्पति माथिको हक समेत ।

**२. ऋणीको विवरण**

नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य कार्यालय, विराटनगर, मोरङ्गमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७०/०९/१९ मा दर्ता नं. २५९६३ कायम भई दर्ता भएको मोरङ्ग जिल्ला, बुधनगर गा.वि.स/न.पा. वडा नं. ८ स्थित जय माँ राधा ट्रेडर्स प्रोप्राइटर : लक्ष्मी देवी यादव

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. अगमी यादवको नाति, हरिहर यादवको छोरा, मोरङ्ग जिल्ला, विराटनगर गा.वि.स/उ.म.न.पा. वडा नं. १८ स्थित स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, विराटनगर म.न.पा. वडा नं. १४ बस्ने सूर्य नारायण यादव (ना.प्र.प.नं.: ८७४, मोरङ्ग)
२. हरिहर यादवको बुहारी, सुर्य नारायण यादवको पत्नी, मोरङ्ग जिल्ला, विराटनगर गा.वि.स/उ.म.न.पा. वडा नं. १८ स्थित स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, विराटनगर म.न.पा. वडा नं. १४ बस्ने लक्ष्मी देवी यादव (ना.प्र.प.नं.: २५०७३, मोरङ्ग)
३. हरिहर यादवको नाति, सूर्य नारायण यादवको छोरा, मोरङ्ग जिल्ला, विराटनगर म.न.पा. वडा नं. १४ बस्ने अभिषेक यादव (ना.प्र.प.नं.: ०५-०१-७७-०३२४५, मोरङ्ग)
४. हरिहर यादवको नातिनी, सुर्य नारायण यादवको छोरी, मोरङ्ग जिल्ला, विराटनगर म.न.पा. वडा नं. १४ बस्ने प्रियंका यादव (ना.प्र.प.नं.: ०५-०१-७६-०४२५०, मोरङ्ग)

**धितोमा रहेको सम्पतिको विवरण**

१. सुर्य नारायण यादवको नाममा भूमिसुधार तथा मालपोत कार्यालय विराटनगरको लगतमा दर्ता श्रेस्ता कायम रहेको मोरङ्ग जिल्ला, जतुवा कठकुप्पा गा.वि.स. वडा नं. १ हाल विराटनगर म.न.पा वडा नं. १४ स्थित किता नं. ३७३ र १८५१ को क्रमश: क्षेत्रफल ०-१-०-० र ०-१-०-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. लक्ष्मी देवी यादवको नाममा भूमिसुधार तथा मालपोत कार्यालय विराटनगरको लगतमा दर्ता श्रेस्ता कायम रहेको मोरङ्ग जिल्ला, जतुवा कठकुप्पा गा.वि.स. वडा नं. १ हाल विराटनगर म.न.पा वडा नं. १४ स्थित किता नं. २८३३ र २३५१ को क्रमश: क्षेत्रफल ०-१-१३-०, ०-०-१०-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
३. लक्ष्मी देवी यादवको नाममा भूमिसुधार तथा मालपोत कार्यालय इनरुवाको लगतमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, खनार गा.वि.स. वडा नं. ९ हाल इटहरी उ.म.न.पा. वडा नं. ११ स्थित किता नं. ८२१ को क्षेत्रफल ०-०-७-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**३. ऋणीको विवरण**

शनिश्चर यादवको नाति, महेन्द्र लाल यादवको छोरा, मोरङ्ग जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. १८ स्थित स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, विराटनगर म.न.पा. वडा नं. १४ बस्ने दिपेन्द्र यादव (ना.प्र.प.नं.: ७८९४५, मोरङ्ग)

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. शनिश्चर यादवको नाति, महेन्द्र लाल यादवको छोरा, मोरङ्ग जिल्ला, विराटनगर गा.वि.स./न.पा. वडा नं. १८ स्थित स्थायी ठेगाना भएको दिपेन्द्र यादव (ना.प्र.प.नं. ७८९४५, मोरङ्ग)
२. लुटन यादवको नाति, शनिश्चर यादवको छोरा, मोरङ्ग जिल्ला, साबिक जतुवा गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, विराटनगर म.न.पा.वडा नं. १४ बस्ने महेन्द्र लाल यादव (ना.प्र.प.नं. ११२३ /०३३/३४, मोरङ्ग)
३. शनिश्चर यादवको बुहारी, महेन्द्र लाल यादवको पत्नी, मोरङ्ग जिल्ला, साबिक जतुवा गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, विराटनगर म.न.पा. वडा नं. १४ बस्ने कौशिल्या यादव (ना.प्र.प.नं. ३१८०३/०३५/०३६, मोरङ्ग)
४. शनिश्चर यादवको नाति, महेन्द्र लाल यादवको छोरा, मोरङ्ग जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. १८ स्थित स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, विराटनगर म.न.पा. वडा नं. १४ बस्ने वीरेन्द्र प्रसाद यादव (ना.प्र.प.नं. ६००८८, मोरङ्ग)
५. महेन्द्र लाल यादवको बुहारी, विरेन्द्र प्रसाद यादवको पत्नी, मोरङ्ग जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. १८ स्थित स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, विराटनगर म.न.पा. वडा नं. १४ बस्ने रेणु यादव (ना.प्र.प.नं. १५१९१, मोरङ्ग)
६. शनिश्चर यादवको नाति, महेन्द्र लाल यादवको छोरा, मोरङ्ग जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. १८ स्थित स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, विराटनगर म.न.पा. वडा नं. १४ बस्ने धिरेन्द्र यादव (ना.प्र.प.नं. ६१३, मोरङ्ग)
७. महेन्द्र लाल यादवको बुहारी, धिरेन्द्र यादवको पत्नी, मोरङ्ग जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. ३ स्थित स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, विराटनगर म.न.पा. वडा नं. १४ बस्ने अन्जु कुमारी यादव (ना.प्र.प.नं. ०५१०६६/९७१७, मोरङ्ग)
८. शनिश्चर यादवको नाति, महेन्द्र लाल यादवको छोरा, मोरङ्ग जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. १८ स्थित स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, विराटनगर म.न.पा. वडा नं. १४ बस्ने भुपेन्द्र यादव (ना.प्र.प.नं. ०५/८९९७०, मोरङ्ग)

**धितोमा रहेको सम्पतिको विवरण**

महेन्द्रलाल यादवको नाममा भूमिसुधार तथा मालपोत कार्यालय, विराटनगर मोरङ्गको लगतमा दर्ता श्रेस्ता कायम रहेको मोरङ्ग जिल्ला, जतुवा कठकुप्पा गा.वि.स. वडा नं. १ स्थित किता नं. १२९६ को क्षेत्रफल ०-२-१२.५-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत।

**४. ऋणीको विवरण**

दल नरसिंह चौधरीको बुहारी, जित नरसिंह चौधरीको पत्नी, मोरङ्ग जिल्ला, सुन्दरहरैचा न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको सुमित्रा थापा चौधरी (ना.प्र.प.नं. १०३००९/१२६, मोरङ्ग)

**व्यक्तिगत जमानतकर्ताको विवरण**

जय नरसिंह चौधरीको नाति, दल नरसिंह चौधरीको छोरा, मोरङ्ग जिल्ला, हरैंचा गा.वि.स/न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको जितनरसिंह चौधरी (ना.प्र.प.नं. ३०६२, मोरङ्ग)

**धितोमा रहेको सम्पतिको विवरण**

सुमित्रा थापा चौधरीको नाममा मालपोत कार्यालय, बेलवारी, मोरङ्गको लगतमा दर्ता श्रेस्ता कायम रहेको मोरङ्ग जिल्ला, हरैंचा गा.वि.स./न.पा. वडा नं. १ स्थित किता नं. ७५, ५२६ र ५२९ को क्रमश: क्षेत्रफल ०-०-९-२, ०-०-३-२ र ०-०-१०-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

### शाखा कार्यालय: महालक्ष्मीस्थान, ललितपुर

**१. ऋणीको विवरण**

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७१/०२/११ मा दर्ता नं. १२२२०१/७०/०७१ कायम भई दर्ता भएको मकवनपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ८, हेटौंडा औद्योगिक क्षेत्र स्थित सिनर्जी फुड इण्डष्ट्रिज प्रा.लि.

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. राम बहादुर साहको नाति, राम विलास साहको छोरा, सिराहा जिल्ला, असनपुर गा.वि.स./न.पा. वडा नं. ४, स्थित स्थायी ठेगाना भएको दिनेश प्रसाद साह (ना.प्र.प.नं. ६५२, सिराहा)
२. राम विलास साहको बुहारी, दिनेश प्रसाद साहको पत्नी, सिराहा जिल्ला, असनपुर गा.वि.स./न.पा. वडा नं. ४, स्थित स्थायी ठेगाना भएको पवित्रा पाण्डेय (साह) (ना.प्र.प.नं. १६३२५९, सिराहा)

**धितोमा रहेको सम्पतिको विवरण**

दिनेश प्रसाद साहको नाममा मालपोत कार्यालय साखु, काठमाण्डौको लगतमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौ जिल्ला, नयांपाटी गा.वि.स/न.पा. वडा नं. १ (सिट नं. १ख ) स्थित किता नं. ३९६ र ३९८ को क्रमश: क्षेत्रफल ०-८-३-२ र ०-०-१-१ (रोपनी) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पुर्ण लिग लगापात समेत ।

**२. ऋणीको विवरण**

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, बबरमहल, काठमाण्डौमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०६३/०७/१५ मा दर्ता नं. ७६५३०/०६३/६४ कायम भई दर्ता भएको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १६ बालाजु स्थित ॐ श्री सुन चाँदी पसल प्रोप्राइटर: श्रीमान तामाङ

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. कुलमान तामाङको नातिनी, श्रीमान तामाङको छोरी, धादिङ जिल्ला, रुवी भ्याली गा.पा. वडा नं. ३, स्थित स्थायी ठेगाना भएको सुस्मिता तामाङ (ना.प्र.प.नं.: २६-०१-७८-०४७३८, धादिङ)
२. कुलमान तामाङको नाति, श्रीमान तामाङको छोरा, धादिङ जिल्ला, रुवी भ्याली गा.पा. वडा नं. ३, स्थित स्थायी ठेगाना भएको साजन तामाङ (ना.प्र.प.नं.: २६-०१-७८-०४७३७, धादिङ)
३. कुलमान तामाङको बुहारी, श्रीमान तामाङको पत्नी, धादिङ जिल्ला, सेर्तुङ गा.वि.स./न.पा. वडा नं. ७, स्थित स्थायी ठेगाना भएको बुदुमाया तामाङ (ना.प्र.प.नं.: २८६२१, धादिङ)
४. फेतुप तामाङको नाति, कुलमान तामाङको छोरा, धादिङ जिल्ला, सेर्तुङ गा.वि.स./न.पा. वडा नं. ७, स्थित स्थायी ठेगाना भएको श्रीमान तामाङ (ना.प्र.प.नं.: २०८८७, धादिङ)

**धितोमा रहेको सम्पतिको विवरण**

बुदुमाया तामाङको नाममा मालपोत कार्यालय कलंकी, काठमाण्डौको लगतमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौ जिल्ला, भीमढुङ्गा गा.वि.स./न.पा. वडा नं. ३ स्थित कि.नं. २०१ को क्षेत्रफल ४-८-३-० (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

### शाखा कार्यालय: पथरी, मोरङ्ग

**ऋणीको विवरण**

नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य तथा आपुर्ति व्यवस्थापन विभाग, वाणिज्य कार्यालय विराटनगरमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७२/०६/२९ मा दर्ता नं. २७५७१ कायम भई दर्ता भएको मोरङ्ग जिल्ला, पथरीशनिश्चरे न.पा. वडा नं. १, स्थित तारा ट्रेडर्स प्रोप्राइटर: तारा देवी कार्की

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. गंगा बहादुर बस्नेतको बुहारी, रमेश कुमार बस्नेतको पत्नी, मोरङ्ग जिल्ला, इटहरा गा.वि.स./न.पा. वडा नं. ३ स्थित स्थायी ठेगाना भएको तारा देवी कार्की (ना.प्र.प.नं.: ३४६१/१०७९, मोरङ्ग)
२. धनबिर बस्नेतको नाति, गंगा बहादुर बस्नेतको छोरा, मोरङ्ग जिल्ला, हसनदह गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको रमेश कुमार बस्नेत (ना.प्र.प.नं.: २७२४ मोरङ्ग )
३. गंगा बहादुर बस्नेतको नाति, रमेश कुमार बस्नेतको छोरा, मोरङ्ग जिल्ला, हसनदह गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको विजय जंग बस्नेत (ना.प्र.प.नं.: ०५२०६२-३०६०, मोरङ्ग)
४. गंगा बहादुर बस्नेतको नातिनी, रमेश कुमार बस्नेतको छोरा, मोरङ्ग जिल्ला, हसनदह गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको बिजु बस्नेत (ना.प्र.प.नं.: ०५-०२-७२-०१६०२, मोरङ्ग)

**धितोमा रहेको सम्पतिको विवरण**

रमेश कुमार बस्नेतको नाममा मालपोत कार्यालय बेलवारी, मोरङ्गको लगतमा दर्ता श्रेस्ता कायम रहेका मोरङ जिल्ला, मधुमल्ला गा.वि.स./न.पा. वडा नं. ९ स्थित किता नं. ४५९८ र ४२०७ को क्रमश: क्षेत्रफल ०-०-१७-० र ०-०-१६.५-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत।

### शाखा कार्यालय: सखुवा महेन्द्रनगर, धुनषा

**ऋणीको विवरण**

नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभागमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७०/०८/१७ मा दर्ता नं. ६१८८/४५९/०७०/७१ कायम भई दर्ता भएको धनुषा जिल्ला, सखुवा महेन्द्रनगर गा.वि.स./न.पा. वडा नं. १ स्थित न्यु अनमोल ज्वेलर्स प्रोप्राइटर: मनोज कुमार ठाकुर

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. फुलगेन ठाकुर सोनारको बुहमरी, मनोज कुमार ठाकुरको पत्नी, धनुषा जिल्ला, वनिनिया गा.वि.स./उ.म.न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको रिता कुमारी ठाकुर (ना.प्र.प.नं. १७३०२४/५२, धनुषा)
२. मारुती ठाकुरको नाति, फुलगेन ठाकुर सोनारको छोरा, धनुषा जिल्ला, वनिनिया गा.वि.स./उ.म.न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको मनोज कुमार ठाकुर (ना.प्र.प.नं. ०७७४२४१५, धनुषा)

**धितोमा रहेको सम्पतिको विवरण**

१. रिता कुमारी ठाकुरको नाममा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगतमा दर्ता श्रेस्ता कायम रहेको धनुषा जिल्ला, हरिहरपुर गा.वि.स./न.पा. वडा नं. १ स्थित कित्ता नं. ६०६७ र १८५० को क्रमश: क्षेत्रफल ०-०-१०-८ र ०-०-५-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. यस बैंकको हितमा गरिएको मौज्दात (Stock) को हाइपोथिकेशन तथा चल / अचल सम्पति र अमुर्त सम्पति माथीको हक समेत ।

### शाखा कार्यालय: भैरहवा, रुपन्देही

**ऋणीको विवरण**

प्रदेश सरकार, लुम्बिनी प्रदेश, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय, सिद्धार्थनगर, रुपन्देहीमा प्राइभेट फर्म दर्ता ऐन, २०७६ र नियमावली, २०७६ बमोजिम मिति: २०७९/१२/२२ मा दर्ता नं. १०१९-८-२०७९/८० कायम भई दर्ता भएको रुपन्देही जिल्ला, ओमसतिया गा.पा. वडा नं. ४ स्थित फास्ट ट्रेड प्रोप्राइटर : मैलेन्द्र यादव

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. भुसाही अहिरको बुहारी, रामा शंकर अहिरको पत्नी, नवलपरासी जिल्ला, जमुनिया गा.वि.स./न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको मिरा देवी अहिर (ना.प्र.प.नं. ७२४७५, नवलपरासी)
२. धनइ अहिरको नाति, भुसाही अहिरको छोरा, नवलपरासी जिल्ला, जमुनिया गा.वि.स./न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको रामा शंकर अहिर (ना.प्र.प.नं.१०३२५, नवलपरासी)
३. भुसाही अहिरको नाति, रामा शंकर अहिरको छोरा, नवलपरासी जिल्ला, जमुनिया गा.वि.स./न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको मैलेन्द्र यादव (ना.प्र.प.नं.३६१०५७/२७३, नवलपरासी)

**धितोमा रहेको सम्पतिको विवरण**

१. मैलेन्द्र यादवको नाममा मालपोत कार्यालय, बुटवल रुपन्देहीको लगतमा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला, केरवानी गा.वि.स./न.पा. वडा नं. ४ स्थित किता नं. ३० को क्षेत्रफल ०-६-०-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
२. मैलेन्द्र यादवको नाममा मालपोत कार्यालय, बुटवल रुपन्देहीको लगतमा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला, आनन्दवन गा.वि.स./न.पा. वडा नं. ६ स्थित किता नं. १७८१ को क्षेत्रफल ०-३-०-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
३. यस बैंकको हितमा गरिएका मौज्दात (Stock) को हाइफोथिकेसन तथा चल/अचल सम्पति र अमूर्त सम्पति माथिको हक समेत।

### शाखा कार्यालय: लेटाङ, मोरङ्ग

**ऋणीको विवरण**

कहर सिहं ठकुरीको नाति, ललित बहादुर सिंह ठकुरीको छोरा, मोरङ जिल्ला, केराबारी गा.वि.स/न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको मिन बहादुर ठकुरी (ना.प्र.प.नं.:७७६१८, मोरङ)

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. ललित बहादुर सिंह ठकुरीको बुहारी, मिन बहादुर ठकुरीको पत्नी, मोरङ जिल्ला सिहंदेवी गा.वि.स/न.पा. वडा. नं. ७ स्थित स्थायी ठेगाना भएको शकुन्तला ठकुरी (ना.प्र.प.नं.: ०५-०१-६९-०००२१, मोरङ)
२. ललित बहादुर सिंह ठकुरीको बुहारी, विर सिहं ठकुरीको पत्नी, मोरङ जिल्ला, केराबारी गा.वि.स/न.पा., वडा. नं. १ स्थित स्थायी ठेगाना भएको नरमाया ठकुरी (ना.प्र.प.नं.: ०५३०१०/४२२, मोरङ)
३. कहर सिहं ठकुरीको बुहारी, ललित बहादुर सिंह ठकुरीको पत्नी, मोरङ जिल्ला, केराबारी गा.वि.स/न.पा. वडा. नं. ४ स्थित स्थायी ठेगाना भएको रममाया सिंह ठकुरी (ना.प्र.प.नं.: २१२७५, मोरङ)
४. कहर सिहं ठकुरीको नाति ललित बहादुर सिंह ठकुरीको छोरा, मोरङ जिल्ला, केराबारी गा.वि.स/न.पा. वडा. नं. १ स्थित स्थायी ठेगाना भएको विर सिंह ठकुरी (ना.प्र.प.नं.: २६५/४२५, मोरङ)

**धितोमा रहेको सम्पतिको विवरण**

मिन बहादुर ठकुरीको नाममा मालपोत कार्यालय बेलबारी मोरङको लगतमा दर्ता श्रेस्ता कायम रहेको मोरङ जिल्ला, केराबारी गा.वि.स./न.पा. वडा नं. ३ स्थित किता नं. ५९७ को क्षेत्रफल ०-१-०-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**धितो लिलामी बिक्रीका शर्तहरु :**

१. बोलपत्र आवेदन फारम मिति २०८२/१२/१६ गते सोमबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु हनुमानदास रोड, मोरङ्ग, महालक्ष्मीस्थान, ललितपुर, पथरी, मोरङ्ग, सखुवा महेन्द्रनगर, धुनषा, भैरहवा, रुपन्देही र लेटाङ्ग, मोरङ्गबाट प्राप्त गर्न सकिनेछ।
२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।
३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफुले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको Inter Department A/C LRD (००१-९९३१०२००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको A/C Payee Cheque संलग्न गर्नुपर्नेछ ।
४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।
५. शिलबन्दी बोलपत्र मिति २०८२/१२/२२ गते आइतबार कार्यालय समय भित्र शाखा कार्यालय महालक्ष्मीस्थान, ललितपुरको धितोमा रहेको सम्पतिहरुको हकमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौमा तथा अन्य सम्पूर्ण धितोको हकमा सम्बन्धित शाखा कार्यालयहरुमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।
६. शिलबन्दी बोलपत्र मिति २०८२/१२/२३ गते सोमबार दिउँसो ४:०० बजे शर्त नं. ५ मा उल्लेख भए अनुसारको शिलबन्दी बोलपत्र दर्ता भएको यस बैंकको सम्बन्धित कार्यालयहरु बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च र लाग्ने भए लाभकर समेत सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।
८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरूलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको सम्बन्धित कार्यालयहरुबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
९. धितो सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरू लागू हुनेछन् ।
१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु हनुमानदासरोड, मोरङ्ग, महालक्ष्मीस्थान, ललितपुर, पथरी, मोरङ्ग, सखुवा महेन्द्रनगर, धुनषा, भैरहवा, रुपन्देही र लेटाङ्ग, मोरङ्गमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

# हेटौंडा सिमेन्ट उद्योगका अध्यक्ष भण्डारीको राजीनामा

हेटौंडा (कास) परिवर्तित राजनीतिक परिवेशलाई कारण देखाई हेटौंडा सिमेन्ट उद्योगका सञ्चालक समिति अध्यक्ष नरेन्द्र भण्डारीले पदबाट राजीनामा दिएका छन् । आइतबार भण्डारीले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा राजीनामा पत्र बुझाएका हुन् ।

करिब १ वर्षको कार्यकाल बाँकी रहँदै उनले राजीनामा दिएका हुन् । मन्त्रिपरिषद्को २०८१ जेठ २४ गतेको निर्णयअनुसार तीन वर्षका भण्डारीलाई अध्यक्षमा नियुक्त गरिएको थियो । उनी नेकपा एमालेका तर्फबाट उद्योगको अध्यक्ष नियुक्त भएका थिए ।

विभिन्न चुनौतीबीच आफूले उद्योगलाई सुदृढ बनाउन प्रयास गरिएको भण्डारीले बताएका छन् । पुराना मेसिन, प्रविधिगत सीमितता तथा आर्थिक अभावका बाबजुद उद्योग सञ्चालनमा राख्न सफल भएको दाबी गर्दै उनले हाल क्लिंकर उत्पादन र बिक्री प्रक्रिया नियमित रूपमा चलिरहेको बताएका छन् ।


## नबिल बैंक लिमिटेड, पर्सा बजार शाखा, चितवनको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

**(प्रकाशित मितिः २०८२/१२/१६)**

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी कम्पनीले तथा सो को धितो जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८१/०५/२७ को आभियान दैनिक पत्रिकामा** प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अबस्था र परिमाणमा छ, सोही अबस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं संस्थाले यो सूचना प्रकाशित भएको **पन्ध्र (१५) दिन** (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपूर्वक भरी यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा पर्सा बजार शाखा, चितवनमा** आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवे दन पेश गर्न हुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अबगत गराईन्छ ।

**तपसिल**

**ऋणी कम्पनीको नाम र ठेगानाको विवरण**

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७७/०६/१६ मा दर्ता नं. २४३८०८/०७७/०७८ अन्तर्गत दर्ता भएको **श्री मिडप्वाईट गार्डेन रिसोर्ट प्रा.ली ।**
ठेगानाः नवलपरासी जिल्ला मध्यबिन्दु न.पा. वडा नं. ०३, नवलपरासी ।

**कम्पनीको संचालक तथा व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण**

१.नकच्छेद चौधरीको नातिनी, सुबलाल चौधरीको छोरी रौतहट जिल्ला सन्तपुर गा.बि.स बडा नं. १ बस्ने, ना.प्र.नं. ८२५/१३५२ (जारी मितिः २०३१/१०/१८, स्थान बारा) भएकी **मछेन्द्र देवी थरुनी ।**
२. भाउस चौधरीको नाती, श्याम प्रसाद चौधरीको छोरा, बारा जिल्ला सिहासनी गा.बि.स बडा नं. ८ बस्ने ना.प्र.नं. १/३३३(जारी मितिः २०५५/०९/१३, स्थान बारा) भएका **दिलिप कुमार चौधरी ।**
३. गोणका महतोको नाति, पाकु महतोको छोरा चितवन जिल्ला बछौली गा.बि.स बडा नं. ०२ बस्ने, ना.प्र.नं. ३५४/०४४ (जारी मितिः २०६०/०४/२१, स्थान बारा) भएकी **शान्त प्रताप चौधरी ।**
४. राजबंसी चौधरीको छोरी, हरीचरण चौधरीको बुहारी, राम बहादुर चौधरीको पत्नी रौतहट जिल्ला सन्तपुर गा.बि.स वडा नं. ०७ घर भइ हाल रौतहट जिल्ला चन्द्रपुर गा.बि.स बडा नं. ८ बस्ने, ना.प्र.नं. २५१९ (जारी मितिः २०४४/१२/३०, स्थान रौतहट) भएकी **मतिया देवी ।**
५. बाबु लाल चौधरीको नाती, हरीचरण चौधरीको छोरा, रौतहट जिल्ला सन्तपुर गा.बि.स बडा नं. ०७ घर भइ हाल रौतहट जिल्ला सन्तपुर गा.बि.स बडा नं. ०७ बस्नें, ना.प्र.नं. २०१९(जारी मितिः २०४४/०३/०२, स्थान रौतहट) भएका **राम बहादुर चौधरी ।**
६. सिता राम चौधरीको नाती, रामबाबु प्रसाद चौधरीको छोरा, बारा जिल्ला बछनपुर्वा गा.बि.स बडा नं. ०३ बस्ने, ना.प्र.नं. १०१६/४०४०७ (जारी मितिः २०७०/०५/१३, स्थान बारा) भएका **प्रणव चौधरी ।**
७. बेङ्गा चौधरीको नाती, भाउस चौधरीको छोरा, बारा जिल्ला सिहासनी गा.बि.स बडा नं. ८ बस्ने, ना.प्र.नं. २३४३/५०३(जारी मितिः २०४५, स्थान बारा) भएका **श्रीमान भोजा प्रसाद चौधरी ।**
८.देव नारायण चौधरीको नाती, सुरेन्द्र प्रसाद चौधरी थारुको छोरा, बारा जिल्ला सिहासनी गा.बि.स बडा नं. ०७ बस्ने, ना.प्र.नं. १/६२२२ (जारी मितिः २०५२/०८/१८, स्थान बारा) भएका **पुरुषोतम प्रसाद चौधरी ।**
९. गोबिन्द प्रसाद थनेतको नाती, इन्द्र प्रसाद थनेतको छोरा, नवलपरासी जिल्ला अग्यौली गा.बि.स बडा नं. ०७ बस्ने, ना.प्र.नं. १३४३३ (जारी मितिः २०५०/०१/२३, स्थान नवलपरासी ) भएका **श्रीमान ओम नारायण थनेत ।**
१०. हरी प्रसाद कर्डेलको नाती, बिष्णु प्रसाद कर्डेलको छोरा, चितवन जिल्ला भरतपुर म.न.पा बडा नं. ०६ बस्ने, ना.प्र.नं. ३५-०१-७५-०३०१७ (जारी मितिः २०७५/०२/२८, स्थान चितवन) भएका **विशाल कर्डेल ।**
११. अमिरि खां थारुको नाती, सोनफुल खां थारुको छोरा, रौतहट जिल्ला रगंपुर गा.बि.स बडा नं. ०४ बस्ने, ना.प्र.नं. ४७० (जारी मितिः २०५५/०५/३०, स्थान रौतहट) भएका **राम प्रसाद चौधरी ।**
१२. लक्ष्मी चौधरीको नाती, पाहुन चौधरीको छोरा, रौतहट जिल्ला जुडीबेला गा.बि.स बडा नं. ०८ घर भइ हाल रौतहट जिल्ला जुडीबेला गा.बि.स बडा नं. ०८ बस्ने, ना.प्र.नं. ३२/४०५४ (जारी मितिः २०४५/०१/२८, स्थान रौतहट) भएका **नन्द लाल चौधरी ।**

**धितोको विवरण**

धितोमा रहेको घर/जग्गाको विवरण:
१. बारा जिल्ला सिहासनी गा.बि.स वडा नं. ०७ बस्ने, **श्रीमान पुरुसोतम प्रसाद चौधरीको** नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको बारा जिल्ला, बछनपुर्वा गा.बि.स वडा नं. ०९ मा अबस्थित सिट नं ९ ख कि.नं. ८६ क्षेत्रफल १-६-१५ बिघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
२. रौतहट जिल्ला चन्द्रपुर गा.बि.स बडा नं. ८ बस्ने, **श्री मतिया देवी** नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको बारा जिल्ला, जुडिबेला गा.बि.स बडा नं. ६ मा अबस्थित सिट नं ६ ख कि.नं. ८८३ क्षेत्रफल ०-५-१० विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
३. बारा जिल्ला सिहासनी गा.बि.स वडा नं. ८ बस्ने, **श्री मछेन्द्र देवी थरुनी** नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रौतहट जिल्ला, सन्तपुर गा.बि.स बडा नं. ७ मा अबस्थित सिट नं कि.नं. ५६३ क्षेत्रफल ०-१४-० विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
४. नवलपरासी जिल्ला, कोल्हुवा गा.बि.स वडा नं. ०४, **मेसर्स मिडपोईट गार्डेन रिजोर्ट प्रा.ली** नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको नवलपरासी जिल्ला, कोलुवा गा.बि.स वडा नं. ०४ मा अवस्थित सिट नं ४ ख कि.नं. ३४६,३४८,३५० क्षेत्रफल ०-१-११-०.५, ०-४-४-०.५, ०-५-१-०.५ विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :
१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम रु १०००।०० दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा पर्सा बजार शाखा, चितवनमा** बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८२/१२/३० गते ५:०० बजे भित्र यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार,** काठमाडौं वा **पर्सा बजार शाखा, चितवनमा** बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८३/०१/०२ गते ३:०० बजे बैंकको **पर्सा बजार शाखा, चितवनमा** उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशत रकम बैंकमा नगदै जम्मा गरेको सक्कल भौचर वा बैंकको नाममा खिचिएको "गुड फर पेमेण्ट" अर्थात् "भुक्तानी योग्य चेक" (Good for Payment Cheque) वा ड्राफ्ट वा मेनेजर/बैंकर्स चेक वा बैंक जमानत संलग्न गरी तोकिएको म्याद भित्रैमा बैंकमा पेश गर्नु पर्नेछ । धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी बापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै ब्याज प्रदान गरिने छैन ।
१०.बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा पर्सा बजार शाखा, चितवनमा** कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४


# सामुदायिक विद्यालयमा केराखेती

**प्रकाश डोटेल**



स्याङ्जा- स्याङ्जाको वालिङ नगरपालिका-१० फूलबारीस्थित पूर्णामृत भवानी माध्यमिक विद्यालयले वर्षौंदेखि प्रयोगविहीन रहेको बाँझो जग्गालाई उत्पादनसँग जोड्ने उद्देश्यले केराखेती सुरु गरेको छ । जिल्लाकै नमुना विद्यालयले करिब १० रोपनी बाँझो जग्गामा 'जी नाइन' जातको केरा लगाउन सुरु गरेको हो ।

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन एकाइ, स्याङ्जाको प्राविधिक शिक्षालयसँग सहकार्य गर्दै व्यावसायिक उत्पादन कार्यक्रमअन्तर्गत केराखेती सुरु गरेको विद्यालयका प्रधानाध्यापक दीपक लम्सालले जानकारी दिए । विद्यालयको स्वामित्वमा विगत लामो समयदेखि बाँझो रहेको जग्गा अब उत्पादनशील क्षेत्रमा जोडिएसँगै विद्यार्थीका लागि सिकाइको माध्यमसमेत बनेको लम्सालले बताए ।

विद्यालयका कक्षा ९ देखि १२ सम्म कृषि बाली विज्ञान अध्ययनरत विद्यार्थीले बारीमै गएर अभ्यास गर्न पाउने भएका छन् । विद्यालयका अनुसार विद्यार्थीलाई 'पढ्दै कमाउँदै' कार्यक्रममार्फत केराखेतीलाई अगाडि बढाइने छ । केराखेतीमा विद्यालयका झन्डै ९० विद्यार्थीले सिकाइ अनुभव हासिल गर्नेछन् ।

केराखेतीका लागि कुल ५ लाख ६५ हजार तीन सय रुपैयाँ लागत अनुमान गरिएको विद्यालयले जनाएको छ । कुल लागतको ७५ प्रतिशत रकम कार्यक्रम र २५ प्रतिशत विद्यालयले व्यवस्थापन गर्नुपर्नेछ । विद्यालयका शिक्षक तथा विद्यार्थीले केराखेतीको प्रत्यक्ष रेखदेख र संरक्षणमा सक्रिय भूमिका खेल्ने विश्वास कार्यक्रमले जनाएको छ ।

स्थानीय बजारमा केराको उच्च माग भएकाले उत्पादित केराको बिक्रीमा समस्या नआउने विद्यालयले विश्वास लिएको छ । उत्पादित केरालाई विद्यार्थीका लागि दिवा खाजाका रूपमा प्रयोग गरिने विद्यालयको योजना रहेको प्रधानाध्यापक लम्सालले बताए ।

चितवनबाट एक हजार बेर्ना ल्याएर रोपिएको छ । केराखेतीका लागि माटो र हावापानी उपयुक्त देखिएपछि काम अघि बढाइएको कृषि विषयका शिक्षक गोविन्द गैह्रेले जानकारी दिए । बारीमै आधारित सिकाइले विद्यार्थीलाई प्राप्त ज्ञान व्यवहारमा उतार्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

विद्यालयसँग प्रशस्त जग्गा रहेकाले आगामी दिनमा बाँकी बाँझो जमिनसमेत उपयोग गर्ने योजना बनाइएको छ । यसअघि विद्यालयमा तरकारी, च्याउ तथा गड्यौले मल उत्पादनलगायतका गतिविधि सञ्चालन गरिएका थिए । अब कागती खेतीको तयारीसमेत गरिएको छ । 'पढ्दै कमाउँदै' कार्यक्रमलाई स्थानीय वालिङ नगरपालिकाले सहयोग गर्दै आएको छ ।

# चितवनमा आर्थिक गणना हुने

**आनन्द पोखरेल**

चितवन- जिल्लाका सातवटा पालिकाका ९८ वटै वडामा आगामी वैशाख २ गतेदेखि आर्थिक गणनाका लागि गणक परिचालन गरिने भएको छ । जिल्लाको आर्थिक गणनाका लागि ११७ जना गणक तथा १७ जना सुपरिवेक्षक परिचालन गर्न लागिएको आइतबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइएको छ ।

जिल्ला आर्थिक गणना कार्यालय चितवनकी प्रमुख, जिल्ला आर्थिक गणना अधिकारी रेणुकुमारी घिमिरेले वैशाख २ देखि असार ७ गतेसम्म गणक जिल्लाका हरेक घरमा पुगेर आर्थिक तथ्यांक संकलन गर्ने जानकारी दिइन् । एक जना गणकले करिब ६ सय घरधुरीको आर्थिक गणना गर्ने भन्दै उनले गणनामा खटिने गणकहरूलाई चैत २६ देखि ३० गतेसम्म अभिमुखीकरण तालिम प्रदान गरिने बताइन् । जिल्लाको आर्थिक गणनाका लागि भरतपुरमा चैत १ गते जिल्ला आर्थिक गणना कार्यालयको स्थापना गरेर काम अगाडि बढाइएको उनको भनाइ छ ।

जिल्लाभित्र रहेका विभिन्न १८ वटा उद्योग समूहका आर्थिक एकाइ समेटेर गणना गरिने उनले जानकारी दिइन् ।

आर्थिक गणनाले विश्वसनीय नीति निर्माण र योजना तर्जुमा, व्यवसायिक घनत्वमार्फत प्रतिस्पर्धी क्षेत्रहरुको उजागर, औद्योगिक तथा व्यापारिक संरचनाको जानकारी, रोजगारी सिर्जना र राष्ट्रिय अर्थतन्त्रमा योगदानको मापन, अनौपचारिकबाट औपचारिक अर्थतन्त्रमा हातेमालो गर्न आर्थिक गणनाको आवश्यकता रहेको जिल्ला आर्थिक गणना अधिकारी घिमिरेले बताइन् ।

अघिल्लो आर्थिक गणना २०७५ अनुसार चितवनमा जम्मा २९ हजार २३७ वटा औद्योगिक प्रतिष्ठान रहेकामा १७ हजार ४५ वटा दर्ता भएका तथा १२ हजार १८४ वटा दर्ताबिना नै सञ्चालनमा आएका र आठवटाको दर्ताबारे खुलेको थिएन । चितवनमा दर्ता भएर सञ्चालित प्रतिष्ठानमा ८२ हजार ९८७ सञ्चालक एवं दर्ताबिना सञ्चालित प्रतिष्ठानमा २१ हजार ६२१ जना सञ्चालक रहेका तथ्यांक छ । केन्द्रीय तथ्यांक कार्यालयले गर्न लागेको आर्थिक गणनामा अर्थतन्त्रभित्र सञ्चालित वस्तु वा सेवा उत्पादन गरी बजारमा बिक्री वा निःशुल्क वितरण गर्ने सबै उद्योग तथा कलकारखाना, व्यापारिक प्रतिष्ठान, निर्माणका सामग्री, यातायातका साधन, मेशिन, औजार मल तथा बिउ बिक्री गर्ने पसल सबै समावेश गरिनेछ ।

त्यस्तै, होटल तथा रेस्टुरेन्ट, निर्माण कम्पनी, बैंक तथा वित्तीय संस्था, यातायात सेवा प्रदायक प्रतिष्ठान, सामाजिक संघसंस्था, क्लब, समूह, राजनीतिक दल, उपभोक्ता समिति, शैक्षिक संस्था, स्वास्थ्य संस्था, दर्ता गरिएका कृषि क्रियाकलाप सबै गणना हुने जनाइएको छ । यद्यपि सार्वजनिक प्रशासन तथा रक्षा सेवा प्रदायक सरकारी निकायको गणना नहुने भन्दै उनले सडक किनारमा सामान बिक्री गर्ने व्यवसायीदेखि साइकल तथा ठेलामा सामान बिक्री गर्ने सम्पूर्ण व्यवसायलाई आर्थिक गणनामा समेटिने बताइन् । आर्थिक गणनाका लागि स्थानीय र वडा आर्थिक गणना समन्वय तथा सहजीकरण समिति निर्माण गरिएको भन्दै सरकारी निकायमा दर्ता भएर सञ्चालित तथा दर्ता नभई सञ्चालित सम्पूर्ण आर्थिक क्रियाकलाप गणनामा समावेश गरिने जनाइएको छ ।

आर्थिक गणनामा समावेश हुने क्षेत्रहरुमा दर्ता भएर सञ्चालन गरिएका कृषि, वन एवं माछापालन, खानी तथा उत्खनन, औद्योगिक उत्पादन, विद्युत् तथा ग्यास, पानी आपूर्ति, फोहोर व्यवस्थापन, थोक तथा खुद्रा व्यापार, यातायात तथा भण्डारण, आवास तथा भोजन सेवा, सूचना तथा सञ्चार, वित्तीय तथा बिमा, घरजग्गा व्यवसाय, पेसागत वैज्ञानिक सेवा, प्रशासनिक सहयोगी सेवा, शिक्षा, मावन स्वास्थ्य र सामाजिक कार्य, कला, मनोरञ्जन तथा मनोवाद एवं अन्य सेवा गरी १८ वटा क्षेत्र छुट्याइएको घिमिरेले बताइन् । दर्ता नभई सञ्चालन गरिएका कृषि वन तथा माछापालन, तीनवटै सरकारका प्रशासनिक कार्यहरू, अनिवार्य सुरक्षा, नियमकारी कार्यहरू, घरेलु कामदार राखेर गरिएका कामहरू, कानुनी सम्झौताबिना गरिएका घरायसी काम एवं अन्तर्राष्ट्रिय संगठनका कार्यक्षेत्र र क्रियाकलाप गणनामा नसमेटिने घिमिरेले जानकारी दिइन् ।

# कर्णालीका सात पालिकालाई ३ करोड ४० लाख अनुदान



**हेमन्त केसी**

सुर्खेत- कर्णाली प्रदेश सरकारले नवप्रवर्तन साझेदारी कोषमार्फत काम गर्न सात पालिकालाई छनोट गरिएको छ । असोज ३१ गते मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम प्रदेश कार्यक्रम सहयोग एकाईले सूचना प्रकाशित गरेर प्रस्ताव माग गरिएको थियो । उक्त सूचनाअनुसार कर्णालीका स्थानीय तहले प्रस्ताव पठाएका थिए । ३० दिनभित्र अवधारणपत्र पेस गर्न आग्रह गरिएको थियो । यो कार्यक्रममार्फत रहेको रकमबाट भौतिक पूर्वाधार क्षेत्रमा लगानी गर्न नपाइने उल्लेख गरिएको थियो ।

पत्रमा भनिएको भनिएको छ, 'नवप्रवर्तन साझेदारी परियोजना कार्यान्वयनका लागि नवप्रवर्तन साझेदारी परियोजना सञ्चालन कार्यविधि, २०८२ बमोजिम यो सूचना प्रकाशन गरिएको छ । यो सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र (मिति २०८२/७/२९ समयभित्र र अवधारणापत्र पेस गर्न अनुरोध छ ।' यस प्रदेशभित्रका स्थानीय तहले कार्यविधिको अनुसूची-२ बमोजिमको ढाँचामा अवधारणापत्र तयार गरी आवश्यक कागजातसहित आवेदन पेस गर्न अनुरोध गरिएको थियो ।

आएका अवधारणपत्रमध्येबाट कर्णाली प्रदेश सरकारले नवप्रवर्तन साझेदारी कोषअन्तर्गत सातवटा स्थानीय तहलाई कुल ३ करोड ४० लाख रुपैयाँ उपलब्ध गराउने निर्णय भएको छ । आज बसेको प्रदेश सरकारको बैठकले आर्थिक वर्ष २०८२/८३ मा सञ्चालन हुने परियोजनाका लागि सम्बन्धित पालिकालाई बजेट अख्तियारी प्रदान गर्ने निर्णय गरेको छ ।

प्रदेश सरकारका प्रवक्ता विनोद शाहका अनुसार नवप्रवर्तन कार्यक्रममार्फत डिजिटल प्रविधि, सेवाप्रवाह सुधार, शिक्षा, स्वास्थ्य तथा उद्यम विकासजस्ता क्षेत्रमा रूपान्तरण ल्याउने उद्देश्य राखिएको छ । छनोटमा परेका परियोजना स्थानीय आवश्यकता र प्रविधिमैत्री सेवाको विस्तारलाई केन्द्रमा राखेर तय गरिएको जनाइएको छ ।

निर्णयअनुसार रुकुम पश्चिमको सानीभेरी गाउँपालिकालाई 'डिजिटल प्रविधिमा आधारित स्थानीय सेवा प्रवाह' कार्यक्रमका लागि ४२ लाख रुपैयाँ विनियोजन गरिएको छ । त्यस्तै, सल्यानको शारदा नगरपालिकामा 'एकीकृत डिजिटल सेवा तथा सूचना व्यवस्थापन प्रणाली' कार्यान्वयनका लागि ४२ लाख रुपैयाँ दिने निर्णय भएको छ ।

शिक्षा क्षेत्रमा सुधार ल्याउने लक्ष्यसहित रुकुम पश्चिमकै चौरजहारी नगरपालिकामा 'डिजिटल कक्षाकोठा व्यवस्थापन परियोजना'का लागि ५४ लाख ६० हजार रुपैयाँ विनियोजन गरिएको छ । आर्थिक विकास र उद्यमशीलता प्रवर्धन गर्न नारायण नगरपालिकालाई 'व्यावसायिक उद्यम विकास परियोजना' सञ्चालनका लागि ५४ लाख ५१ हजार ७ सय रुपैयाँ दिने निर्णय भएको छ ।

स्वास्थ्य क्षेत्र सुदृढीकरणतर्फ मुगुम कार्मारोङ गाउँपालिकामा 'डिजिटल नवप्रवर्तनमा आधारित सामुदायिक अस्पताल सुदृढीकरण कार्यक्रम'का लागि सबैभन्दा बढी ७५ लाख रुपैयाँ छुट्याइएको छ । त्यसैगरी, जाजरकोटको नलगाड नगरपालिकामा 'प्रविधिमैत्री एकीकृत सेवा प्रवाह केन्द्र' सञ्चालनका लागि २२ लाख ८८ हजार ३ सय रुपैयाँ विनियोजन गरिएको छ । रास्कोट नगरपालिकालाई 'डिजिटल पालिका' कार्यक्रमअन्तर्गत ४९ लाख रुपैयाँ उपलब्ध गराइनेछ ।

प्रदेश सरकारले यी परियोजनामार्फत स्थानीय तहमा प्रविधिको प्रयोग विस्तार गर्दै सेवा प्रवाहलाई प्रभावकारी, पारदर्शी र पहुँचयोग्य बनाउने अपेक्षा गरेको छ । साथै, नवप्रवर्तनमार्फत स्थानीय आर्थिक गतिविधि सुदृढ पार्दै रोजगारी सिर्जनामा समेत टेवा पुग्ने विश्वास गरिएको छ ।

त्यसैगरी, कर्णाली प्रदेशसभाको दोस्रो कार्यकालको सातौं अधिवेशन आज राति १२ बजेदेखि अन्त्य गर्ने निर्णय गरिएको छ ।


## वर्गीकृत डिस्प्ले

### बीमालेख हरायो

मिति २०८२/१०/०२ गते सिरुटार देखि कौशलटारसम्म जाँदा मेरो निम्न व्यहोरा भएको **राष्ट्रिय जीवन बिमा कम्पनी लि.** बाट जारी भएको बीमालेख हराएको हुदाँ पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नं.मा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम थर : सजी न्याछ्यों
बीमालेख नं : १६८०३२
सम्पर्क नं : ९८४९६७१३६७
ठेगानाः सूर्यविनायक न.पा.-१,भक्तपुर


# लोचाखोलामा मोटरेबल पक्की पुल निर्माण

खोटाङ (रासस)- रावाबेंसी गाउँपालिकाको हौंचुरस्थित लोचाखोलामा मोटरेबल पक्की पुल निर्माण सुरु गरिएको छ । कोशी प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालयको बहुवर्षीय योजनाअन्तर्गत विनियोजन भएको पाँच करोड ११ लाख ४६ हजारमा पुल निर्माणको काम सुरु गरिएको हो ।

भौतिक पूर्वाधार विकास कार्यालय खोटाङमार्फत ठेक्का आह्वान गरिएकामा आरके देन्धुप जेभी सोलुखुम्बुले दुई करोड ८९ लाख ७५ हजारमा बजेटमा सम्झौता गरेर निर्माणको काम सुरु गरेको पूर्वाधार विकास कार्यालय खोटाङका प्रमुख विनम दाहालले जानकारी दिए । निर्माण कम्पनीसँगको सम्झौताअनुसार २०८४ साल जेठभित्र पुल निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

निर्माण कम्पनीसँगको सम्झौताअनुसार १५ मिटर लामो मोटरेबल पक्की पुल निर्माण गरिनेछ । लोचाखोलामा निर्माण हुने मोटरेबल पक्की पुलले रावाबेंसी गाउँपालिका-१ कुभिण्डे र सोही गाउँपालिक-६ हौंचुरका स्थानीयलाई आवतजावतमा सहज अपेक्षा गरिएको छ । सम्झौता गरेको केही दिनपछिबाट निर्माण सुरु गरिएको लोचाखोला पुलको औपचारिक शिलान्यास शनिबार कोशी प्रदेश सरकारको निर्वतमान भौतिक पूर्वाधार विकास एवं स्वास्थ्यमन्त्री भूपेन्द्र राईले गरेका छन् । लोचाखोलामा पुल नहुँदा समस्या झेल्दै आएका स्थानीय ढिलै भए पनि प्रदेश सरकारको लगानीमा मोटरेबल पक्की पुल निर्माण हुने भएपछि हर्षित भएका छन् ।

भौगोलिक रूपमा खोला तथा कोशीले घेरिएको खोटाङमा मोटरेबल पक्की पुलको अभाव रहेको उनले उल्लेख गरे । 'जिल्लाका धेरै स्थानमा मोटरेबल पक्की पुल आवश्यक भए पनि अत्यावश्यक नाकामध्ये लोचाखोलालाई प्राथमिकतामा राखेर काम अघि बढाएका छौं । यहाँ ठाडो र लामो शिर भएको खोला भएकाले आवतजावतमा धेरै समस्या थियो । यो समस्या समाधान गर्न बजेट विनियोजन गरेर पुल निर्माणको काम सुरु गरिएको छ,' प्रदेश मन्त्री राईले बताए ।

## गतिविधि

## भारतीय सहयोगमा सुनसरीमा फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण



काठमाडौं (कास)- भारत सरकारले कोसी प्रदेशअन्तर्गत सुनसरीको दुहवी नगरपालिका-४ मा फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण गर्न सहयोग गर्ने भएको छ।

भारतले केन्द्र निर्माण गर्न १६ करोड ४० लाख रुपैयाँ दिने भएको हो । यो उच्च प्रभाव सामुदायिक विकास परियोजना सुनसरीको दुहवी नगरपालिकामार्फत कार्यान्वयन गरिनेछ।

काठमाडौंस्थित भारतीय दूतावासका प्रथम सचिव नारायण सिंह र दुहबी नगरपालिकाका मेयर वेदनारायण गच्छदारले केन्द्रको संयुक्त रुपमा शिलान्यास गरे। मेयर गच्छदारले यो नयाँ संरचनाले दुहबी नगरपालिकामा दिगो फोहोरमैला व्यवस्थापनलाई प्रवर्द्धन गर्न मद्दत पुग्नेमा विश्वास व्यक्त गरे।

## सिटिजन्सद्वारा ट्र्याकसुट वितरण



काठमाडौं (कास)- सिटिजन्स बैंक इन्टरनेसनलले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत हुम्लाको अदानचुली गाउँपालिका- ३ मा अवस्थित छत्रपाल आधारभूत विद्यालयका २०५ बालबालिलाई ट्र्याकसुट सहयोग गरेको छ। विद्यालयमा आयोजित कार्यक्रममा बैंकको सर्केगाड शाखामार्फत सहयोगस्वरुप विद्यार्थीलाई ट्र्याकसुट हस्तान्तरण गरिएको थियो।

वितरित ट्र्याकसुटले विद्यार्थीलाई खेलकुद, व्यायाम र दैनिक विद्यालय गतिविधिमा आरामदायी र न्यानो पोसाकको अनुभूति दिलाउने बैंकको विश्वास छ। आगामी दिनमा पनि बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिकलगायत क्षेत्रमा विभिन्न कार्यक्रम सञ्चालन गर्ने योजना रहेको जनाएको छ।

## बजाजको ग्राहक लक्षित डिजिटल अफर




काठमाडौं (कास)- नेपालमा बजाज बाइक आधिकारिक वितरक हंसराज एन्ड हुलासचन्द कम्पनीले 'तपाईंका लागि सरप्राइजः स्क्यानमा लुकेका छन् लाखौं'का प्राइज योजना सार्वजनिक गर्ने भएको छ।

कम्पनीले ग्राहकका लागि नयाँ र आकर्षक डिजिटल योजना ल्याउने तयारी गरिरहेको हो। आधुनिक प्रविधिसँग जोडिएको योजनाअन्तर्गत ग्राहकले क्यूआर कोड स्क्यान गरेर विभिन्न उपहार जित्ने अवसर पाउनेछन्। योजनालाई अझ रोचक बनाउन कम्पनीले हाल यसको विस्तृत विवरण गोप्य राखेको जनाएको छ। कम्पनीका अनुसार ग्राहकको सहभागिता बढाउने र डिजिटल अनुभवलाई अझ सहज बनाउने उद्देश्यले यो योजना ल्याउन लागिएको हो।

'हामी केही नयाँ र रोमाञ्चक कुरा ल्याउँदै छौं, जसबाट ग्राहकले केवल स्क्यान गरेरै मूल्यवान उपहार जित्न सक्नेछन्,' कम्पनीले भनेको छ। कम्पनीले यस योजनासम्बन्धी थप जानकारी, पुरस्कार विवरण तथा सहभागिता प्रक्रिया छिट्टै सार्वजनिक गरिने बताएको छ।

## नेपाल सेरामिकको सेयर बिक्री प्रबन्धक माछापुच्छ्रे क्यापिटल



काठमाडौं (कास)- माछापुच्छ्रे क्यापिटल र नेपाल सेरामिक इन्डस्ट्रीबीच प्राथमिक सेयर निष्कासन सम्झौता भएको छ।

नेपाल सेरामिक इन्डस्ट्रीले ३० लाख कित्ता साधारण सेयर सर्वसाधारणमा जारी गर्न माछापुच्छ्रे क्यापिटललाई निष्कासन तथा बिक्री प्रबन्धक नियुक्त गरेको हो।

सम्झौतामा माछापुच्छ्रे क्यापिटलका प्रमुख कार्यकारी अधिकृत उपेन्द्र मालाकार र नेपाल सेरामिकमा अध्यक्ष शम्भुनाथ झाले हस्ताक्षर गरेका थिए। माछापुच्छ्रे क्यापिटल, माछापुच्छ्रे बैंकको सहायक कम्पनी हो।

## जीवन र युनिक लघुवित्त एक हुँदै

काठमाडौं (कास)- जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड र युनिक नेपाल लघुवित्त वित्तीय संस्थाबीच मर्जरका लागि सम्झौता भएको छ। यी दुई कम्पनीबीबच मर्जरसम्बन्धी समझदारीपत्रमा शनिबार हस्ताक्षर भएको हो।

कम्पनीले मर्जरको सम्झौता भएको जानकारी दिँदै आधारभूत सेयरधनीको सेयर कारोबार रोक्का गर्न नेपाल स्टक एक्सचेञ्ज (नेप्से)समक्ष अनुरोध गरेको छ।

मर्जर तथा प्राप्तिसम्बन्धी निर्देशिका, २०७९ को व्यवस्था बमोजिम आधारभूत सेयरधनीको सेयर कारोबार साधारणसभा सम्पन्न नभएसम्म रोक्का गर्न कम्पनीले भनेको हो। कम्पनीले २० जना आधारभूत सेयरधनीको नाम र सेयर स्वामित्वसम्बन्धी विवरण उपलब्ध गराउँदै कारोबार रोक्काका लागि नेप्सेसँग आग्रह गरेको छ।

## बढ्ने अपेक्षाविपरीत किन झ्याप्पै घट्यो सेयर बजार ?




काठमाडौं (कास)- नयाँ सरकारले कार्यभार सम्हालेपछि बढ्ने अपेक्षा गरिएको सेयर बजारमा आइतबार ठूलो गिरावट आएको छ । बालेन्द्र शाह बालेनको नेतृत्वमा नयाँ सरकार गठन भएपछि खुलेको पहिलो दिनको सेयर बजार ७१ अंकले घटेको हो।

गिरावटसँगै नेप्से २९ सयमुनि झरेको छ। बजार आइतबार २८७९.११ बिन्दु कायम भएको छ। नयाँ सरकार गठनपछिको पहिलो कारोबार दिन सेयर बजार बढ्ने अपेक्षा लगानीकर्ता, ब्रोकरलगायत सबैले गरेका थिए। तर, सो अपेक्षाविपरीत बजार घट्दा सबै निरास बनेका छन्।

जानकारका अनुसार स्थिर राजनीतिको अपेक्षाका कारण बजार बढ्ने आकलन गरिएकामा पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखक पक्राउ परेपछि मुलुक पुनः द्वन्द्वमा जानसक्ने भयका कारण अत्तालिएको हुन सक्छ । सरकारले जेनजी आन्दोलनका क्रममा दमन गरेको निष्कर्ष निकाल्दै सार्वजनिक भएको गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय गरेको थियो।

त्यसपछि शनिबार प्रहरीले ओली र लेखकलाई पक्राउ गरेको थियो। आफ्नो पार्टी अध्यक्ष पक्राउको विरोधमा एमालेले देशव्यापी प्रदर्शन गर्ने जनाएसँगै लगानीकर्ता मुलुक फेरि आन्दोलन र अनिश्चिततामा जान सक्ने त्रासमा छन्। यसले गर्दा बजार घटेको एक ब्रोकर कम्पनीका प्रतिनिधिले जानकारी दिए।

आइतबार बजार खुलेपछि निरन्तर ओरालो लागेको थियो। यद्यपि बजार घटे पनि कारोबार रकम भने बढेको छ। गत बिहीबार १३ अर्ब १६ करोडको कारोबार भएकामा आइतबार १५ अर्ब ३ करोडको भयो । ९ कम्पनीको मूल्य बढ्दा २५६ को घटेको छ भने एक कम्पनीको सेयर मूल्य स्थिर रहेको छ।

आइतबार बजार घट्नुको अर्को कारण नाफा बुक गर्नु पनि हो । बजार एक चरण विगतमा बढिसकेका कारण आइतबार धेरैले नाफाको मौका छोपेको जानकार बताउँछन्। आगामी केही दिन बजारको गिरावटले निरन्तरता पाउन सक्ने ती ब्रोकरको भनाइ छ। यद्यपि बजारमा निजी क्षेत्रमैत्री नीति सरकारले घोषणा गर्दा त्यसले सकारात्मक प्रभाव पार्न सक्नेसमेत देखिन्छ।

निजी क्षेत्रलाई 'भाइब्रेन्ट' गर्ने गरी नीति ल्याउने तयारीसँगै सरकारले आफ्नो एक सय दिनको कार्यसूचीसमेत सार्वजनिक गरेर अगाडि बढेकाले सेयर बजार थप नबिग्रने बजारका जानकार बताउँछन्।

आइतबार सेयर बजारका सबै समूहगत सूचक घटेका छन् । फाइनान्स सबैभन्दा धेरै ३.३८ प्रतिशत घटेको छ । त्यस्तै, बैंकिङ २.७८, विकास बैंक २.८९, होटल तथा पर्यटन २.२५, हाइड्रोपावर २.२१, लगानी २.९८, जीवन बीमा २.२०, उत्पादन तथा प्रशोधन १.०७, माइक्रोफाइनान्स २.११, निर्जीवन बीमा २.२३, अन्य २.५२ तथा व्यापार ३.०१ प्रतिशत घटेका छन्।

आइतबार विभिन्न ६ कम्पनीको सेयर मूल्य १० प्रतिशतले बढेको छ। १० प्रतिशत बढेका कम्पनीमा रिलायन्स स्पिनिङ मिल्स, सुपरखुदी हाइड्रोपावर रिजलाइन इनर्जी, सूर्यकुन्ड हाइड्रोइलेक्ट्रिक, भुजुङ हाइड्रोपावर र होटल फरेस्ट इन छन् । यस दिन युनिक नेपाल लघुवित्तको ६.१७, हिमाल दोलखाको ५.४५, अभियान लघुवित्तको ५.३९, माउन्टेन हाइड्रो नेपालको ५.३७ प्रतिशत सेयर मूल्य घटेको छ। आइतबार धेरै कारोबार भएका कम्पनीमा रिडी पावर, डादी ग्रुप, सोलु हाइड्रोपावर, शिवम् सिमेन्ट र नेसनल हाइड्रोपावर कम्पनी छन्।

## धितोमा रहेको चलअचल सम्पत्ति लिलाम डाँक बढाबढद्वारा लिलाम बिक्री गरिने बारेको प्रथम पटकको सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति: २०८२/१२/१६

तपसील बमोजिमका कर्जा ग्राहकहरुले यस बैंकबाट देहाय बमोजिम कर्जा/सुविधाहरुको बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना तथा अन्य लेना रकम बुझाउन पटक पटक मौखिक तथा लिखित रुपमा तर ताकेता तथा कर्जा बुझाउने बारे २१ (एक्काईस) दिने सूचना प्रकाशन, कालोसूचिमा राखिने बारेको ३५ दिने सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिनभित्र बैंकको सम्पूर्ण लेना र कम चुक्ता गर्नुहुन कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरीनामा दिने, जमानत दिनुहुने व्यक्ति/**संस्**थालाई यो सार्वजनिक सूचना जारी गरीएको छ। उल्लेखित ३५(पैंतीस) दिनभित्र कर्जा चुक्ता नगरेमा कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरीनामा दिने, व्यक्तिगत जमानतर्ता दनुहुने व्यक्ति/**संस्**था र सम्बन्धित पक्षलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा राखिने र बैंकलाई लेखिदिएको चलअचल सम्पत्ति/परियोजना बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ रयस बैंकको प्रचलित कर्जा असुली कार्य बिधिअनुसार देहाय बमोजिमको मितिमा धितो लिलाम डाँक बढाबढ गरिने हुँदा ईच्छुक व्यक्ति/संस्था तथा सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। साथै, उपरोक्त अनुसार डाँक बढाबढद्वारा धितो लिलाम बिक्री हुननसकेमा धितो सुरक्षणमा रहेको चलअचल सम्पत्ति बैंक आफैले सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपशील**

**धितो लिलाम बिक्री हुने मिति : २०८३ साल बैशाख महिना २० गते**

सम्बन्धितकार्यालय : कृषि बिकास बैंक लि. शाखा कार्यालय अत्तरीया, कैलाली

लिलाम हुने कार्यालय/स्थान: कृषि विकास बैंक लि. शाखा कार्यालय क्याम्पसरोड, धनगढी।

**ग्राहकको विवरण**

**१.ग्राहकको नाम: भुवन एण्ड भाष्कर कन्ट्रक्सन** दर्ता भएको कार्यालय: जयपृथ्वी नगरकार्यपालिका, उद्योग विकाश शाखा, बझाङ्ग

फर्मको दर्ता नं. : ९७३/०७४/७५ दर्ता मिति : २०७४-०६-२३ पान नं.६०७०३१२६५

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| कर्जा शिर्षक | जग्गाधनीको नाम | जिल्ला | गा.बि.स. | वडानं. | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|---|
| सरल ठेक्का कर्जा | भुवन एण्ड भाष्कर कन्ट्रक्सन | कैलाली | निगाली | ३ | ७ | ६४९४.३८ | |
| सरल ठेक्का कर्जा | भुवन एण्ड भाष्कर कन्ट्रक्सन | कैलाली | निगाली | ३ | ४० | २०३४.९६ | |
| सरल ठेक्काकर्जा | भुवन एण्ड भाष्कर कन्ट्रक्सन | कैलाली | निगाली | ३ | ४७ | ५७८६.९२ | |

**प्रोप्राईटरको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | बाबुको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| भुवन बहादुर सिंह | भिमदत्त न.पा.१७, कन्चनपुर | ७५१००१/५९४७ | कन्चनपुर/२०६५-१२-३० | गोरख बहादुर सिंह | दलबहादुर सिंह |

**जमानत दिनेको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | बाबुको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| बिजय मल्ल | बझाङ्ग १, रायल | ८२५२ | कन्चनपुर/ २०५४-०४-०३ | धनबहादुर मल्ल | मन्धीर मल्ल |

**शर्तहरु :**

१) धितो लिलाम डाँक बढाबढ हुने तोकिएको दिन लिलामी कार्य सम्पन्न हुन नसकेमा वा सार्वजनिक बिदा परेमा सो को लगतै बैंक खुलेको दिन उक्त लिलामी कार्य हुनेछ।

२) धितो लिलाम डाँक बढाबढमा कम्तिमा ३(तीन)जना व्यक्ति/संस्थाहरुले भागलिएको हुनु पर्नेछ।

३) धितो लिलाम डाँक बढाबढमा सबै भन्दा बढी रकम बोलकबोल गर्ने व्यक्ति/संस्थाले बोलेको अंकको कम्तिमा १० (दश) प्रतिशत हुने रकम धरौटी वापत त्यसै दिन सम्बन्धित बैंकमा सम्पर्क राखि जम्मा भएको हुनु पर्नेछ।

४) लिलाम सकार गर्ने व्यक्ति/संस्थाले लिलाम सदर भएको ७(सात) दिनभित्र बाँकी रकम बुझाउनु पर्नेछ। बुझाउनु पर्ने बाँकी रकम तोकीएको मितिमा बुझाउन नसकेमा जम्मा भएको रकम स्वत:जफत हुनेछ।

५) लिलाम सदर/बदरको निर्णय नभए सम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा व्याज दाबी गर्न पाईने छैन।

६) डाँक बढाबढको शुरुवात अंक उक्त चल अचल सम्पत्तिको मूल्यांकनबाट शुरुवात गरिनेछ।

७) धितो लिलाम डाँक बढाबढ सदर वाबदर गर्नु अगावै सम्बन्धित ग्राहकले बैंकलाई भुक्तानी गर्नुपर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाही हुने छैन।

८) लिलाम सदर भए पश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदातालेनै ब्यहोर्नु पर्नेछ।

९) डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।

१०) अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

**कृषि बिकास बैक लि.**
**कर्जा असुली तथा संकलन विभाग**
मुख्य कार्यालय काठमाडौं

## प्रभु हेलिकप्टर लिमिटेड

PRABHU HELICOPTER

**प्रधान कार्यलयः** कमलादी-२८, काठमाण्डौ, फोनः०१-४१६९३०८
इमेलः info@prabhuhelicopter.com वेभसाइटः www.prabhuhelicopter.com

### चौथो वार्षिक साधारण सभा सम्बन्धी सूचना

(दोस्रो पटक सूचना प्रकाशन मितिः २०८२/१२/१६ गते)

**श्री आदरणीय शेयरधनी महानुभावहरु,**

यस प्रभु हेलिकप्टर लिमिटेडको सञ्चालक समितिको मिति २०८२/१२/०२ गते बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम यस कम्पनीको चौथो वार्षिक साधारण सभामा देहायका विषयहरु उपर छलफल तथा पारित गर्न निम्न मिति, स्थान र समयमा बस्ने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा-६७(२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

**साधारण सभा बस्ने मिति, समय र स्थान :**

**मिति :** २०८२ साल चैत २७ गते (१० अप्रिल, २०२६)

**समय :** बिहान १०:३० बजे।

**स्थान :** अरण्य बुटिक होटल, नागपोखरी, काठमाडौं।

**वार्षिक साधारण सभाको छलफलका विषयहरु :**

**क. सामान्य प्रस्तावहरु :**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०८१/८२ को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण लगायत वित्तीय विवरणहरु स्वीकृत गर्ने।

(३) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०८२/८३ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।

(४) संचालकको नियुक्ति अनुमोदन गर्ने सम्बन्धमा।

(५) विविध।

**ख. विशेष प्रस्तावहरु**

(१) कम्पनीको प्रबन्धपत्र र नियमावली संसोधन गर्ने सम्बन्धमा।

(२) विविध।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

# ओली र लेखकमाथि अनुसन्धान गर्न अदालतको अनुमति

## पाँच दिन हिरासतमै बस्ने

काठमाडौं (कास)- काठमाडौं जिल्ला अदालतले पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई पाँच दिन हिरासतमै राखेर अनुसन्धान गर्न अनुमति दिएको छ।

गत भदौ २३ र २४ को जेनजी आन्दोलनमा भएको दमन छानबिन गर्न गठित गौरीबहादुर कार्की आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने बालेन्द्र शाह बालेन मन्त्रिपरिषद् निर्णयअनुसार शनिबार पक्राउ परेका ओली र लेखकलाई आइतबार जिल्ला अदालत काठमाडौंमा उपस्थित गराइएको थियो । एमाले पूर्वअध्यक्षसमेत रहेका ओलीको स्वास्थ्यका कारण त्रिवि शिक्षण अस्पतालमा उपचाररत उनलाई भर्चुअल उपस्थित गराइएको थियो।

आइतबार न्यायाधीश आनन्द श्रेष्ठको इजलासले दुवैलाई हिरासतमा राख्न मनासिब देखिएको जनाएको छ। अनुमति दिँदा सरकारी वकिलले तीन वटा कारण प्रस्तुत गर्दै माग गरेका थिए।

अदालतले प्रतिवादीको बयान लिनुपर्ने, अन्य व्यक्तिको घटना विवरण कागज गर्न र भदौ २३ र २४ को घटनासम्बन्धी जाँचबुझ आयोगको प्रतिवेदन अध्ययन विश्लेषण गर्नुपर्ने कारण मनासिब देखेको हो।

'प्रस्तुत मुद्दामा प्रतिवादीको बयान गर्न, बुझ्नुपर्ने मानिसको घटना विवरण कागज गर्न तथा भदौ २३ र २४ गतेको घटनासम्बन्धी जाँचबुझ आयोग, २०८२ को प्रतिवेदन अध्ययन विश्लेषण गर्नेलगायत प्रयोजनका लागि प्रतिवादीलाई प्रहरी हिरासतमा राख्न अनुमति माग गरेको र अनुमति माग गरेको व्यहोरा मनासिब देखिँदा प्रतिवादी केपी शर्मा ओली र रमेश लेखकलाई प्रहरी हिरासतमा राखी उपरोक्त लेखिए बमोजिमको कार्यहरू सम्पन्न गर्ने प्रयोजनका लागि ५ दिन म्याद थपको अनुमति प्रदान गरिदिएको छ,' आदेशमा भनिएको छ।



ओली अस्पतालमा रहेकाले आवश्यक उपचारको व्यवस्था गर्नसमेत यो आदेश दिएको अदालतका स्रेस्तेदार स्रेस्तेदार तीर्थराज भट्टराईले बताए।

जाँचबुझ आयोगले दुवै जनामाथि मुलुकी अपराध संहिता २०७४ को दफा १८१ र १८२ अनुसार अनुसन्धान र अभियोजन गर्न सिफारिस गरेको थियो।

शनिबार बिहान भक्तपुरस्थित निवासबाट प्रहरीले ओली र लेखकलाई नियन्त्रणमा लिएको थियो । प्रहरीले दुबै जनालाई पक्राउ गरेपछि सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको रिटसमेत दायर भएको छ।

ओलीकी श्रीमती राधिका शाक्य र लेखककी श्रीमती यशोदा लेखकले रिट दायर गरेका छन्। रिटमाथि सुनुवाइका लागि सोमबार पेसी तोकिएको छ।

सरकारी वकिलले अध्यक्ष ओली र नेता लेखकलाई १० दिन थुनामा राखेर अनुसन्धान अघि बढाउन माग गरेका थिए।

गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनको बेला एमाले अध्यक्ष ओली प्रधानमन्त्री र कांग्रेस नेता लेखक गृहमन्त्री थिए।

**अध्यक्ष ओली चिकित्सकको निगरानीमा**

हृदयको धड्कन असामान्य भएको समस्याका कारण शनिबार अस्पताल भर्ना भएका एमाले अध्यक्ष केपी शर्मा ओली चिकित्सकको निगरानीमा रहेका छन्।

त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालले अध्यक्ष ओलीको स्वास्थ्यस्थितिबारे आइतबार बेलुकी विज्ञप्ति जारी गर्दै उनी चिकित्सकको अवलोकन एवं निगरानीमा रहेको जनाएको छ । 'हाम्रो चिकित्सक टोलीद्वारा उपचार व्यवस्थापन भइरहेको छ', अस्पतालले उनको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै जारी गरेको विज्ञप्तिमा भनिएको छ।

**पूर्वमन्त्री खड्का पक्राउ**

नेपाली कांग्रेसका नेता एवं पूर्वमन्त्री दीपक खड्का पक्राउ परेका छन् । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)ले पूर्वमन्त्री खड्कालाई आइतबार बिहान पक्राउ गरेको हो। सीआईबीका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) शिवकुमार श्रेष्ठले सम्पत्ति शुद्धीकरण मुद्दाको अनुसन्धानका लागि पूर्वमन्त्री खड्कालाई नियन्त्रणमा लिएको जानकारी दिए। खड्कालाई जेनजी आन्दोलनका क्रममा उनको घरमा आगलागी गरिँदा पैसा भेटिएको सम्बन्धमा सीआईबीले अनुसन्धान अगाडि बढाएको हो।

यसैबीच प्रहरीले पूर्वऊर्जामन्त्री खड्कालाई ७ दिन हिरासतमा राख्न अनुमति पाएको छ । जिल्ला अदालत काठमाडौंले सात दिन हिरासतमा राख्न अनुमति दिएको सूचना अधिकारी दीपककुमार श्रेष्ठले बताए।

'दीपक खड्काको आज बयान कार्य सुरु भए पनि उनीविरुद्ध प्रमाणहरू बुझ्ने तथा बयान गराउने समेतका अनुसन्धान सम्बन्धी कार्यहरू बाँकी नै रहेकाले सो प्रयोजनका लागि प्रतिवादीलाई हिरासतमा राख्न सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले अनुमति माग गरेको र अनुमति माग गरेको बेहोरा मनासिव देखिँदा निजलाई हिरासतमा राखी उपयुक्त लेखिए बमोजिमको कार्यहरू सम्पन्न गर्ने प्रयोजनका लागि आइतबारदेखि लागू हुने गरी ७ दिनको म्याद थपको अनुमति प्रदान गरिदिएको छ,' अदालतको आदेशमा भनिएको छ।

## संक्षेपमा समाचार

### रुपन्देहीमा एक करोडको अवैध सामान बरामद

रुपन्देही (रासस)- रुपन्देही प्रहरीले जिल्लाका विभिन्न स्थानबाट जाँच गर्ने क्रममा एकै दिन १ करोडको अवैध सामान बरामद गरेको छ। जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले आइतबार अवैध रुपमा भन्सार छली चोरी पैठारी गरेको उक्त सामान बरामद गरेको हो।

बरामद गरिएका सामान र सवारीसाधन आवश्यक कारबाहीका लागि पशु क्वारेन्टाइन कार्यालय भैरहवा तथा भन्सार कार्यालय बेलहिया पठाइएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक कृष्णकुमार चन्दले जानकारी दिए। प्रहरीले बरामद गरेको सामानमा सुन काट्न प्रयोग हुने सामान, पित्तलको पाता, सुन, खरबुजा, केरा, अंगुर, हरियो तरकारी, चिनी, मटर दाना, विभिन्न किसिमका किराना सामान, बोइलर कुखुराको मासु, भारतीय नम्बर प्लेटको जिप, मोटरसाइकल, बोइलर कुखुरा, हरियो खुर्सानी, गम्छा, साइकल, धागो, युरियामललगायत रहेका छन्।

### प्रचण्ड नेकपा संसदीय दलको नेता चयन

काठमाडौं (कास)- नेपाली कम्युनिस्ट पार्टी (नेकपा) ले संसदीय दल नेता चयन गरेको छ। आइतबार पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा बसेको संसदीय दल बैठकले पार्टी संयोजकसमेत रहेका पुष्पकमल दाहाल प्रचण्डलाई सर्वसम्मत संसदीय दल नेता चयन गर्ने निर्णय गरेको हो।

सांसद युवराज दुलालले संयोजक प्रचण्डलाई सर्वसम्मत रूपमा संसदीय दल नेता चयन गर्ने निर्णय भएको जानकारी दिए। संसदीय दलका नेता प्रचण्डले उपनेता र प्रमुख सचेतक तोक्नेछन्। प्रतिनिधि सभा र राष्ट्रिय सभाका नवनिर्वाचित सांसदसहित पेरिसडाँडामा बैठक बसेको हो। फागुन २१ को निर्वाचनमा नेपाली कम्युनिस्ट पार्टीले प्रत्यक्षतर्फ ८ र समानुपातिक ९ गरेर १७ सिट ल्याएको छ।

### सभापति लामिछानेको मुद्दा पूर्ण सुनुवाइ हुने

काठमाडौं (कास)- राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछानेविरुद्धको संगठित अपराध र सम्पत्ति शुद्धीकरण कसुर संशोधन गरी फिर्ता लिने महान्यायाधिवक्ता कार्यालयको निर्णयविरुद्ध दायर रिट निवेदनमा पूर्ण इजलासमा सुनुवाइ हुने भएको छ। न्यायाधीशद्वय विनोद शर्मा र अब्दुल अजिज मुसलमानको संयुक्त इजलासले आइतबार पूर्ण इजलासमा सुनुवाइ हुने आदेश दिएको अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाले बताए।

मंगलबारदेखि सुनुवाइ सुरु भए पनि नसकिएपछि हेर्दाहेर्दैमा आजका लागि राखिएको थियो । न्यायाधीशद्वय सारंगा सुवेदी र सुनीलकुमार पोखरेलको संयुक्त इजलासले चैत ५ गते लामिछानेविरुद्ध सम्पत्ति शुद्धीकरण तथा संगठित अपराध मुद्दा फिर्ता लिने महान्यायाधिवक्ताको संशोधित निर्णय पेस गर्न आदेश गरेको थियो। साथै, आजका लागि पेसी तय भएको थियो। यसअघि सर्वोच्च अदालतका न्यायाधीशद्वय सपना प्रधान मल्ल र श्रीकान्त पौडेलको संयुक्त इजलासले उक्त निवेदनलाई नियमित सुनुवाइ गर्न चैत १ गतेका लागि पेस गर्न आदेश दिएको थियो । महान्यायाधिवक्ता सविता भण्डारी बरालले लामिछानेविरुद्ध अघिल्लो सरकारको पालामा लगाइएका सम्पत्ति शुद्धीकरण र संगठित अपराधका मुद्दा फिर्ता गर्ने निर्णय गरेकी थिइन्। उक्त निर्णयविरुद्ध युवराज पौडेल, वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी र अधिवक्ता आभास रेग्मीले सर्वोच्चमा छुट्टाछुट्टै रिट निवेदन दायर गरेका थिए।

### पोखरा महानगरको निःशुल्क स्वास्थ्य बिमा

पोखरा (कास)- पोखरा महानगरमा रहेका अति तथा मध्यम गरिब घरपरिवारलाई निःशुल्क स्वास्थ्य बिमा गरिने भएको छ। पोखरा महानगरले स्वास्थ्य बिमा बोर्ड, गण्डकी प्रदेशसँग बिमा सम्झौता गरेको हो । विपन्न नागरिकलाई स्वास्थ्य बिमा कार्यान्वयन कार्यविधि, २०८२, स्वास्थ्य बिमा ऐन र नियमावली बमोजिम यो कार्यक्रम सञ्चालन गर्न लागिएको महानगरको स्वास्थ्य महाशाखा प्रमुख भरतराज पौडेलले बताए। पोखरा महानगरका गरिब घरधुरी पहिचान तथा परिचय पत्र विवरणमार्फत भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट प्राप्त सूची बमोजिम २०८३ जेठ मसान्तसम्म लक्षित वर्गको स्वास्थ्य बिमा गरिने उनले जानकारी दिए। ५ जनासम्म सदस्य भएको प्रतिपरिवार.३ हजार ५०० र ५ जनाभन्दा बढी सदस्य भए प्रतिव्यक्ति थप सदस्य ७०० बिमाबापतको रकम पोखरा महानगरले बिमा बोर्डलाई उपलब्ध गराउनेछ।

### हिमालय चितुवाद्वारा विश्व कीर्तिमान

काठमाडौं (रासस)- बक्सर अविरल घिमिरेले 'केवानक्रस १८८ किक बक्सिङ च्याम्पियनसिप'को उपाधि चुम्न सफल भएका छन्। बक्सिङ खेल क्षेत्रमा 'हिमालय चितुवा'बाट विश्वपरिचित उनी 'के वान क्रस' को उपाधि दुईपटक चुमेर नयाँ विश्व कीर्तिमान कायम गर्ने पहिलो नेपाली खेलाडी बनेका छन्।

टोकियो सहरमा शनिबार भएको सो प्रतियोगितामा हिमालय चितुवाले जापानका प्रतिस्पर्धी रिकुलाई नकआउटमा पराजित गर्दै पुनःदोस्रोपटक 'टाइटल बेल्ट'को उपाधि रक्षा गरेका हुन् । 'के वान क्रस १८८ किक बक्सिङ च्याम्पियनसिप'लाई बक्सिङ खेल क्षेत्रको सर्वोच्च प्रतियोगिता मानिन्छ। हिमालय चितुवाका पिता एवं बक्सर देव घिमिरेले दिएको जानकारीअनुसार अविरलले उक्त प्रतियोगिताको तेस्रो राउन्डको दोस्रो मिनेटमा जापानी खेलाडी रिकुले नकआउट गर्न सफल भएका थिए। टोकियो नागोयास्थित विश्व प्रसिद्ध एवं प्रतिष्ठित 'हिट किक बक्सिङ क्लब'मार्फत हिमालय चितुवाले खेल्दै आएका छन्। हालसम्म उनीले तीनपटक हिट किकबक्सिङ तीनपटक टाइटल डिफेन्स गर्दै चारपटक हिट किक बक्सिङ टाइटल म्याच, अन्तर्राष्ट्रिय किक बक्सिङ एसोसिएसन (इस्का) टाइटल र केवान क्रस १७५ टाइटल जित हासिल गरिसकेका छन्।

### राइड सेयरिङका १७५ चालकलाई कारबाही

काठमाडौं (कास)- काठमाडौं उपत्यकामा बढ्दो ट्राफिक चाप, अव्यवस्थित सवारी सञ्चालन तथा नियम उल्लंघनलाई नियन्त्रण गर्ने उद्देश्यले ट्राफिक प्रहरीले सञ्चालन गरेको विशेष 'चेकिङ' अभियानअन्तर्गत 'राइड सेयरिङ' सेवामा संलग्न १७५ जना चालक कारबाहीमा परेका छन्। उपत्यकाका विभिन्न व्यस्त क्षेत्रमा गरिएको अनुगमनका क्रममा ती चालकले प्रचलित कानुन विपरीत सवारी सञ्चालन गरेको पाइएपछि कारबाही गरिएको उपत्यका ट्राफिक प्रहरीले कार्यालयले जनाएको छ । पछिल्लो समय उपत्यकामा राइड सेयरिङ सेवाको प्रयोग तीव्र रूपमा बढ्दै गएको र यससँगै अनधिकृत रूपमा सेवा सञ्चालन गर्ने, मापदण्ड पूरा नगरी यात्रु ओसारपसार गर्ने तथा ट्राफिक नियमको बेवास्ता गर्ने चालकलाई कारबाही गरिएको हो




## निक्कीद्वारा लगानी सहजीकरण निर्णयको स्वागत

Nepal-India Chamber of Commerce & Industry

काठमाडौं (कास)- नेपाल-भारत उद्योग वाणिज्य संघ (निक्की)ले सरकारले वैदेशिक लगानी आकर्षित गर्ने, व्यवसायमैत्री वातावरण निर्माण गर्ने र व्यवसाय सहजीकरणलाई प्राथमिकता दिने गरी सार्वजनिक गरेको १०० बुँदे शासकीय सुधारसम्बन्धी कार्यसूचीप्रति स्वागत गरेको छ।

संघले आइतबार विज्ञप्ति जारी गर्दै प्रधानमन्त्री बालेन शाह नेतृत्वको सरकारको पहिलो बैठकले गरेका निर्णयले नेपालमा लगानी वातावरण सुधार, प्रशासनिक झन्झट न्यूनीकरण र निजी क्षेत्रको विश्वास पुनर्स्थापनामा सकारात्मक सन्देश दिने जनाएको छ।

सरकारले उद्योग दर्ता, स्वीकृति तथा सञ्चालन प्रक्रियालाई सरल, छिटो र पारदर्शी बनाउने, एकल बिन्दु सेवा केन्द्रलाई प्रभावकारी बनाउने, लगानी बोर्डमार्फत 'वन डोर अप्रुभल सिस्टम' लागू गर्ने, व्यवसाय दर्ता तथा कर प्रक्रियालाई एकीकृत गर्ने, तथा सम्पूर्ण सेवा प्रणालीलाई डिजिटल र ट्र्याकिङयोग्य बनाउनेजस्ता उपाय अघि सारेको छ। साथै, निजी क्षेत्र संरक्षण तथा प्रवर्द्धन रणनीति कार्यान्वयनमार्फत लगानीमैत्री वातावरण सुदृढ गर्ने लक्ष्य पनि लिएको छ।

संघ अध्यक्ष सुनील केसीले सरकारको यो कदमले नेपालमा वैदेशिक लगानी भित्र्याउन महत्वपूर्ण आधार तयार गर्ने विश्वास व्यक्त गरे।

उनले विशेषगरी एकल बिन्दु सेवा प्रणाली, स्टार्टअप फास्टट्र्याक तथा व्यवसाय सञ्चालनमा देखिने प्रशासनिक अवरोध हटाउने कदम निजी क्षेत्रका लागि महत्वपूर्ण रहेको उल्लेख गरे।

यस्तै, संघअन्तर्गतको इन्डियन बिजनेस फोरमका सह-संयोजक सैबाल घोषले सरकारले अघि सारेको सुधार एजेन्डाले भारतीय लगानीकर्तासमेत आकर्षित गर्ने बताए। नेपालमा नयाँ लगानी तथा हाल सञ्चालनमा रहेका व्यवसायका लागि पनि निक्कीले लामो समयदेखि लगानी बोर्ड वा सम्बन्धित निकायमार्फत 'एकल बिन्दु सेवा प्रणाली' कार्यान्वयन गर्न वकालत गर्दै आएको स्मरण गर्दै घोषले डिजिटल शासन, पारदर्शी सेवा प्रणाली तथा परियोजना सहजीकरणसम्बन्धी कानुनी संरचनाले लगानीकर्ताको जोखिम घटाउनेमा जोड दिए।




## सडक आश्रित मानवमुक्त घोषणा गर्दै महानगर

काठमाडौं (कास)- काठमाडौं महानगरबाट करिब आठ वर्षको अवधिमा दुई हजार ९१९ जना सडक आश्रितको उद्धार गरिएको छ।

महानगरले २०७४ मंसिर १ गते मानव सेवा आश्रमसँग सम्झौता गरेर सडक आश्रित मानव व्यवस्थापनको काम सुरु गरेको थियो । आश्रमका अध्यक्ष रामजी अधिकारीका अनुसार यसरी उद्धार गरिएकामध्ये ३१५ जनाको मृत्यु भएको छ। सात सय १३ जनालाई पारिवारिक पुनर्मिलन र ३३६ जनालाई सामुदायिक पुनर्मिलन गराइएको जनाउँदै उनले उद्धार गरिएकामध्ये अहिले आश्रमको संरक्षणमा २६८ जना रहेका छन्।

महानगरले भौगोलिक क्षेत्रलाई सहयोगापेक्षी सडक आश्रित मानवमुक्त घोषणा गर्ने तयारीस्वरुप उक्त कार्य गरेको कार्यवाहक मेयर सुनिता डंगोलले जानकारी दिइन् । महानगर प्रहरी बलका प्रमुख विष्णुप्रसाद जोशीले सडकमा आश्रित सहयोगापेक्षीलाई उद्धार गरेर आश्रममा लैजाने क्रम




अहिले पनि जारी रहेको उल्लेख गर्नुभयो। कामपाले आश्रमलाई रु दुई करोड ८४ लाख ७३ हजार २३७ प्रदान गरिसकेको छ। उद्धार कार्यका लागि आवश्यक पर्ने एउटा सवारीसाधन उपलब्ध गराएको उनले जानकारी दिए। सहयोगापेक्षीको पहिचान, सिफारिस र व्यवस्थापनमा समन्वय गर्ने काम पनि भइरहेको आश्रमका अध्यक्ष अधिकारीले बताए।

### सदस्य पहिचान विवरण (Know Your Member- KYM) अद्यावधिक गर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८२/१२/१६ कारोबार राष्ट्रिय दैनिक)

सम्पत्ति शुद्धिकरण निवारण ऐन २०६४ को दफा ७ (क) नियमावली २०८१ को नियम ४ र ५, सहकारी विभागबाट जारी निर्देशन र प्रचलित कानुन बमोजिम सदस्य पहिचान विवरण अद्यावधिक नगरेका सदस्य महानुभावहरुसँग कारोबार जारी राख्न कानुनी जटिलता देखिएको छ। सोहि सन्दर्भमा संस्थाको निर्णय अनुसार संस्थामा आबद्ध सम्पुर्ण सदस्य महानुभावहरुले अनिवार्य रुपमा आफ्नो सदस्य पहिचान विवरण (KYM) अद्यावधिक गर्नुपर्नेमा केहि सदस्य महानुभावहरुको अद्यावधिक नभएको पाईएको हुँदा आजको मितिले ३५ दिन भित्रमा अद्यावधिक गर्नुहुन यसै सुचनासाथ अनुरोध गरिन्छ। तोकिएको समय सिमा भित्रमा विवरण अद्यावधिक नभएको खण्डमा सञ्चालक समितिको निर्णय बमोजिम सदस्यता खारेज गरिनेछ र उक्त शेयर तथा बचत खातामा रहेको रकमलाई क्रमशः शेयर लाभांशमा दाबी नलाग्ने र बचतमा व्याज दाबी नलाग्ने गरि मुल्तबी खातामा राखिने व्यहोरा समेत यसै सुचना मार्फत् जानकारी गराईन्छ साथै मुल्तबीमा रहेका सदस्यहरुले संस्थामा पुनः नियमित कारोबार सहित सक्रिय सहभागिताको लागि शेयर सदस्यता कायम गरिदिन वा भुक्तानी पाउँ भनि निवेदन दिएका बखत सञ्चालक समितिको निर्णय बमोजिम हुने व्यहोरा समेत जानकारी गराईन्छ। धन्यवाद !

(नेपाल सरकार, सहकारी ऐन २०४८ बमोजिम स्वीकृति प्राप्त) दर्ता नं. ४५५५/०७३/७४

**एकीकरण बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**

**Ekikaran Multipurpose Co-operative Ltd.**

का.म.न.पा.-६, माहांकाल । सम्पर्क : ०१-४१६४२२३, ९८४९१५१४३८

E-mail: ekikaranmultipurpose@gmail.com

### ऋण चुक्ता तथा बक्यौता रकम भुक्तानी गर्ने सम्बन्धमा अत्यन्त जरूरी सूचना

(प्रथम पटक प्रकाशित मिति :- २०८२/१२/१६ (कारोबार राष्ट्रिय दैनिक)

एकीकरण बहुउद्देश्यीय सहकारी संस्था लि. मा ऋण कारोबार गरी ऋणको किस्ता नियमित नबुझाएका तथा भाखा नाघेका ऋणी सदस्यहरुलाई संस्थाबाट लिखित तथा मौखिक रुपमा पटक पटक तरताकेता गर्दा पनि ऋणको किस्ता नियमित नगरेको तथा ऋण नबुझाई आलटाल गरेको पाईएको हुँदा यो सुचना प्रकाशित गरिएको छ। यसर्थ यस सुचना प्रकाशित मितिले ३५ (पैतीस) दिन भित्रमा अनिवार्य रुपमा आफ्नो ऋणको बक्यौता रकम तथा भाखा नाघेको ऋणको सावाँ, ब्याज र हर्जना बुझाई ऋण चुक्ता गर्नुहुन निर्देशित गरिन्छ । अन्यथा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ र अन्य प्रचलित कानुन बमोजिम रहने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ। यसबाट तपाईको ईज्जत र प्रतिष्ठामा असर पर्न गएमा संस्था जिम्मेवार नरहने साथै व्यक्तिगत धनजमानत दिएका सदस्यहरुले समयमै किस्ता बुझाए नबुझाएको सम्बन्धमा जानकारी लिई भाखा नाघेको भएमा यथासिघ्र ऋण चुक्ता गर्नका लागि आवश्यक पहल गर्नुहुन समेत सुचित गरिन्छ। धन्यवाद !

(नेपाल सरकार, सहकारी ऐन २०४८ बमोजिम स्वीकृति प्राप्त) दर्ता नं. ४५५५/०७३/७४

**एकीकरण बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**

**Ekikaran Multipurpose Co-operative Ltd.**

का.म.न.पा.-६, माहांकाल । सम्पर्क : ०१-४१६४२२३, ९८४९१५१४३८

E-mail: ekikaranmultipurpose@gmail.com

टीबीआई पब्लिकेसन्स लिमिटेड, ४९२ मध्यमार्ग, बुद्धनगर -१० काठमाडौं । द. नं. ५६/०६६/०६७ । फोन : ०१-४७९५०००, पोस्ट बक्स नं. १०४०७ । इमेल : editor@karobardaily.com । मुद्रक : एक्सप्रेस कलर प्रेस प्रालि बुद्धनगर । गो.हु.का.द.नं. २/०८०/०८१ । अध्यक्ष : भवन भट्ट । उपाध्यक्ष : शिशीर भट्ट । प्रबन्ध निर्देशक : प्रकाश अधिकारी । प्रधान सम्पादक : बालकृष्ण ज्ञवाली
TBI Publications Limited, 492 Madhyamarga, Buddhanagar - 10 Kathmandu | Regd. 56/066/067 | Tel. : +97714795000 | P.O. Box: 10407 | Printed at : Express Colour Press | Chairman : Bhaban Bhatta | Vice Chairman : Shisheer Bhatta | Managing Director : Prakash Adhikari | Editor in Chief : Balkrishna Gnawali